# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १७ भदौ २०७९

# शुक्रवार

# बैठक सङ्ख्या- ५२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:५९ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठक कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, माननीय गृह मन्त्री बालकृष्ण खाँणले गत बैठकमा पेस गर्नुभएको सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम जारी रहन्छ । अब म छलफलमा भाग लिन नाम उपलब्ध गराउनुभएका माननीय सदस्यहरूलाई छलफलमा भाग लिन क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय खिम लाल भट्टराई ।

**मानननीय श्री खिम लाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नागरिकता विधेयकको विषयमा छलफल गर्दै छौं । यसमा पनि खास गरी राष्ट्रपतिज्यूले सन्देशसहित फिर्ता पठाएको नागरिकताको विभिन्न विषयहरूको बारेमा चाहिँ हामी छलफलमा छौं । यसै सन्दर्भमा यस राष्ट्रिय सभामा हिजो बोल्ने वक्ताहरूले चाहिँ धेरै विषयमा चाहिँ चर्चा गरिसक्नुभएको छ । त्यसकारणले तिनै विषयहरूमा धेरै पिठो पिसाइ गरिरहन जरुरी मैले देखेको छैन । सन्दर्भिक रूपमा नै माननीयज्यूहरूले विषय उठाउनुभएको छ । र मैले नेपाल सरकार सत्तापक्ष कसरी चल्न खोजिराखेको छ । यसका व्यवहारहरूले यो हामीले धेरै ठुलो सङ्घर्षबाट प्राप्त गरेको लोकतन्त्रलाई, गणतन्त्रलाई बलियो बनाउँदै छ कि यसले कमजोर बनाउँदै छ । आज चाहिँ गम्भीर रूपमा यो विषय चाहिँ अगाडि आइराखेको छ ।

र मेरो बुझाइमा यदि राजनीतिक संस्थाहरू कमजोर हुँदै गयो भने व्यवस्था कमजोर हुन्छ । राजनीतिक संस्थाहरू चाहिँ कमजोर हुँदै गए भनेदेखि चाहिँ हाम्रो परिवर्तनले स्थापित गरेका परिवर्तनको उपलब्धिहरूको रूपमा रहेका गणतन्त्र, लोकतन्त्र, सङ्घीयता यी सबै विषयवस्तुहरू चाहिँ हाम्रा उपलब्धिहरू कमजोर हुँदै जान्छन् । र आज सत्तापक्षले सरकारको व्यवहारले चाहिँ त्यतातिर लग्दै छ भन्ने चाहिँ मैले देखिराखेको छु । यसकारणले चिन्ताजनक स्थिति पो बन्दै छ भन्ने लाग्दै छ । अब यो राष्ट्रपतिलाई हामीले कसरी हेर्छौं पछि मान्त्रीज्यूले जवाफ दिनुहोला । यो राष्ट्रपति यो संस्था हो कि ? यो व्यक्ति हो कि ? संस्थाको रूपमा हेरिन्छ कि ? व्यक्तिको रूपमा हेरिन्छ ? यो चाहिँ प्रश्न महत्त्वपूर्ण रूपमा चाहिँ उपस्थित भएको जस्तो देख्छु मैले । मेरो विचारमा राष्ट्रपति देशको एउटा सर्वोच्च संस्था हो । गणतन्त्रको प्रतीक हो र राजनीतिक प्रतिद्वन्द्विताभन्दा माथिको संस्था हो यो । र यो स्वरूपमा व्यक्ति भए पनि सारमा चाहिँ यो एउटा संस्थाको रूपमा चाहिँ रहेको हुन्छ । र अब आजको सत्तापक्षले यो गठबन्धनले सरकारले राष्ट्रपतिलाई संस्थाको रूपमा व्यवहार गरिराखेको छ कि छैन ? र मैले हेर्दा संस्थाको रूपमा व्यवहार गरेको देखिराखेको छैन । पछिल्लोपटक यो राष्ट्रपतिज्यूले असध्यै संवेदनशील भएर खास गरी यो नागरिकताको विषयमा जुन प्रश्न उठाउनुभयो जुन सन्देशको रूपमा चाहिँ प्रतिनिधि सभा जहाँबाट यो नागरिकता ऐन उत्पत्ति भएको थियो । त्यहीँ ठाउँमा विधेयक उत्पत्ति भ'को ठाउँमा उहाँले पठाउनुभो । सङ्घीय संसदलाई सम्बोधन गरेर त्यसपछि जस्तो खालको व्यवहार सत्तापक्षले

देखायो । यो चाहिँ असाध्यै गैरजिम्मेवार सत्ता गठबन्धनका नेताहरू, सरकार, प्रधानमन्त्री, प्रतिनिधि सभाको सभामुख । वाहाँले जुन ढङ्गको व्यवहार देखाउनुभो' यसले चाहिँ राष्ट्रपतिलाई संस्थाको रूपमा मानेको देखिएन । र अब यस्तो गर्न पाइन्छ कि पाइदैनँ ? यो पनि प्रश्न छ । गठबन्धनका नेताहरू छुट्टै बसेर छलफल हुनुपर्ने छ संसदमा । यसको आधिकारिक ठाउँ भनेको संसद हो । गठबन्धनका नेताहरू छुट्टै बसेर निर्णय गरेर संसदलाई डिक्टेक गर्न पाइन्छ कि पाइदैनँ ? मेरो विचारमा यो पाइदैनँ । तर वाहाँहरू छुट्टै बसेर संसदलाई डिक्टेक गर्ने काम गर्नुभो' र यो गलत र अवैधानिक काम भयो । म यसप्रति दुःख व्यक्त गर्न चाहन्छु- सबैभन्दा पहिलोपटक ।

र अर्को कुरा गठबन्धनको निर्णय गठबन्धनको डिक्टेसनलाई हुबहु कार्यान्वयन गर्ने प्रतिनिधि सभा । त्यसको सभामुख यो सभामुखको भूमिका के हुन्छ ? संसदको गरिमा बढाउनको लागि संसदको महत्त्व र महिमालाई बढाउनको लागि सभामुखको भूमिका हुन्छ कि हुँदैन ? सभामुख स्वयम् पनि बहुदलीय व्यवस्थामा एउटा संस्थाको रूपमा रहेको हुन्छ । जसरी राष्ट्रपति संस्थाको रूपमा रहेको हुन्छ । त्यसै गरी त्यसले पनि एउटा संस्थागत भूमिका निर्वाह गर्नुपर्ने हो । आज दुःखको साथ भन्नुपर्छ । त्यो एउटा रोबट जस्तो कतैबाट रिमोटले चलाएर चल्ने जस्तो रोबट जस्तो चाहिँ त्यो संस्था आज परिणत भयो कि ? जसले गर्दाखेरि आज संसदको गरिमा र यसको महत्त्व, महिमा खाटिराखेको छ । जहाँ जसले संसदलाई कोडिनेसन गर्नुपर्ने हो । समन्वय गर्नुपर्ने हो । विषयवस्तुलाई एउटा सहमातिको साथमा अगाडि बढाउने कोसिस गर्नुपर्ने हो । त्यो हुन्छ कि हुँदैन ? सदनभित्र सत्तापक्ष र प्रतिपक्ष हुन्छ । कहिलेकाहीँ कोसिस गर्दाखेरि पनि नहुन सक्छ । तर सभामुखको दायित्व हुन्छ । समन्वय गर्ने । राष्ट्रिय सभाको सन्दर्भमा अध्यक्षको दायित्व हुन्छ । समन्वय गर्ने विषयवस्तुलाई छलफलमा लैजाने । विमर्शमा लैजाने । त्यो दायित्व हुन्छ । त्यो दायित्व पूरा भयो कि भएन ? मैले प्रतिनिधि सभाको सभामुखको भूमिका हेर्दाखेरि त्यस्तो भएन । संस्थागत रूपले चलेको देखिएन । दम्भ छ । अहङ्कार छ । भित्रपट्टि दम्भ छ, अहङ्कार छ । सत्तापक्षको नेताहरूमा । अब हामी दीर्घजीवी भयौं । अब यसलाई चाहिँ यो हाम्रो सत्तालाई कसैले डगमगाउन सक्दैन भने जस्तो गरेर अब त हामी अजम्बरी भयौं । यो चलिरहन्छ । यो हाम्रो सरकार किनभने हामी गठबन्धनप्रति जति चिन्तनशील छौं । यो गठबन्धनलाई भत्काउन कसैले सक्दैन भन्ने हिसाबले वा हामी

जसरी भए पनि गठबन्धनलाई जोगाउछौं भन्ने हिसाबले वाहाँहरू लागिराखेको हुनाले । वाहाँहरूमा एउटा दम्भ छ । अहङ्कार छ । र त्यो अहङ्कार व्यवहारमा प्रकट भैराखेको छ आज । वाहाँहरूको दिमागमा अहङ्कार, दम्भ छ । छाती सागुरो, सागुरो, सागुरो बनाउँदै लिएर गएर । वाहाँहरूले छातीलाई चाहिँ चिकन हटेट बनाइदिनुभा' छ । असाध्यै सागुरो छाती र दिमागमा दम्भ र अहङ्कार भनेपछि व्यवस्था कस्तो हुन्छ ? शासन कस्तो चल्ला ? हामी अनुमान गर्न सक्छौं । आज चाहिँ त्यसको एउटा पेटको रूपमा संसदको सभामुख हुनु यो दुःखको कुरा हो । मैले के सोचेको थिएँ भन्दाखेरि चाहिँ यो विषय जब फिर्ता भएर आएको छ भने यो विषयको बारेमा प्रतिनिधि सभामा धेरै गम्भीर रूपमा छलफल हुन्छ भन्ने मैले सोच्या थिएँ । सरकारले, मन्त्रीज्यूले, यसलाई छलफलमा लैजानुहुन्छ । सरकारले पनि लैजान्छ । प्रधानमन्त्री स्वयमले पनि यसलाई छलफल गराएर सहमाति असहमाति आफ्नो होला आफ्नो एउटा प्रस्ताव हुन सक्छ सरकारको तर्फबाट सत्तापक्षको तर्फबाट तर चाहिँ यो विषय छलफलमा जान्छ भन्ने मैले सोच्या थिएँ । सरकारभित्र कहिलेकाहीं अहङ्कार देखियो भने पनि संसदभित्र सभामुखले चाहिँ त्यो गर्नुहुन्छ भन्ने ठान्या थिएँ । तर त्यो भएन जस्ताको तस्तै पास हुन्छ । कुनै त्यसको अक्षर नहेरीकन । त्यसको भाव नबुझीकन । त्यसको अध्ययन पनि नगरीकन । जस्ताको तस्तै पास हुन्छ भन्ने ढङ्गले जसरी सत्ता गठबन्धनको नेताहरूले पास गर्नुभो' निर्णय गर्नुभो' । त्यसको डिक्टेसन चाहिँ लागु गर्ने काममा चाहिँ प्रतिनिधि सभा लाग्यो । प्रतिनिधि सभाको सत्तापक्ष चाहिँ त्यस हिसाबले लाग्यो । यो एउटा चाहिँ दुर्भाग्यको स्थिति हो । यसले फेरि पनि के गर्यो भन्दाखेरि राष्ट्रपतिलाई त कमजोर बनाउने कोसिस गर्यो गर्यो त्यो एउटा संस्थालाई । स्वयम् संसदलाई पनि कमजोर बनाउने काम गर्यो । त्यसकारणले गर्दाखेरि यो परिवर्तन यो बहुदलीय व्यवस्थाको इन्स्टिच्युसनहरूलाई कमजोर बनाउने जुन काम भयो, भैरा' छ । यो चाहिँ दुःखदायी कुरा छ । मैले यस रूपमा त राख्न चाहन्छु ।

र अर्को कुरा । अब विषयवस्तुहरू उठिराख्या छ । कुरा राख्दाखेरि पोलिटिकल्ल जस्तो हुने भो' । हामीले छलफल गर्नुपर्ने छ नागरिकतामा तर पोलिटिकल जस्तो हुने भो' । केपी ओली सरकारले अध्यादेश ल्याएको अध्यादेश तुरुन्त प्रमाणीकरण गर्ने । यो विधेयकलाई किन नगरेको ? भन्ने ढङ्गले प्रश्न उठाइयो । यस्तो प्रश्न एउटा लेम्यान जनताले त उठाउन मिल्ला तर संसदमा पढे लेखेको, जानेको, बुझेको संविधान बनाएको । संविधान

लेखेको भन्ने सांसदले यस्तो कुरा उठाउन मिल्छ कि मिल्दैनँ ? संविधान सभाले कस्तो संविधान बनायो । त्यो संविधानमा राष्ट्रपतिका अधिकारहरू के छन् । के प्रावधानहरू छन् । त्यो कुरा हामी बुझ्न सक्छौं कि सक्दैन ? अध्यादेशलाई राष्ट्रपतिले अध्यादेशको पुनरावलोकन गर्ने अधिकार राख्नुहुन्छ ? फिर्ता पठाउने अधिकार राष्ट्रपतिले राख्छ ? त्यसको समीक्षा गर्ने अधिकार राष्ट्रपतिले राख्छ ? हामीले संविधानमा त्यो व्यवस्था गरेका छौं ? संविधानले त्यो भन्छ ? संविधानले नभनेको कुरा संविधानले नदिएको अधिकार यो चाहिँ राष्ट्रपतिले किन प्रयोग नगरेको । किन चाहिँ यो अध्यादेशलाई चाहिँ भटाभट पास गरेको अनि यो चाहिँ यो ऐनलाई यो विधेयकलाई किन चाहिँ पास गरेर नपठा'को भन्ने ढङ्गले चाहिँ प्रश्न उठाउन मिल्छ कि मिल्दैन ? मेरो विचारमा साधारण एउटा जनताले त उठाउन मिल्ला । तर हामीले संविधान लेखेको, हामीले संविधान पढेको, हामी पढे लेखेका मान्छेहरू, हामी सांसदहरू जसले कानुन बनाउछौं । हामीले चाहिँ यस्तो कुरा उठाउन मिल्छ भन्ने मलाई लाग्दैन । र मैले यस्तो कुरा उठाएर आफ्नो वेट गिराउने काम चाहिँ नगरौं भनेर म अनुरोध गर्न चाहन्छु ।

अर्को कुरा राष्ट्रपतिले किन मान्छेहरू भेटेको ? राष्ट्रपतिको सल्लाहकार भनेको त । प्रमुख सल्लाहकार भनेको त प्रधानमन्त्री हुन्छ । यो सही कुरा हो । प्रधानमन्त्री राष्ट्रपतिका लागि मुख्य सल्लाहकारको रूपमा हुनुहुन्छ । तर राष्ट्रपतिले सम्भवतः अरू कुनै पक्षसँग भेटघाट गर्न पाउँदैन । के हामीले व्यवहारमा यस्तै गर्ने गर्या छौं ? के हामीले बनाएको संविधान, हामीले बनाएको राष्ट्रपति त्यो संस्था त्यस्तै हो ? अनि राष्ट्रपतिलाई किन हामीले नेपाली सेनाको परमाधिपति बनाएको ? परमाधिपति बनाइसकेपछि त्यस संवद्ध मानिसहरूले भेट्ने कुरा त्यति अनौठो कुरा हो ? त्यति चाहिँ भेट्नै नहुने कुरा हो ? अनि हामी आत्तिनुपर्छ । मलाई के लाग्छ भने । मनमा पाप भएपछि डर लाग्छ । मनमा पाप छ अनि डर लाग्यो अरू केही पनि होइन । मनमा पाप छैन भनदेखि त्यस्तो अनौठो सोच्नुपर्ने । अन्यथा सोच्नुपर्ने कुरा हुँदैन । भूत मनमा राख्नुपर्ने कुनै जरुरी हुँदैन । त्यो मैले स्वाभाविक रूपमा लिन्छु । किनभने हामीले संविधानमा जो व्यवस्था गरिराखेका छौं । त्यो संविधानको कार्यान्वयन भैराखेको बेलामा हामी तर्सिनुपर्छ भन्ने चाहिँ म ठान्दिनँ ।

अर्को कुरा भाषाको बारेमा, जातिको बारेमा, समुदायको बारेमा, संस्कृतिको बारेमा हाम्रो देश बहुसंस्कृतिक हो । बहुभाषिक हो । बहुधार्मिक हो । बहुलता हाम्रो देशको

विशेषता हो । यो सचाइ हो । कुन चाहिँ वामपन्थी नेताले कुन चाहिँ वामपन्थी प्रधानमन्त्रीले भन्नुभो' । मलाई थाहा छैन । यो जातिसँग, भाषासँग, संस्कृतिसँग धेरै खेल्नुहुँदैन । धेरै खेल्नुहुँदैन । थोरै खेल्नुहुन्छ । धेरै खेल्नुहुँदैन म भन्छु धेरै खेल्नुहुँदैन होइन । थोरै पनि खेल्नुहुँदैन । कसले भन्नुभो' खोल्नुहुन्छ भनेर । यो चाहिँ धेरै खेल्नुहुँदैन । थोरै खेल्नुहुन्छ भने जस्तो ढङ्गले कोही नेताले भन्नुभएको हो भने भन्नुभएको होइन भने ठिकै छ । तर भन्नुभएको हो भनेदेखि त्यो पनि गलत हो । थोरै खेल्नु पनि हुँदैन । यो खेल्ने विषय नै होइन। यो भाषाको संरक्षण गर्ने कुरा हो । भाषाको अधिकारलाई स्थापित गर्ने कुरा हो । यसलाई संवर्धन गरेर अगाडि लैजाने कुरा हो । जातिको भाषामा समुदायको बारेमा सम्प्रदायको बारेमा; संस्कृतिको बारेमा, यो यावत् बहुलताका हाम्रा विशेषताहरू जे छन् । हामी त्यस हिसाबले अगाडि बढ्नुपर्ने हुन्छ । यसमा चाहिँ धेरै र थोरैको प्रश्न आउँछ भन्ने मलाई लाग्दैन ।

अर्को कुरा यो नागरिकताको विषयमा । यो नागरिकताको विषय संवेदनशील हो । यो गम्भीर विषय हो । हाम्रो जस्तो देशको लागि चाहिँ यो अझै बढी गम्भीर विषय हो भन्ने कुरामा त हामी सबै सहमत छौं होला ? मेरो विचारमा कोही पनि यहाँ असहमत छैनौं होला । एउटा औपचारिकताको रूपमा बोल्ने बेलामा हामी के बोल्छौं ? त्यो फरक कुरा होला । तर नागरिकता हाम्रो देशको लागि संवेदनशील छ । कि ? किन छ भन्दाखेरि आज हाम्रो देशको भूराजनीतिक अवस्था जे छ । त्यो कारणले पनि हाम्रो देशको नागरिकताको सवाल यो राष्ट्रियतासँग जोडिन्छ । र यो विषय संवेदनशील बन्छ । यो कुरामा त हामी सहमत छौं होला हामी सबै । तर आज चाहिँ जसरी यो विषयलाई उछाल्ने कोसिस गरिया छ नि । उछाल्ने  कोसिस कोबाट भैरा' छ ? यो प्रतिपक्षबाट भैरा' छ । यहाँ चाहिँ प्रतिपक्षबाट यस्तो भयो । यस्तो भैरा' छ भन्ने पार्ने कोसिस भैरा' छ । प्रतिपक्षले के भनेको छ । हामीले जम्माजम्मी भनेको यो चाहिँ एउटा अवधि अङ्गीकृत नागरिकताका लागि एउटा अवधि तोकेर जाँऊ । एउटा अवधि राखेरै जानुपर्छ किन ? किन हामीले अलिकति विश्लेषण गरौं न । भारत जस्तो देश जो भूगोलको हिसाबले नेपालसँग तीनतिरबाट चाहिने जोडिन्छ । भारतका लागि त्यति धेरै संवेदनशील विषय होइन होला यो नागरिकताको विषय । त्यति धेरै राष्ट्रियतासँग जोडिएको विषय होइन होला तर भारत कुनै विदेशी महिलासँग चाहिँ भारतीय नागरिकले विवाह गर्यो भनेदेखि उसले सात वर्षको प्रावधान किन

राखेहोला ? नराखेको भए पनि हुन्थ्यो नि हामीले जस्तै । उसले किन राखेको होला ? एकचोटि सोचौं त । र त्यहाँको प्रधानमन्त्रीले आज भन्दै हुनुहुन्छ । तिमीहरूलाई राजनीतिक र प्रशासनिक अधिकार दिनुहुँदैन भनेर । अनलाइनहरूमा, टेलिभिजनहरूमा हामी सुनिरा' छौं । किन भनेको होला ? भारतका लागि त्यो त्यति चाहिँ राष्ट्रियतासँग जोडिन्छ । त्यति महत्त्वपूर्ण छ । र अरू देशहरूले पनि कसैले पाँच वर्ष राखेको छ । कसैले दस वर्ष राखेको छ । कसैले दुई वर्ष राखेको छ । यो किन राखेको होला ? हामी सोचौं त ? अनि हामी चाहिँ के हौं र ? हामी स्वाट्टै चाहिने हामी नागरिकता दिन खोज्छौं । वा हामीले अवधि राखौं भन्दाखेरि निश्चित अवधि राखौं भन्दाखेरि हाम्रा बुहारीहरूका लागि हामीले पनि निश्चित अवधि राखौं जसरी अरूले राखेका छन् । हाम्रा छोरीहरूलाई हामीले तीरले घोचे जस्तो त हाम्रा छोरीहरू अन्यायमा पर्दाखेरि हुनुपर्ने हो नि हामीलाई बाण हाने जस्तो त । हाम्रा छोरीहरू अब बुहारी समान नहुँदाखेरि हुनुपर्ने हो । तर यो किन उल्टो भैरा' छ । म त छक्क परिरा' छु । यो त उल्टो भएन र ? हाम्रा छोरीहरूले नागरिकता पाउनको लागि सात वर्ष कुर्नुपर्छ भारतमा जाँदाखेरि अरू देशमा जाँदाखेरि चाहिँ कुनै देशमा दस वर्ष कुर्नुपर्छ र कुनै देशले त दिँदै दिँदैन । त्यस्तो स्थिति चाहिँ हामीले बेहोर्नुपर्छ भने हामीले समान बनाऊँ । कम्तीमा पनि भारतसँग समान बनाऊँ । बुहारी र छोरीको अवस्थालाई भन्दाखेरि बाण हाने जस्तो भयो । के भनेको यो ? यो कुन समुदायको हामीले कुरा गरिरा' छौं ? कुन चाहिँ संस्कृतिको कुरा गरिरा' छौं ? कुन सम्प्रदायको कुरा गरिरा' छौं ? यो त भड्काब भएन र ? यो त छोरीमाथिको अन्यायको कुरा भएन र ? त्यसकारणले हामीले एकदमै स्पष्ट रूपमा यो अवधि राख्नुपर्छ भन्नुको अर्थ हाम्रा छोरी, हाम्रा बुहारी समान अवस्थामा हामीले हेरौं । बुहारीलाई हामी सम्मान गर्छौं । किन हामी अपमान गर्छौं ? उनीहरूलाई सम्मान गर्ने कुरामा उनीहरूको महिमा मण्डित गर्ने कुरामा हामी किन कमजोर हुन्छौं ? हामी नेपाली त अरूलाई सम्मान गर्न जान्ने जाति हो । त्यसकारणले यस्तो कुरा चाहिँ यस्तो यो भम्र फैलाउने ढङ्गको । यो पेचिलो ढङ्गले बोलेर अनि चाहिँ एउटा भ्रम सृजना गर्ने र वातावरणलाई धमिलो बनाउने । यस्तो कुराले चाहिँ हामी जुन राजनीतिमा छौं आज । यसलाई त सबल बनाएरअगाडि लैजानुपर्ने परिस्थिति छ आज । त्यसकारणले यसको सबलीकरणमा यस्तो कुरा उछाल्दाखेरि चाहिँ यो समस्या पैदा हुन्छ । त्यसकारणले यस्तो नगरौं भनेर म अनुरोध गर्न चाहन्छु । यो यसरी बोल्ने यसरी चाहिँ एउटा विचार प्रस्तुतिको यो ढङ्गको तरिका चाहिँ ठिक हो भन्ने मलाई लाग्दैन ।

र अर्को कुरा यो राष्ट्रवादको बारेमा । यो हामी सबै संवेदनशील हुनुपर्ने विषय हो यो । कुनै सत्तापक्ष र प्रतिपक्षको कुरै होइन यो हामी सबै मिलेर गरेको होइन ? लिम्पियाधुरा, लिपुलेक, कालापानी हामी सबै मिलेर नक्सा बनाएको होइन ? हामी सबै मिलेर यो नेपाली धर्ती हो । यसलाई फिर्ता गर्नुपर्छ भनेको होइन । सिकौं न हामीले । हामी चाहिँ एकचोटि एउटा व्यवहार गर्ने । त्यसपछाडि त्यसलाई छोडदिने होइन । हामीले एउटा निरन्तरता राष्ट्रियताको मामिलामा हामी सबै एक मुख हौं न । खुट्टा टेक्न सिकौं हामी । राष्ट्रियताको मामिलामा एउटा अडान बनाउन सकौं । एउटा सिङ्गल अडान बनाएर हिंड्न सकौं न सत्तापक्ष प्रतिपक्ष त्यो ढङ्गले हामी व्यवहार गर्नुपर्यो । एमालेको राष्ट्रवाद प्रगतिशील राष्ट्रवाद जनताले बुझ्न गाह्रो होला । प्रगतिशील राष्ट्रवाद भनेको के हो ? अर्को राष्ट्रवाद भनेको के हो ? कति थरी राष्ट्रवाद छ नेपालमा बुझ्न गाह्रो पर्ला तर एउटा कुरा के हो भन्दाखेरि हाम्रो कुनै बुझिन नसक्ने । देख्न नसकिने । व्यवहारमा हेर्ने नसकिने राष्ट्रवाद एमालेको राष्ट्रवाद होइन । यो व्यवहारमा प्रकट भैरहेको राष्ट्रवाद हो । यसमा सबै जनास्पष्ट भैहाल्छ । नेपाल राष्ट्र र नेपाली जनताको हितको रक्षा नै एमालेको राष्ट्रवाद हो भन्ने कुरामा कुनै द्विविधा छ र ? जनताले त बुझिसकेको कुरा हो यो । एमालेको राष्ट्रवाद भनेको नेपाल राष्ट्रको हित हो । नेपाली जनताको हित हो । एमालेको राष्ट्रवाद अझै स्पष्ट हुने हो भनेदेखि चाहिँ कालापानीबाट भारतीय फौज हट्ने हो । एमालेको राष्ट्रवाद । लिम्पियाधुरा, लुपिलेक, कालापानी त्यहाँ भारतले मिचेको म स्पष्ट रूपमा भन्ने चाहन्छु । भारतीय पक्षबाट मिचिएको जमिन फिर्ता गर्ने एमालेको राष्ट्रवाद हो । यही हो राष्ट्रवाद । हाम्रो राष्ट्रवाद स्पष्ट छ ।

सन् १९५० को असमान सन्धि त्यो सन्धिको पुनरावलोकन हुनुपर्छ । २१ औं शताब्दीको सुहाउँदो समानतामा आधारित त्यसको चाहिँ पुनरावलोकन हुनुपर्छ र त्यो सन्धिलाई त्यस हिसाबले परिवर्तन गरिनुपर्दछ भन्ने राष्ट्रवाद एमालेको राष्ट्रवाद हो । यसमा कुनै दुवैधा छैन । हामी कुनै विदेशीको दलाली गरेर सिर निहुराएर, लम्पसार परेर उनीहरूको सजिलोको लागि कम्फर्टेबल भैदिने राष्ट्रवाद नेकपा एमालेको राष्ट्रवाद होइन । म स्पष्ट रूपमा भन्न चाहन्छु । दलाली गर्ने राष्ट्रवाद पदका लागि विदेशी भूमिमा गएर बैठक गर्ने । त्यहाँबाट पदको बाँडफाट गरेर फर्किने राष्ट्रवाद एमालेको राष्ट्रवाद हुन सक्दैन र होइन । यसको बुझाइमा कहीं बुझ्न बाँकी छ भनेदेखि बुझ्न बाँकी हुनेहरूले जनताले त

बुझिसकेको कुरा छ । नेता हुँ, सांसद हुँ, मन्त्री हुँ सरकार चलाइरा' छु भन्नेहरूले चाहिँ यो कुरा राम्री बुझ्दा भैहाल्छ ।

अर्को कुरा सम्माननीय राष्ट्रपतिज्यूले जुन विषयहरू उठाउनुभा' छ । विषयमा छलफलमा जाँदाखेरि । प्रत्येक विषय; प्रत्येक बुँदा पन्ध्रओटा बुँदा मात्र छ । प्रत्येक बुँदामा केही विषयहरू असहमत हुन विषय छन् ? सत्तापक्ष असहमत हुन्छ ? सरकार असहमत हुन्छ ? हामीले यही सुनिरा' छौं । प्रादेशिक पहिचान त यो राख्नुपर्ने विषय हो । यो छुटेकै हो भनेर भन्नुभा' छ । छुटेकै हो भनेदेखि ऐनमा राखेर जाऊँ न । प्रतिनिधि सभामा त छलफल गर्नुभएन दम्भ देखाउनुभो' अहङ्कार देखाउनुभो' । अब राष्ट्रिय सभाबाट यो ऐनमा समावेश गरेर जाऊँ केही इज्जत घट्दैन । यसले इज्जत बढ्छ । प्रदेशको पहिचान त चाहियो नि पहिला पनि त हामीले लेख्ने गर्थ्यौं नागरिकतामा । कुन अञ्चलको कुन जिल्लाको कुन गा.वि.स. को यो लेख्ने गऱ्या होइन ? अनि अहिले प्रदेशको प्रदेश नलेख्ने ? प्रदेशको पहिचान छुटाउने त्यो गर्न मिल्छ ? सङ्घीय कानुन बनाउने अनि त्यो छुटाउन मिल्छ ? छुटाउन मिल्दैन । कोही सत्तापक्षको माननीयले छुटाउन मिल्छ भनेर भन्नुहुन्छ ? भन्नुहुन्छ भनेदेखि हामी सङ्घीय कानुन बनाउँदै छैनौं । यो हिजोकै हामी चाहिँ २०७७ सालको संविधानअनुसार नागरिकताको कानुन बनाउँदा भैहाल्यो यदि सङ्घीय कानुन बनाउँदै छौं भनेदेखि त । त्यो चिज चाहियो ।

यसै गरेर आमाको नाममा नागरिकता दिने कुरा धेरैचोटि यो चाहिँ बहस भा' छ । लैङ्गिक समानता कायम गर्ने कुरा यो त ठुलो लडाइँबाट हामीले प्राप्त गरेको यो एउटा अधिकार हो । लैङ्गिक समानताको विषय आमा र बुवाको बिचमा पुरुष र महिलाको बिचमा यो समानता ल्याउने कुरा चाहिँ ठुलो लडाइँबाट प्राप्त गरेको अधिकार हो । यसलाई यो कानुनमार्फत पनि स्थापित गर्नुपर्ने विषयहरू छन् । अरू पनि छन् धेरै कानुनहरूमा हामीले समानता ल्याउनुपर्ने तर यो नागरिता कानुनमा पनि समानता ल्याउनुपर्ने विषयहरू छन् । आमाको नाममा नागरिकता दिंदाखेरि फेरि होच्याउने फेरि अपमानित गर्ने मर्यादालाई अखण्डित गर्ने । त्यस हिसाबले ल्याउन मिल्दैन । आमाको हकलाई सुरक्षित गरेर आमाको अधिकारलाई सम्मान र मर्यादालाई सुरक्षित गरेर ल्याउनुपर्दछ । यसमा कुनै द्विविधा छ ? यसमा कुनै चाहिँ असहमति राख्ने विषय हो यो ? असहमति राख्न सकिएला, राख्नुहोला । तर यो चाहिँ नेपालको संविधानको भावनाअनुरूप हुन सक्दैन त्यो कुरा हो । र हाम्रो

आन्दोलनको स्पिरिडबमोजिमको त्यो हुन सक्दैन । त्यसकारणले यस्ता विषयहरूलाई चाहिँ हामीले समेटेरै कानुन बनाउनुपर्छ ।

र अध्यादेश र ऐनको बिचमा भिन्नता हुन्छ । र यो लोकतन्त्रिक व्यवस्था हो । यो राजतन्त्र त होइन । यो राणा शासन होइन, बोल्यो कि अनि कानुन भैहाल्यो । लोकतन्त्रमा सरकारले कुनै विधेयक ल्याउँदाखेरि चाहिँ कुनै विषय छुट्न गयो । संसदमा त्यो कुरा उठ्यो त्यसलाई चाहिँ सरकारले गहन गर्यो । अनि हिजो तो त्यस्तो थिएन । आफूले ल्याउँदाखेरि यस्तो थिएन । अनि अहिले चाहिँ किन विरोध गरेको भन्ने ढङ्गले कुरा उठाउन मिल्छ त्यस्तो कुरालाई ? संसदमा छलफल हुन्छ । छलफल भैसकेपछि उठेका विषयहरूलाई सही विषयहरूलाई गहन गर्ने कुरा लोकतन्त्रमा एउटा सरकारको दायित्व पनि हो । र त्यसले हाम्रो लोकतन्त्रलाई मजबुत पनि बनाउँछ । सरकारले जे ल्यायो त्यसैलाई हुबहु पारित गर्नुपर्छ भन्ने कुरा चाहिँ त्यो हुँदैन नभएदेखि संसदमा छलफल किन गर्ने ? समितिहरूमा छलफल किन गर्नुपर्यो ? समितिहरूमा यसकारणले छलफल गर्नुपर्यो कि । त्यहाँ केही कमी छ संसदमा यस कारणले हलकल गर्नुपर्‍यो । कि त्यसमा कमी हुन सक्छ । त्यसलाई पूरा गर्नको लागि । हो केपी ओली नेतृत्वको सरकारले गरेको कुरा यही थियो । हामीले सदनमा संसदले उठाएको कुरालाई गहन गरेर अगाडि बढेको हो । यसो गर्दाखेरि कमी भएको हो ? किन त्यो कुरालाई अहिलेको सरकारले किन गहन नगरेको । हिजो समितिमा छलफल भएर पास भएको कुरालाई आज यो सरकारले किन गहन नगरेको ? अनि हामी चाहिँ अपूरो यो नागरिकता ऐन किन बनाउँदै छौं ? म सोध्न चाहन्छु । र हामीले यिनै विषयहरूलाई समेटेर यो विधायन समितिमा पनि माननीयज्यूहरूले चाहिँ त्यहाँ पनि फरक विचार गर्नुभएको छ । हामीले पनि राखेका छौं र अरू माननीयज्यूहरूले पनि फरक विचार राख्नुभएको छ । त्यो कुराहरूलाई समेटेर जाओस् यो सरकार । सत्तापक्ष यो दम्भ र अहङ्कारबाट मुक्त भएर यी कुराहरूलाई समेटेरअगाडि बढोस् । म यो भन्न चाहन्छु ।

र हामीमा कुनै द्विविधा छैन । जन्मसिद्ध नागरिकका छोरा छोरीहरूले नागरिकता पाउनुपर्छ भन्ने कुरामा । खास गरी मधेसमा यो समस्या छ । लाखौं युवाहरू युवतीहरू नागरिकताविहीन हुँदाखेरि त्यसले हामीलाई छोइराखेको छ र हामीले भनिराख्या छौं । सुरुबाटै हामीले भनिराख्या छौं । हामीले अध्यादेश ल्याएको पनि हो । त्यो विषयलाई

सम्बोधन गर्नको लागि जन्मसिद्ध नागरिकका छोराछोरीहरूले तुरुन्त नागरिकता पाउनुपर्छ । यो विषय मधेसमा धेरै गम्भीर रूपमा छ । हामीले यो भन्या छौं । गैरआवासीय नागरिकहरूले गैरआवासीय नागरिकता पाउनुपर्छ भनेर पनि हामीले भनेका छौं । यसमा कुनै विमतिको कुरा होइन तर यो ऐन सामग्रिक रूपमा इतिहासमा हामीले २००९ सालदेखि २००९ सालसम्म । २००७ सालभन्दा अगाडि नागरिकै थिएन मान्छे । प्रजा थियो । राजा थियो । प्रजा थियो । राणाहरू थिए । प्रजाहरू थिए । त्यहाँ नागरिक थिएनन् । नागरिक हुन थालेको त २००९ साल २००७ सालपछि । कानुन रूपमा २००९ सालपछि अलिकति भएको त हो नागरिक नभएदेखि नागरिकै थिएन नेपालमा । कसले राजाले नागरिक मान्थे ? राणाहरूले नागरिक मान्थे जनतालाई ? उनीहरूले प्रजा मान्थे । उनीहरूले आफ्ना रैती मान्थे । रैतीबाट नागरिक हुन थालेको २००९ सालबाट २००९ सालमा अलिकति कानुन बनायो एउटा प्रावधान राख्यौं । २०१९ साल २०२० सालमा फेरि हामीले अलिकति प्रावधानलाई बद्ल्याछौं । त्यसपछि २०३२ सालमा फेरि हामी त्यहाँ अलिकति बद्ल्याछौं । उतार चडाब छ । अब चाहिँ राष्ट्रपतिज्यूको यो भावना हेर्दाखेरि र हामी, तपाईं हामी सबैको यो नागरिकता ऐनलाई एउटा पूर्णता दिऊँ । ताकि नागरिकताको समस्या सदाका लागि यो समाधान भएर जाओस् र त्यो पूर्ण बनाउनको लागि यी विषयहरूलाई सम्बोधन गरियोस् । यो हाम्रो मान्यता हो । यो हाम्रो माग हो । यो हाम्रो मान्यता हो । र यसलाई कुनै सत्तापक्ष प्रतिपक्षको विषय नबनाऊँ । यो राष्ट्रियतासँग राष्ट्रिय स्वाधीनतासँग जोडिएको विषय हो नै । हाम्रो देशको सन्दर्भमा जसरी अरू देशले यो नागरिकताको विषयलाई गम्भीर रूपमा चाहिँ उठाउने गरेका छन् लिने गरेका छन् । हामी चाहिँ यो आजको राजनीतिक अवस्थामा जुन अवस्थामा हामी छौं । अझै बढी संवेदनशील हुनुपर्ने ठाउँमा हामी छौं । त्यसकारणले यसलाई हल्का ढङ्गले लिने र हल्का ढङ्गले व्यवहार गर्ने काम चाहिँ हामीले नगरौं । र यो नागरिकता ऐनलाई पूर्णता दिएरअगाडि बढौं भन्ने कुरा राख्दै । मैले आफ्नो भनाइहरू टुङ्गयाउँछु । धन्यवाद ।

**<u>पीठासीन</u>**:- माननीय श्री अनिता देवकोटा ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलप्रसाद विश्वकर्मा ।

**मानननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, हामी नागरिकता विधेयकमाथि छलफल गरिरहेका छौं । र यो नागरिकताको विषय अत्यन्त संवेदनशील विषय हो । र यो राष्ट्रको भूमि, भावना र भविष्यसित जोडिएको विषय भएकोले यसलाई व्यापक छलफल र बहसपछि राष्ट्रिय सहमति कायम गरेर नै पारित गरिनुपर्दछ भन्ने मैले आफ्नो भनाइ राख्न चाहन्छु । सर्वप्रथम राष्ट्रपतिज्यूले पुनर्विचारको लागि सन्देशसहित फिर्ता पठाएर पुनः छलफलको अवसर प्रदान गर्नुभएकोमा यस कुराको लागि स्वागत गर्न चाहन्छु । प्रमुख प्रतिपक्षले यो विधेयकमा भएका कमजोरीहरूप्रति प्रश्न उठाएर विरोध गरेको छ । त्यसको लागि धन्यवाद दिन चाहन्छु । तर विगतमा वाहाँहरू सरकारको नेतृत्वमा रहेको बेलामा अध्यादेशमार्फत ल्याएको विधेयक पनि तात्विक रूपले भिन्न थिएन । अहिले पनि प्रतिपक्षले चाहेको भए यो विधेयकमा यथेष्ट सुधार र गर्न सक्थ्यो र आवश्यक परे रोक्न पनि सक्थ्यो यो विधेयक अत्यन्त लचिलो भएर आएको छ । हाम्रो जस्तो भूपरिस्थिति रहेको देशमा नागरिकता नीति कठोर हुनुपर्ने हाम्रो राष्ट्रको आवश्यकता हो । यदि यसलाई यही रूपमा पारित गरियो भने त्यसको निकै ठुलो र दुर्गामी असर निम्तिने निश्चित छ । त्यसैले म यो विधेयकको विपक्षमा आफ्नो मत जाहेर गर्न चाहन्छु । यहाँ धेरै प्रश्नहरू उठेका छन् । ठुलो सङ्ख्यामा रहेका तराई बासीहरू नागरिकताविहीन भएर उनीहरूको दैनिक कामकाज बाधा उत्पन्न भएको छ । निश्चित रूपमा उनीहरूले नागरिकता पाउनुपर्छ वास्विक नेपाली नागरिक । नागरिकताबाट वञ्चित हुनुहुँदैन । तर त्यही निहुमा अनागरिकले नागरिकता नपाउन् भन्ने ती कुरातिर पनि हाम्रो ध्यान जानुपर्दछ । नागरिकको विषयलाई पनि नागरिकताको विषयलाई यति खुकुलो बनाउनुहुँदैन । जन्मको आधारमा दिने नागरिकता भनेको अङ्गीकृत नागरिकता हो । र विदेशीलाई दिने नागरिकता हो । वंशजको नागरिकता पाउन ऊ यही देशको माटोमा जन्मेको हुनुपर्छ निरन्तर बसोबास गरेको हुनुपर्दछ । तर यो विधेयकले यो भावनालाई समेटेको छैन । त्यसै गरी विवाह गरी आउने विदेशी बुहारीलाई तुरुन्तै नागरिकता दिनसाथ कसरी फिजीकरण हुन्छ ? भन्ने प्रश्न पनि उठेको छ । म के निवेदन गर्न चाहन्छु भने कुनै पनि दुर्घटना बाजा बजाएर आउँदैन । हाम्रा काम कारबाही र गतिविधिमा रहेका त्रुटि र कमजोरीहरूकै माध्यमबाट निम्तिने हुन् भन्ने कुरामा हामीले हेक्का राख्न जरुरी छ ।

यहाँ म केही पुराना तथ्याहरू राख्न चाहन्छु । सन् १९७७ मा फिजीमा प्रधानमन्त्री राबोकासँग भारतीयलाई नागरिकता दिने भनी जयराम रेड्डीसित सम्झौता भयो । त्यसपछि व्यापक रूपमा भारतीयहरू त्यहाँ पुगेर नागरिकता लिए । १९८६ मा आइपुग्दा ३ लाख ६७ हजार भारतीयले नागरिकता प्राप्त गरे । जब कि त्यति बेला फिजियनहरूको जनसङ्ख्या ३ लाख २९ हजार मात्र थियो । नाग्दी र सुहा भन्ने दुईओटा प्रान्तमा भारतीयहरूको कब्जामा रह्यो यसपछि चुनावमा मध्येप्रदेशबाट गएका महेन्द्र चौधरी प्रधानमन्त्री बने ।

अर्को १९८२ मा भारतको परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा संसारको १०५ देशमा भारतीयहरू छरिएर रहेको कुरा चाहिँ उल्लेख छ । त्यसमा संसारभरि रहेका १ करोड १२ लाख भारतीयहरू बसोबास गरेको कुरा त्यो विज्ञप्ति उल्लेख गरिएको छ र नेपालमा मात्रै ३८ लाख मात्रै रहेको जसमध्ये २३ लाख ८७ हजार ९ सय ७३ जनाले नागरिकता लिएको जनाइएको सीएनएसको तथ्याङ्कअनुसार १९९१ देखि २००० सम्म २०४६ सालपछिको ९ वर्षमा नेपालमा २० लाख भारतीय नागरिक नेपालमा बसोबास गरेको तथ्याङ्क सीएनएसले देखाउँछ । २०५८ साल असोजमा भारतका विदेश मन्त्री तत्कालीन विदेश मन्त्री जसवान्त सिंह नेपाल भ्रमण आउनुभएको थियो । र वाहाँ यहा आएर तत्कालीन मन्त्री शेर बहादुर देउवाजीलाई भेटेर फर्केपछि भारतको लोकसभामा वाहाँले त्यसको रिपोर्टिङ गर्नुभएको त्ययो र त्ययो वाहाँले भन्नुभएको थियो । मैले शेर बहादुर देउवा प्रधानमन्त्री शेर बहादुर देउवासँग तीनओटा कुराहरू राखेको छु भनेर वाहाँले भन्नुभो' ।

एउटाः तराईमा बसोबास गर्ने जनसङ्ख्याको ४८ प्रतिशत भारतीय नागरिक भएको र तिनीहरूको सुरक्षाको प्रत्याभूति हुनुपर्दछ । दुईः तिनीहरूलाई तत्काल नागरिकता दिनुपर्दछ । तीनः उनीहरूलाई आवास र सेटलमेन्टको व्यवस्था गरिनुपर्यो र सेटलमेन्ट नेपालकै तराईमा हाम्रो चाहाना छ भन्ने कुरा मैले राखेँ भनेर वाहाँ बोल्नुभएको छ । त्यसै गरी एकल महिलाको सम्बन्धमा पनि समस्याको समाधान निकाल्न सकिन्छ । र पहिलो कुरा त एकल महिला भए पनि वाहाँको श्रीमान् नभए पनि वाहाँको सासु, ससुरा, दाजु, भाइ, काका, काकीहरू चाहिँ हुनुहुन्छ । वाहाँहरूको माध्यमबाट वाहाँहरूलाई नागरिकता प्राप्त हुने कुरामा नेपालको अहिलेसम्मको नागरिकता ऐनले रोक्दैन । जो समस्यामा परेका छन् । विदेश गएर उनीहरू समस्यामा परेका अथवा देशभित्रै विभिन्न दुर्घटना र बलात्कारमा परेर

त्यसको समस्या छ भने उनीहरूलाई विशेष आयोग बनाएर उनीहरूको छानबिन गरेर आयोगको चाहिने सिफारिसमा हामीले नागरिकता प्रदान गर्न सक्छौं । तर यसमा एउटा जनरल लाइन चाहिँ ल्याइएको छ । अनाथहरू जो जसका पितृत्वको पहिचान नभएकोलाई वंशजको दिने भन्ने चाहिने कुरा गरिएको छ । त्यो उपयुक्त छैन भन्ने मैले निवेदन गर्न चाहन्छु ।

त्यस्तै नेपालमा भारतीय आप्रवासनको समस्या मात्र होइन । यहाँ लामो समयदेखि तिब्बती शरणार्थीहरू बसिरहेका छन् । भुटानी शरणार्थीहरू बसिरहेका छन् । र यहाँ अहिले आएर रोहिङ्ग्या शरणार्थीहरू पनि थपिएका छन् । उनीहरूको छोरा छोरीहरूको समस्या रहेको छ । उनीहरूलाई पनि कसरी हेर्ने । हामीले यसबारे पनि हामी सचेत हुनुपर्दछ । र यसबारे विधेयक बोलेको छैन । र हामीले आगामी दिनमा यिनीहरूलाई समेत समेट्ने किसिमले कसरी आफ्नो भूराजनीतिक परिस्थितिअनुसार नागरिकता विधेयक बनाउनुपर्छ भन्ने कुरामा हामी सबै सचेत हुनुपर्छ भन्ने मलाई लाग्छ ।

अध्यक्ष महोदय, यी सबै विषयहरूलाई ध्यानमा राखेर वर्तमान विधेयक निर्माण गरिनुपर्दछ भन्ने मेरो सुझाव रहेको छ । राष्ट्र राष्ट्रियता र नेपाली जनताको आवश्यकताअनुरूप नागरिकता विधेयक बन्नुपर्छ भन्ने कुरामा मेरो दृढ मत रहेको छ । तर अहिले जुन प्रकारका प्रावधानहरू राखेर धेरै लचिलो प्रकारले यो विधेयक ल्याइएको छ । र त्यसलाई फास्ट ट्र्याकमार्फत पारित गर्ने कसरत गरिँदै छ । यसबाट मेरो मनमा एउटा गम्भीर प्रश्न उब्जिएको छ । यो नागरिकता विधेयक हामीले कसको लागि पास गर्दै छौं ? हाम्रो लागि हो कि अरूको लागि हो ? यो प्रश्नले चाहिने मेरो मथिङ्गल चक्राइरहेको छ । र यो नागरिकता विधेयकलाई हामीले एउटा चुनावी चाहिने हतखण्डा चुनावी स्टन त हामीले बनायौं । कृपया म अनुरोध गर्छु । यो नागरिकता जस्तो विषयलाई चुनावी चाहिने कुरा र जुङ्गाको लडाइको विषय हामीले नबनौं । यो चाहिने राष्ट्रिय सवाल हो । र सम्पूर्ण देश र जनताको भविष्यसँग जोडिएको सवाल हो । त्यसैले म यो विधेयकलाई सबै पार्टीहरूको सुझाव राजनीतिक पार्टीहरूको राजनीतिक पार्टीहरूको जुन सुझाव । र सबैको एक मत जसरी हामीले नेपालको नक्सा पारित गर्दाखेरि हामीले राष्ट्रिय सहमति जुटायौं । त्यही किसिमले यसमा पनि हामीले जिताउने प्रयास गरौं । र यदि त्यो गरिँदैन भने म चाहिने यो

विधेयकको विपक्षमा रहेको आफ्नो मत जाहेर गर्न चाहन्छु । यति भन्दै मैले आफ्नो भनाइलाई यहीँ टुङ्ग्याउन चाहन्छु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई । प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि छलफलमा भाग लिरहेका छौँ । हामी सबैले भनिरहेका छौँ । यो नागरिकसम्बन्धी विधेयक नागरिकताको सवाल राष्ट्रियताको सवाल सारै संवेदनशील विषय पनि भनिरहेका छौँ । र अनि वादविवाद पनि गरिरहेका छौँ । मैले यो विधेयकको अघिल्लोपटक राष्ट्रिय सभामा बोल्दा पनि सुरुमा भनेको थिएँ । यो विधेयकको प्रक्रियागत सवालमै मेरो गम्भीर असहमति मैले अघिल्लोपटक पनि जाहेर गरेको थिएँ । यो कुरा अहिले पनि निरन्तरता दिन चाहन्छु । यस विधेयकको हामीले पृष्ठभूमि पनि हेरिरहेका छौँ । हामी सबैले लामो अध्ययन, चिन्तन मनन् पनि गरिरहेका छौँ । नागरिकता व्यक्तिको प्रमाण हो । पहिचान हो । यो एउटा प्रमुख आधार हो । योविना हामी बाँच्न सक्दैनौं पनि हामी भनिरहेका छौँ । हामी कुनै पनि नेपालीलाई अनागरिक बनाउँदन भनेर हाम्रो संविधान २०७२ मा पनि उल्लेख गरेका छौँ । र नागरिकलाई नागरिकताको हकको सुनिश्चिता पनि हामीले गरेका छौँ तर व्यवहारमा हेर्दा यो लामो समयदेखि यो समस्या रहेको कुरा हामी सबैले अनतरमनबाट आत्मसात पनि गरेका छौँ । अहिले बोल्दा जसले जे जे भने पनि हामीले आफ्नै अन्तरमनबाट अन्तरआत्मबाट विचार गर्ने हो भने नागरिकता नेपालको सन्दर्भमा नेपालको परिवेशमा नागरिकतासम्बन्धी केही सवालहरू, समस्याहरू छन् ।

यहाँ विषय अगि उठिसकेको छ । माननीय खिम लाल भट्टराईज्यूले विषय राख्नुभा'को छ । २००७ सालभन्दा अगाडि हामी प्रजा थियौं । २००७ सालको परिवर्तन दिल्ली सम्झौता र २००९ सालमा आइसकेपछि मात्र हामीले नागरिकता बन्ने नागरिकको प्रावधान हामीले प्राप्त गरेको इतिहास कसैका सामु लुकेको छैन । छिपेको छैन । त्यो इतिहासबाट हामी शिक्षित छौ दिक्षित छौँ । त आज हामी सबैले महसुस गरिराखेका छौँ कि नेपालको

नागरिकतासम्बन्धी प्रावधानमा समस्याहरू छन् । सवालहरू छन् । योलाई हामीले चाहिँ निदान गर्नुपर्छ भन्ने कुरा नै हो । जब यही समस्या हामीले यो समस्याहरूको सन्दर्भमा इतिहासलाई हेर्दा २००९ साल ०१९/०२० साल ०३२ साल ०४७ सालको संविधान ०६३ साल र हामी ०७२ सालको संविधान प्राप्त गरिसकेपछि हामीले २०७५ सालमा अगिल्लो केपी ओली सरकारले संसदमा नागरिकतासम्बन्धी विधेयक प्रस्तुत भयो । यहाँ प्रश्नहरू पनि उठे सरकारले प्रस्तुत गरेको विधेयक अगिल्लो सरकारले प्रस्तुत गरेको विधेयक अध्यादेशमा फरक छैन भन्ने कुरा पनि यहा उठ्यो । मैले प्रश्न गर्न चाहन्छु । हाम्रो नेपालको व्यवस्था शक्ति सन्तुलनको कुरा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका हुनत अहिले न्यायपालिका कार्यपालिकामाथि हाबी छ । कार्यपालिका व्यवस्थापिकामाथि हाबी छ । वर्तमान सरकार अदालतको परमादेशबाट बनेको यो तितो यथार्तता पनि हो । यसमा हामीले कसैले चित्त दुखाउनुपर्ने मन खुम्च्याउनुपर्ने अवस्था पनि छैन ।

जब त्यो विधेयक प्रतिनिधि सभामा आइसकेपछि राज्य व्यवस्था समितिमा झन्डै २२ महिना लगाएर धेरै लामो छलफल विचार विमर्श भयो । तत्कालीन अवस्थामा हामीलाई त्यो पनि हेक्का छ । तत्कालीन सत्तापक्षबाटै धेरै संशोधनहरू पनि भएका थिए । जुन चाहिँ अङ्गीकृत नागरिकको सन्दर्भमा प्रावधान राख्ने सात वर्षे प्रावधान राख्ने कुरा चाहिँ त्यही तत्कालीन अवस्थाको सत्तापक्षबाटै आ'को थियो । त्यो समितिबाट पारित भा'को पनि अवस्था थियो । त्यो प्रक्रियागत असहमति मैले किन जाहेर गरेको थिएँ । हामीले हाम्रो कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका हामी संसद संसदप्रति सरकार जवाफदेही हुन्छ । उत्तरदायी हुन्छ भनेर हाम्रो व्यवस्थाले भनेको छ । त्यो समितिबाट अगाडि बढेको त्यो प्रतिवेदन ..... प्रतिनिधि सभामा किन छलफल हुन सकेन । त्यो छ्याङ्गै छ । मैले बताइरहनुपर्दैन । हामी सबै त्यो विषयमा जानकारै छौं । तर सरकार बद्लिसकेपछि त्यो विधेयक हिजो समितिको सम्पत्तीको रूपमा रहेको त्यो प्रतिनिधि सभाको समितिमा रहेको त्यो संसदमा आएको त्यो विधेयक एका एक फिर्ता गरेर नयाँ विधेयक आयो । नयाँ विधेयक यसरी आयो कि बुलेट ट्रेन झै गतिमा कुद्ने हिसाबले आयो । त्यो प्रतिनिधि सभामा पास भयो बहुमतको आधारमा त्यहाँ थुप्रै संशोधनहरू परेको हामीलाई थाहा थियो त्यो संशोधनमाथि छलफल हुन सकेन । राष्ट्रिय सभामा आयो हाम्रा असहमतको बिचमा पनि त्यो फर्केर जाने अवस्था भयो र देशको सर्वोच्च निकाय राष्ट्रपति संस्थाबाट जुन बहुतै गहन अध्ययन

छलफलबाट पुनर्विचारको लागि संसदमा फेरि ..... जहाँ उत्पत्ति भएको सदन प्रतिनिधि सभामा यो विधेयक आयो । यो विधेयक आइसकेपछि हामीलाई लागेको थियो । हामी सबैलाई लागेको थियो नागरिकता नेपालको नागरिकतासम्बन्धी समस्या छ सवालहरू छ । यसलाई निदान गरिनुपर्छ । समाधान गरिनुपर्छ भन्ने कुरामा मलाई लाग्छ नेपालका कुनै पनि दल कुनै पनि सांसदमा द्विविधा छैन । सवाल यहाँ अहिले सत्ता गठबन्धनको होला कुनै सम्झौताको होला । त्यतातिर म जान चाहन्नँ । र जसरी त्यसरी आइसकेको त्यो विषयलाई राष्ट्रपतिले अहिले उठाइसकेको विषयलाई जुन ढङ्गले राष्ट्रपतिमाथि संस्थामाथि प्रश्न । संविधानका हस्ताक्षरकर्ताहरूबाट भैरहेको छ । मैले संविधानलाई यहाँ हेर्दाखेरि अध्यादेश र विधेयक फरक कुरा हो । हामीले संविधानमा त्यो कुरा व्यवस्था गरेका छौं । त्यही संविधानको व्यवस्थाले नै अध्यादेशलाई पुनर्विचार गर्ने राष्ट्रपतिमा त्यो चाहिँ जिम्मवेरी छैन । त्यो सर्वमान्य अथवा संविधानमा व्यवस्था भएको कुरा हो । अध्यादेश सरकारद्वारा जारी गरेको अध्यादेश छोटो समयको लागि हुन्छ । संसद चलेपछि त्यसको प्रतिस्थापन हुन्छ । त्यसलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नुको विकल्प छैन त्यो हामीले बनाको संविधानमै लेखेको कुरा हो । त्यो कुरा हुँदाहुँदै पनि संविधानको हस्ताक्षरकर्ताबाट चाहिँ त्यो विषय उठाउनु त्यति सान्दर्भिक होइन भन्ने मलाई लाग्छ ।

अर्को कुरा मैले प्रतिनिधि सभाको नियमावली पनि हेरेँ । प्रतिनिधि सभाको नियमावलीमा विधेयक प्रमाणित गर्ने सन्दर्भमा प्रतिनिधि सभाको नियमावली राष्ट्रिय सभाको नियमावली सङ्घीय कानुन हामीले मान्छौं संविधानअन्तर्गत सभाहरू त्यही नियमावलीहरूले चल्छ । विधेयक प्रमाणीकरणको सन्दर्भमा हामीले धारा संविधानको धारा ११३ मा विधेयक प्रमाणीकरण सन्दर्भ छ । यसमा धारा १११ बमोजिम प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस भएको विधेयक उत्पत्ति भएको सदनले सभामुख वा अध्यक्षले परमाणित गरी पेस गर्नुपर्ने छ । तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भने सभामुखले परमाणित गर्ने व्यवस्था छ । यसकै (२) मा यस धारामा बमोजिम प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस भएको विधेयक पन्ध्र दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिने यो अर्थ विधेयकको सन्दर्भमा छ । प्रमाणीकरणका लागि पेस भएको अर्थ विधेयकबाहेक अन्य विधेयक पुनर्विचार हुन आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा त्यस्तो विधेयक पेस भएको पन्ध्र दिनभित्र निजको सन्देशसहित विधेयक प्रतिनिधि सभामा सदमा फिर्ता पठाइने

छ । राष्ट्रपति कुनै विधेयक सन्देशसहित फिर्ता गरेको त्यस्तो विधेयक दुवै सदन पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत यो चाहिँ संवैधानिक व्यवस्था हो अगि पनि मैले भनेँ त्यस्तै गरेर प्रतिनिधि सभाको नियमावलीमा पनि त्यो व्यवस्था छ । त्यो नियमावलीमा चाहिँ सन्देशसहित आएको विधेयकमाथि चाहिँ प्रतिनिधि सभाको नियम १३६ राष्ट्रपतिबाट सन्देशसहित फिर्ता आएको विधेयकको सन्दर्भमा संविधानको धारा ११३ उपधारा (३) बमोजिम राष्ट्रपतिबाट पुनर्विचारको लागि सन्देशसहित विधेयक फिर्ता भएमा अधिवेशन चालु रहेको भए महासचिव वा निजको अनुपस्थितमा सचिवले सभालाई जानकारी दिने र अधिवेशन चालु नभएको भए सभामा सूचना पत्रमा प्रकाशित गर्ने ।

त्यस्तै २ नम्बर उपनियम (१) बमोजिम प्राप्त हुन आएको विधेयकसम्बन्धी जानकारी सभालाई दिएपछि बसेको कुनै बैठक त्यस्तो विधेयक प्रस्तुतकर्ता सदस्यले देहायको कुनै प्रस्तुत गर्न सकिनिछ । त्यसको (क) मा उल्लेख छ । विधेयकमाथि सदनमा पुनर्विचार गरियोस् वा पुनर्विचारको लागि विधेयकलाई सम्बन्धित समितिमा पठाइयोस् भन्नी यो प्रावधान पनि प्रतिनिधि सभाको नियमावलीमा छ । यो प्रावधान प्रतिनिधि सभाको नियमावलीको व्यवस्थालाई पनि प्रतिनिधि सभामा लागु गरेन यो नियमको पनि बर्खिलामा सरकार गयो । त्यहाँ चाहिँ टाउको गनेर चाहिँ विधेयक पारित गर्ने काम भयो । यसले सम्मानित संस्थाले आज के गठबन्धनका हामीले देखेका छौं ।

आज सम्माननीय राष्ट्रपतिले देशका विभिन्न क्षेत्रका प्रबुद्ध व्यक्तिहरूसँग छलफल गर्नुभा'को छ । आज २००९ सालदेखि आज प्रयत्न हाम्रो नागरिकताको सन्दर्भमा देखिएका समस्या सवालहरूका बारेमा उहाँले केस्रा केस्रा चाहिँ पहिचान गरेर उहाँले सन्देश पन्ध्र बुँदामा पठाउनुभा'को छ । आज हामीले देखिरहेका छौं । सञ्चार माध्यम आइरहेको छ । प्रधानमन्त्रीज्यूसँग भेट हुँदाखेरि प्रधानमन्त्रीज्यूले राष्ट्रपतिले उठाउनुभएको सम्माननीय राष्ट्रपतिज्यूले उठाउनुभएको विषय सकारात्मक छ राम्रो छ भन्नुभा' छ । आज त्यस्तै गरेर गठबन्धन दलका शीर्ष नेताहरूले पनि सम्माननीय राष्ट्रपतिज्यूकै विचारसँग हामी सहमत छौं भनेर भन्नुभा' छ । तर आजबाहिर बोल्दा फेरि राष्ट्रपतिको के गठबन्धनका दलहरू सरकारहरूले भन्न सक्नुपर्यो । राष्ट्रपतिज्यूले उठाउनुभएका यी पन्ध्रओटा बुँदाहरू यो यो कारणले चाहिँ असान्दर्भिक छन् । गैरकानुनी छन् यो लागु गर्न सकिदैन भन्ने हिम्मत वर्तमान सरकार र गठबन्धन दललाई छ ? छ ? म प्रश्न गर्न चाहन्छु । छैन भने आज

मिडियासँग एउटा कुरा गर्नी । अनि बालुवाटारमा बसेर संविधानले नचिनेको कानुनले नचिनेको गठबन्धनले निर्णय गर्ने अनि त्यो निर्णय सार्वभौम सम्पन्न संसद भनेर हामीले भनेको हामीले अनुभूत गरेको । आज संसदलाई काम नलाग्ने पङ्गु बनाउनी काम आज प्रतिनिधि सभामा भयो । त्यसलाई त्यही भए पनि राष्ट्रिय सभाले यसलाई थोरै भए नि करेक्सन गर्यो । हामी प्रक्रियामा केही भए नि लचिलो भए यसका लागि म सम्माननीय अध्यक्षज्यू यसको लागि म गृह मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । प्रक्रियामा केही भए पनि सुधार हामीले राष्ट्रिय सभामा गर्न सक्यौं तर यसको भित्री कुरा हाम्रो चाहिँ विषयवस्तुमा जे छ त्यही । हामी जस्ताको तस्तै गर्दिछौं भन्ने भनी जुन चाहिँ गठबन्धन दल सरकारको त्यो खाले मनसाय देखियो । यो मनसाय गलत छ । प्रक्रियाको हकमा केही सुछारिएको छ । आज हामीले राष्ट्रिय सभामा कम्तीमा पनि समितिमा जाने कुरा छलफल गर्ने कुरा आज फुल हाउसमा छलफल गर्ने कुरा । यो आज हामी वर्तमानमा उभिरहँदा यो वर्तमानको हिसाब किताब भविष्यमा हुन्छ । हिजो हाम्रो पुस्ताले अघिल्लो पुस्ताको त्याग तपश्या बलिदानबाट आज हामी यो अवस्थामा उभिएका छौं भने भोलि इतिहासमा आउने भविष्य आउने नयाँ पुस्ताले आजको वर्तमानको हिसाब भविष्यका पुस्ताले गर्ने छन् । हिजो यहाँ सुनियो ३२ सालका ३५ सालका कुरा पञ्चायती व्यवस्थाका कुरा तत्कालीन राजा विरेन्द्र र महेन्द्रका कुरा पनि उठाइयो हामीले एउटा हेक्का हुन पर्छ जरुरी छ कि हामी जनताका प्रतिनिधिलाई २०३२ सालसम्म नेपालको नक्सा चुच्चे नक्सा थियो ३२ सालपछि गायब भएको नेपालको नक्सामा हामीले गुमेको भूमि समावेश गर्नलाई कति वर्ष लाग्यो आज ०७७ सालमा आएर हामीले ३२ सालमा हाम्रो नक्साबाट भूमि गुमेको भूमि नक्समा ल्याउनलाई हामी यतिका वर्ष लाग्यो भने यो नौ सालबाट हामीले समस्या रहेको नागरिकता विधेयकको सन्दर्भमा यो सधै समस्या राख्ने यसलाई निराकरण गरेर जाने भन्ने सवालमा प्रमुख कुरा हो । यो प्रमुख कुरामा आज सत्तासीन दल किन गम्भीर बन्न सकिरहेको छैन । सत्ता त सत्ता अहिले अहिलेको वर्तमान गठबन्धन गुलुस्टिकले होइन । सुपरग्लुले टाँसिएको छ । सुपरग्लुले टाँसिएको सत्ता अहिले कुनै कारणले अहिले भत्किने छैन । यसको भत्किने क्रम आउला । समय क्रममा यसको पुष्टि होला । यो नागरिकता विधेयकलाई व्यवस्थित गर्दा परिमार्जित गर्दा राम्रो गर्दा सवल बनाउँदा गर्दाखेरि यो अहिलेको सुपरग्लुले बनेको सरकार तलमाथि हुनेवाला छैन । तर पनि सरकार किन झस्किरहेको छैन ? किन झस्किरहेको छ ? किन डराइरहेको छ ? यति लामो समयदेखि रहेको समस्या हल गर्न किन लागिरहेको छैन ? म

प्रश्न गर्न चाहन्छु । हिजो अगिल्लो सरकारले ल्याएको विधेयकको प्रश्न उठाइरहँदा त्यही सरकारमा आबद्ध दलका संसदहरूले संशोधन हालेर समितिमा पारित गरेको कुरा पनि हेक्का हुन जरुरी छ । यदि हामीले सरकारले ल्याएको विधेयक जस्ताको त्यस्तै पास गर्ने हो भने संसदको आवश्यकता औचित्य समितिको आवश्यकता औचित्य किन रहन्छ ? त्यो पनि हामीले हाम्रो हिसाब गर्नुपर्ने बेला आएको छ ।

हामीले हाम्रा हरेक विषय सबै विषय कानुन निर्माण गर्ने संसद हो । सार्वभौम सत्ता सार्वभौम हामी अधिकार सम्पन्न जनप्रतिनिधिहरू हरेक विषय खुल्ला छलफल र वादविवाद गर्ने त्यसबाट निष्कर्ष निकाल्ने समृद्ध कानुन निमार्ण गर्ने कानुन चाहिँ एउटा सबैको लागि हुने भन्ने विषय उठाइरहँदा । आज जुन खालको चाहिँ परिस्थिति बनेको छ । सत्ता र प्रतिपक्ष चक्र जस्तो मान्छेको जीवन चक्र जस्तो जन्म र मृत्यु जस्तै एउटा चक्रको सट्टा आज को सत्ता छ । को प्रतिपक्ष छ । यो समय क्रम फेर बदल आउन सक्छ । तर हाम्रो मुलुक हाम्रो राष्ट्रियता हाम्रो सवाल यो सवाल भनेको राष्ट्रियतासँग जोडिएको सवाल । हाम्रो मुलुकसँग जोडिएको आज कतिपय विषयहरू भारतलाई केन्द्रित गरेर उठाइएको छ । म भन्न चाहन्छु छिमेकी देश भारतसँग मात्रै होइन यो भारतसँग त हाम्रो चाहिँ थुप्रै संस्कृति सम्बन्धहरू पनि छ । धार्मिक सम्बन्धहरू पनि छ । अरू थुप्रै सम्बन्धहरू पनि छ । त्यस्तै सम्बन्ध हाम्रो छिमेकी देश चीन तिब्बतसँग पनि त्यति मात्र होइन आज यो विश्वव्यापीकरणले आज संसारका कुनै पनि देशमा नेपाली नपुगेको देश छैन भनेर हामीले हेरिरहेका छौं हामी देखिरहेका छौं । आज यो विश्वव्यापीकरणले संसारमा भएका सबै देशमा नेपाली जाने आउने परिस्थिति छ । संसारका विदेशीहरू पनि नेपालमा आउने परिस्थिति छ । यो परिस्थितिलाई मध्यनजर गरेर आज खुल्ला सीमानाको नाममा भारत मात्रै हामी लक्षित गरेर चाहिँ सवाल केन्द्रित गर्न जरुरी छैन । कुनै पनि विदेशी नागरिकको हकमा हामीले यो सवाल जोडिरहेका छौं । विवाहिक अङ्गीकृतको नागरिकताको सवाल भारतसँग मात्र केन्द्रित छैन । संसारका कुनै पनि देशका विदेशी नागरिकको सवाल जोडिएको छ । त्यसैले यस्ता सवालमा आज हामी सदनमा छलफल गरिरहँदा त्यो विषयलाई किन नजर अन्दाज गरिरहेका छौं । किन हामी संवेदनशील बनिरहेका छैनौं । त्यसैले म अध्यक्षज्यूमार्फत भन्न चाहन्छु । हामी सत्ता र प्रतिपक्षको विषय होइन । नागरिकताको विषय देशको सवालको विषय यो राष्ट्रियताको सवालको विषयमा यसमा आम सहमति

बन्नुपर्छ । छलफल गर्नुपर्छ बहस गर्नुपर्छ । छलफल र बहसबाट नयाँ उन्नत स्थरको सम्झदारीमा पुग्न सक्छौं । त्यस्तो भा'को हुनाले पनि राष्ट्रपतिज्यू जुन धेरै महत्त्वका साथ उठाउनुभा'को विषय । आज राष्ट्रपति संस्थामाथि पनि जुन खालको प्रश्न हिजो पनि हामीले गणतन्त्रपछि राष्ट्रपति चाहिँ प्राप्त गरेका थियौं । यही प्रक्रिया यस्तै भेटघाटका प्रक्रिया हिजोको राष्ट्रपतिले गर्दा फेरि किन छलफलको विषय बनेन ? किन आलोचनाको विषय बनेन ? आज नागरिकता जस्तो संवेदनशील विषयमा संविधानको परिधिभित्र रहेर । विभिन्न पक्षसँग भेटघाट गर्दा राय परामर्श लिने संवैधानिक अधिकार प्रयोग गरिरहँदा आज राष्ट्रपतिमाथि जुन आलोचना गर्ने चाहिँ काम लाञ्छना लाउने काम भा'को छ । म यसप्रति पनि दुःख व्यक्त गर्न चाहन्छु । हामी संस्थालाई मर्यादित गर्न सिकौं । मर्यादा दिन सिकौं । भोलि त्यो कुर्सीमा अर्को व्यक्ति पनि ..... व्यक्ति हेरेर होइन । हामी संस्थाको मर्यादा संवैधानिक मर्यादाभित्र रहेर त्यो कुरालाई पनि आत्मसात गर्ने त्यो संस्कार हामी नेपालीहरूको संस्कार भनेको सम्मान गर्ने संस्कारबाट हामी अरूलाई सम्मान गर्ने संस्कारबाट अगाडि बढिरहँदा आज त्यो सम्मानको संस्कृतिमा पनि ह्रास आइरहेको देखेको छु । ह्रास आइरहेको पाएको छु । त्यसैले हामीले संस्थागत संरचनालाई सम्मान गर्न सक्यौं भने हामीले प्राप्त गरेको लोकतन्त्र, गणतन्त्र, सङ्घीय गणतन्त्र जो गणतन्त्रको प्रतीक राष्ट्रपति संस्था हो । राष्ट्रपति संस्थालाई पनि सम्मान गर्ने परिस्थिति निर्माण गर्नको लागि पनि म अनुरोध गर्न चाहन्छु । त्यसैले म भन्न चाहन्छु ।

यहाँ हामीले समितिबाट नेकपा एमालेको तर्फबाट माननीय विधायन समितिमा रहनुभएका माननीय सदस्यज्यूहरूले जुन फरक मत दर्ता गर्नुभा'को छ । त्यो फरक मतको म स्वागत गर्न चाहन्छु । त्यस्तै गरेर माननीय विमला राई पौडयालज्यूले पनि एउटा वाहाँको पनि असहमति चाहिँ गर्नुभा'को छ । म वाहाँको यो फरक मतको पनि सम्मान गर्न चाहन्छु । स्वागत गर्न चाहन्छु । यो विषय भनेको चाहिँ व्यक्तिको सवाल होइन । यो सबै यो राष्ट्रको सवाल हो । यो एउटा पार्टी र समुदायको सवाल होइन । सिङ्गो राष्ट्रको सवाल भा'को हुनाले हामीले प्राप्त गरेको यो व्यवस्था सबैले सम्मानपूर्वक बाँच्न पाउने समाज हामीले परिकल्पना गरिरहँदा आज पनि आमाको नामबाट नागरिकता प्राप्त गर्ने विषय किन यति पेचिलो बनिरहेको छ । हामीलाई थाहा छ । आमा सत्य हो । बाउ विश्वास हो । आज सत्यको कुरा सुन्नी कि ? विश्वासलाई आधार मान्ने ? आज थुप्रै सत्यताभित्र थुप्रै समस्या

जेलिरहेका ठुलो सङ्ख्यामा आज पिताको पहिचान नभएका नागरिकहरूले अनागरिक अवस्था छ । त्यो अवस्थालाई सम्बोधन गर्नका लागि हामीले यो नागरिकता विधेयकमा अगाडि ..... थुप्रै जुन अहिले जन्मसिद्धका सन्तानले नागरिकता नपा'को अवस्था छ । त्यसलाई हल गर्नुपर्छ भन्ने कुरामा नेकपा एमालेको बिमति छैन । त्यो सहमति छ । हाम्रो एउटै सवाल यो हाम्रो जस्तो भूगोल हाम्रो जस्तो संवेदनशीलता । हाम्रो जस्तो छिमेकी राष्ट्रहरूको विश्व व्यापीकरणमा हाम्रो जुन आवत जावतको समस्या छ । यी सबै कुरालाई मध्यजनर गरेर । यसमा हामी अलिकति गम्भीर बनौं । अलि संवेदनशील बनौं । लैङ्गिक न्यायका दृष्टिकोणले लैङ्गिक समानता कायम गरौं । महिलाको पहिचान महिलाको आत्म सम्मानलाई सम्मान गरौं भन्ने खालबाट यी विषयहरू उठिरहँदा । आज जुन ढङ्गले बहस भैरहेको छ । बहुमतको आधारमा टाउको गनेर यो संवेदनशील विषय चाहिँ नागरिकता पारित गर्ने विषय छ । यो ठिकै छ । यो पास होला । यसमा कुनै..... ।

हामी स्पष्ट छौं नेकपा एमाले स्पष्ट छौं । नागरिकता संविधानमा व्यवस्था गरेअनुसार चाहिँ हामीले नागरिकता ऐन सङ्घीय कानुन बनाइरहँदा सङ्घीयताको मर्मलाई पहिचान ..... अहिले कतिपय विषय नियमावलीमा सम्बोधन गर्ने कुराहरू आ'को छ । प्रादेशिक पहिचानको कुरा एउटा महत्त्वपूर्ण आज हामी यो महत्त्वपूर्ण ऐनमा किन समावेश गर्न सकिरहेका छैनौं ? किन त्यति महत्त्व सङ्घीयतालाई चाहिँ संस्थागत गर्नी कुरामा अगाडि ..... यो आज ऐनमा समावेश नगरेर नियमावलीमा लाने कुरा किन गरिरहेका छौं ? त्यसैले म यो ज्यादै संवेदनशील विषयमा राष्ट्रपतिज्यूले जुन चाहिँ हामीलाई पुनर्विचारको लागि एउटा सुनौलो अवसर दिनुभा'को थियो संसदलाई त्यो सुनौलो अवसरप्रति सभाले गुमाएको छ । यसले आउने दिनमा भविष्यमा गनिने छ । त्यसैले म अरू विषयभन्दा पनि यो महत्त्वपूर्ण विषयका सन्दर्भमा आज जति पनि सवालहरू उठेका छ । नागरिकताको सम्बन्धमा यो लामो समयदेखिको समस्या यसलाई निदान गरेर यसलाई समाधान गरेर । आत्मसम्मानको पहिचान..... राष्ट्रियताको संरक्षण हुने हिसाबले हामीले आफ्नो आवश्यकतामा जगमा टेकेर मुलुकको आवश्यकताको जगमा टेकेर हामीले विधेयक बनाउने कानुन बनाउने हो कि ? कसैको इसारामा अथवा कसैको आवश्यकतामा कसैको समस्या हामीले त्यतातिर ध्यान दिने हो । हामीले अहिले आफ्नो छोरीहरूको आफ्नो छोरीहरूको समस्या चाहिँ चिन्ता गरिरहेका छैनौं । छोरीहरूको समस्यामा चाहिँ हामी त्यति चाहिँ जाँगर देखाइरहेका छैनौं । हामी

छोरी र छोराको कुरामा मात्रै होइन । लैङ्गिक समानता कायम गर्न ..... आज नागरिक हरेक नागरिकको सम्मानको कुरा खोजिरहेका छौं । यो कुरालाई आज वर्तमान सरकारले ध्यान दिन सकेको छैन । त्यसैले यो संवेदनशील विषयमा सम्माननीय राष्ट्रपतिज्यूले एउटा जुन अवसर दिनुभा'को छ । धेरै महत्त्व मिहिन ढङ्गबाट वाहाँले छलफल गरेर कि त । फेरि पनि म अन्तिममा भन्न चाहन्छु । कि त वर्तमान गठबन्धन सरकारले राष्ट्रपतिज्यूले उठाउनुभएका यी पन्ध्रओटा बुँदाहरू यो यो कारणले गलत छन् । असन्दर्भिक छन् भनेर प्रमाणित गरेर देखाउन सकोस् । होइन भने यो विषयमा पुनर्विचार गरेर यसलाई समावेश गरेर यसलाई अगाडि बढाउनु प्रयास गरियोस् भन्ने कुरामा राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भगवती न्यौपाने ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गरिरहेका छौं । यो विधेयकमाथि हिजोदेखि माननीयज्यूहरूले आफ्ना धारणाहरू व्यक्त गरिराख्नुभएको छ । यो विधेयकमा समेट्नुपर्ने प्रावधानको विषयमा आफ्ना विचारहरू आफ्नो रायहरू प्रस्तुत गर्नुभएको छ । विधायन समितिमा छलफल भएर त्यहाँ सर्वसम्मत हुन नसकिसकेपछि । हामीले फरक मत राखेर हामीले आफ्ना नागरिकतासम्बन्धी विधेयकमा राख्नुपर्ने प्रावधानलाई फरक मतको रूपमा हामीले प्रस्तुत गरिसकेका छौं । हाम्रो तर्फबाट माननीय देवेन्द्र दाहालज्यूले प्रस्तुत गरिसक्नुभएको छ । वास्तवमा धेरै माननीयज्यूहरूले धेरै मार्मिक कुराहरू पनि उठाउनुभएको छ । यो विषयमा हिजो प्रतिनिधि सभामा प्रक्रियाको विषयमा पनि कुरा उठ्यो । धेरै चर्चा चल्यो मैले दोहोराएर धेरै कुरा भन्नुपर्छ भन्ने आवश्क त ठानिरहेको छैन । प्रक्रियागत रूपमा पनि त्रुटि भयो । त्यसपछि जब प्रतिनिधि सभामा ठेलमेल गरेर पारित गरियो । राष्ट्रिय सभामा आइसकेपछि राष्ट्रिय सभामा हामीलाई लागेको थियो हामीलाई आफ्नो संशोधन राखेका थियौं । र त्यो संशोधन राख्ने सन्दर्भमा पनि हामीले हाम्रा भनाइहरू हामीले प्रस्तुत गरेका थियौं । हामीलाई लागेको थियो । नेपाली जनताले पनि आशा गरेका थिए । नेपाली जनताले पनि विश्वास गरेका थिए । प्रतिनिधि सभामा

कमजोरी भयो । प्रतिनिधि सभामा संवेदनशील ढङ्गले जुन ढङ्गले बहस गर्नुपर्थ्यो । जुन ढङ्गले छलफल गरिनुपर्थ्यो । त्यो ढङ्गले छलफल हुन सकेन ।

राष्ट्रिय सभा परिपक्व सभा हो । राष्ट्रिय सभामा विवेक पुग्छ छ । राष्ट्रिय सभामा यो देशको बारेमा राष्ट्रियताको बारेमा चिन्ता हुन्छ भन्ने आम नागरिकलाई लाइरहेको थियो । त्यही धारणा आम नागरिकले व्यक्त गरिराखुभएको थियो । हामीले अनुरोध गऱ्यौं । हामीले आफ्नो संशोधनमाथि छलफल गर्दै गर्दाखेरि हामीले भन्यौं राष्ट्रिय सभाले विवेक पुर्‍याउनुपर्छ । राष्ट्रिय सभाले परिपक्वता हिसाबले परिपक्व हिसाबले पारित गरेर जानुपर्छ । हामीले अनुरोध गऱ्यौं तर राष्ट्रिय सभामा पनि त्यसो हुन सकेन । माननीयज्यूहरू जसले आफ्नो संशोधन राखुभएको थियो । हामीलाई लागेको थियो त्यो संशोधन फिर्ता हुन्छ भन्ने हामीलाई लागेन । वाहाँहरू आफ्नो संशोधनमा अडान लिइराखुहुन्छ भन्ने हामीलाई लागेको थियो । तर हाम्रो संशोधनमाथि जब हिजो माननीयज्यूहरू जो हामी एउटै पार्टी हुँदाखेरि नेकपा हुँदाखेरि एउटा अडानमा रहनुभएको माननीयज्यूहरूले हामीले राखेको संशोधनमा "हुन्न" भनेर भन्दै गर्दा धेरै पीडा भयो । सत्ताले मानसिकता यसरी बदल दिँदो रहेछ । राष्ट्रप्रति चिन्ता गर्ने हिजो गरिएको चिन्तालाई पनि आज यसरी मानसिकता बद्लियो । त्यसप्रति हाम्रो धेरै एउटा पीडा पनि भयो चिन्ता पनि लाग्यो ।

वास्तवमा पार्टीभन्दा पनि देश ठुलो हो । पार्टीभन्दा पनि राष्ट्रियता ठुलो हो । राष्ट्रियताभन्दा माथि देशभन्दा माथि अरू केही हुन सक्दैन । सत्ताभन्दा पनि माथि राष्ट्रियता हो । सत्ता आवधिक कुरा हो । तर राष्ट्रियता आवधिक कुरा होइन तर त्यो जसरी बहस हुनुपर्थ्यो । जसरी छलफल हुनुपर्थ्यो । त्यो ढङ्गले छलफल हुन सकेन । जब पारित भयो । पारित भएर प्रमाणीकरण निम्ति सम्माननीय राष्ट्रपति जुन कहाँ गैसकेपछि । सम्माननीय राष्ट्रपतिज्यूले गम्भीर ढङ्गले लिनुभो' । गम्भीर ढङ्गले बुझ्नुभो' । त्यसकारणले गर्दाखेरि फेरि यसलाई पुनर्विचार गरियोस् भनेर वाहाँले पुनर्विचारका निम्नि फिर्ता पठाउनुभएको थियो । तर वाहाँले पुनर्विचारका निम्ति फिर्ता पठाएको सवाललाई पन्ध्रओटा बुँदालाई हामीलाई लागेको थियो । अब सम्माननीय राष्ट्रपतिज्यूले जसरी फिर्ता पठाउनुभएको छ । जे कुरा उल्लेख गरेर फिर्ता पठाउनुभएको छ । जुन चाहिँ प्रावधानमा पुनर्विचार गरियोस् भनेर उल्लेख गर्नुभएको छ । जुन प्रावधानमा दृष्टि पुगोस् भनेर वाहाँले । पुनर्विचार गरियोस् भनेर भन्नुभएको छ । दृष्टि पुगोस् भनेर भन्नुभएको छ । त्यहाँ घोत्लिइन्छ । त्यहाँ

फेरि एकपटक राम्रोसँग मसिनो गरी छलफल हुन्छ । बहस हुन्छ हामीलाई त्यो लागेको थियो । र यो सच्चिन्छ भन्ने लागेको थियो । नागरिकता विधेयक देशको संवेदनशीलताको विषयलाई माननीयज्यूहरूले धेरै विवेचनात्मक ढङ्गले प्रस्तुत गरिसक्नुभएको छ । त्यसैले मैले माननीयज्यूहरूले राख्नुभएको जुन एउटा मार्मिक भनाइहरू छन् । त्यसमा समर्थन जनाउन चाहन्छु ।

त्यसैले हामीलाई लागेको थियो । यो विषयमा पहिला नै पनि सर्वदलीय बैठक राखिनुपर्ने थियो । सबै पार्टीका नेताहरू बस्न पर्ने थियो र त्यहाँ धेरै छलफल गर्न पर्ने थियो । सर्वदलीय बैठक राख्न यो गठबन्धनको सरकारले आवश्यक नै ठानेन । किनभने हामीले पटक पटक भन्दै आइरहेका छौं । प्रतिपक्षलाई निषेध गरेर जानुपर्छ भन्ने गठबन्धनको मानसिकता छ । प्रतिपक्षलाई हरेक सवालमा पेलेर जानुपर्छ । प्रतिपक्षलाई ढेलेर जानुपर्छ भन्ने मानसिकता छ । त्यसैले यो नागरिकताको विधेयक त्यस्तो सवाल हो । जो सबैले एउटा राष्ट्रिय एकता कायम गरेर त्यसलाई पारित गर्न पर्ने सवाल हो यो । यो त्यति संवेदनशील सवाल हो अतिपय सवालहरू राष्ट्रपतिलाई समेत ड्राफ्ट गर्ने सन्दर्भमा विधेयकहरू ड्राफ्ट गर्ने सन्दर्भमा राष्ट्रपतिसँग पनि सल्लाह लिएर ड्राफ्ट हुन्छ तर यो सरकारले त्यो आवश्यकता ठानेन । त्यसलाई कुनै मतलब राखेन । त्यसैले मलाई अचम्म लाग्छ । सत्तामा हुँदा एउटा कुरा । सत्ताबाट बाहिर भएपछाडि अर्को कुरा प्रतिपक्षमा हुँदा अर्को कुरा त्यो किमार्थ पनि हामीले गरेका छैनौं । हामीले गर्दैनौं । तर हामी सबैलाई यही अनुरोध गर्न चाहन्छौं । म फेरि पनि भन्छु । सत्ता भनेको आवधिक कुरै हो । यो सधैंको निम्ति होइन । त्यसैले पद ठुलो हो भनेर सोचेको छ भने । संसारमा त्यस्ता पद पाउनेहरू, राष्ट्रपतिहरू पनि बन्नेहरू प्रधानमन्त्री बन्नेहरू आफ्ना देशका ठुला पद प्राप्त गरेर बसेकाहरूले पनि देशमाथि गद्दारी गरेका इतिहासहरू छन् । जब देशमाथि गद्दारी गरिन्छ । तिनीका इतिहास कालो इतिहासको रूपमा आज पढ्ने गरिन्छ । हामीले संसारका त्यस्ता पात्रहरू जसले उनीहरूकै देशमाथि गद्दारी गरे । तिनीहरूलाई आज तिनका इतिहास हामीले कालो इतिहासकै रूपमा पढ्ने गरेका छौं । हाम्रो देशको पनि त्यही हो । जसले देशमाथि गद्दारी गरे पदका निम्ति सत्ताका निम्ति शासन सत्तामा हाली मुहाली गर्नका निम्ति जसले देशमाथि गद्दारी गरे । राष्ट्रियतामाथि गद्दारी गरे । तिनका इतिहास हामीले कालो इतिहासकै रूपमा पढ्ने गरेका छौं । हामीले सम्झना छ ।

हामी किन सधैं सिक्किमको उदाहरण दिन्छौं । सिक्किममा सन् १९७५ मा सिक्किम भारतमा विलय गर्दै गर्दाखेरि त्यहाँ कसलाई प्रयोग गरिएको थियो । लेन्डुप दोर्जेलाई कसरी प्रयोग गरिएको थियो । त्यसै गरेर लेन्डुप दोर्जेलाई प्रयोग गर्दै गर्दाखेरि त्यतिखेर सबैको ध्यान राजा चोग्यालको प्रति जाओस् भनेर चोग्यालको निरङ्कुश हो । निर्मम हो । ऊ क्रुर हो भनेर सबैले योग्याल लाई त्यहाँको राजालाई प्रहार गर्ने सबैको निसाना आक्रमणको निसाना प्रहारको निसाना चोग्याल बनुन् भनेर त्यहीँ मौकामा सिक्किमलाई भारतसँग विलय गराउनका निम्ति जे एउटा षडयन्त्र रचिएको थियो । त्यस्ता धेरै पडयन्त्रहरू नेपालप्रति त्यो गिद्धे दृष्टि परेको छ कि छैन ? हाम्रा राष्ट्रियतामाथि इतिहासका काल खण्डहरूमा हस्तक्षेप भएको छ कि छैन ? हाम्रो राजनीतिप्रति हाम्रो संस्कृतिप्रति हस्तक्षेप भएको छ कि छैन ? हाम्रो धर्मप्रति हस्तक्षेप भएको छ कि छैन ? हस्तक्षेप भएको छ । त्यसैले आवश्यकता छ राष्ट्रियता । राष्ट्रियताको विषयमा हामीमा एकाकार हौं । हामी एकजुट भयौं भने हिजो माननीयज्यूले भनेको सुनेका थियौं । कसैले केही गर्न सक्दैन । हाम्रो भनाइ पनि त्यहीँ त हो । हामी एकजुट भयौं भने कसैले केही गर्न सक्दैन तर हामी सत्ताका निम्ति लम्पसार पर्ने किन गर्छौं ? राष्ट्रियताभन्दा ठुलो सत्ता हो भनेर हामी किन ठान्छौं ? त्यसैले हाम्रो इतिहास सन्ततिले के भन्ने ? भोलिका पुस्ताहरूले कसरी पढ्ने हो ? यस्तो कालो इतिहास मेरो हाम्रा भोलिका पुस्ताहरूले पढ्दै गर्दाखेरि हाम्रीप्रति कति धिक्कार मान्छन् होला ? त्यसैले हामीले के उपहार दिने हो ? देशलाई के उपहार दिने हो ? हामीले भोलिको पुस्तालाई भावी पुस्तालाई के उपहार दिने हो ? त्योप्रति हाम्रो चिन्ता हुन पर्छ कि पर्दैन ? हामी घोत्लिन पर्छ कि पर्दैन ? त्यसैले म फेरि पनि भन्न चाहन्छु केही दिनपछाडि जाँदा केही फरक पर्दैन । जसरी विधायन समितिमा हामी छलफल गर्दै थियौं । त्यहाँ एउटा इमोस्नल ब्ल्याकमेलिङ गरिएको थियो । यहाँ नागरिकता नपाउने जन्मसिद्धका आधारमा नागरिकता नपाउनेहरूले आफ्नो दिनानु दिनका काम गर्न पाएनन् । उनीहरूका धेरै समस्याहरू समाधान गर्न पाएनन् । उनीहरूको जीवन जटिल बन्दै गयो । हामीलाई त्यो कुरा भनेर हामी कतै त्यो अनागरिकहरूले नागरिकता पाउनुहुन्न भन्नेझैं प्रस्तुत भएका छौं कि ? भन्ने ढङ्गले त्यसरी चाहिँ एउटा इमोस्नल ब्ल्याकमेलिङ गरियो हाम्रो भनाइ त्यो होइन । हामीले बारम्बार भनिराखेका छौं । जन्मसिद्धका आधारमा नागरिकता पाउनुपर्नेहरूले जो लाखौंको सङ्ख्यामा छन् । उनीहरूले नागरिकता पाउनुपर्छ । तर त्यसका साथसाथै कतिपय प्रावधानहरू अहिले समेटौं ।

हामीले यो नयाँ संविधान जारी भएपछि २०७२ सालमा संविधान जारी भैसकेपछाडि पहिलोपटक नागरिकतासम्बन्धी विधेयक पारित गर्ने अवस्थामा हामी छौं भने त्यतिखेर हामीले गल्ती गर्नुहुन्न हामीले भन्यौं । तर विगतका कुराहरूलाई भन्दै विगतका गल्तीहरूलाई पटक पटक सम्झाउँदै । हिजो पनि गल्ती गरिएको थियो । ९ सालमा गल्ती भयो १९ मा गल्ती भयो । २० मा गल्ती भयो । त्योभन्दा यता धेरैपटक गल्ती भयो । ४७ को संविधान बनाउँदा गल्ती भयो । ५७ मा गल्ती भयो । ६३ मा गल्ती भयो । ७२ मा गल्ती भयो । अनि सधैं गल्ती भैराखेको छ । यसपटक गल्ती गर्न किन नपाउने ? यस्तो ढङ्गले व्यक्त गरियो । गल्ती गर्न पाउनुपर्छ । गल्तीलाई निरन्तरता दिन पाउनुपर्छ । यो कति दुर्भाग्यपूर्ण तर्क हो । गल्तीलाई सच्याऔं भन्ने होइन । गल्तीलाई निरन्तरता दिन पाउनुपर्छ । यो कस्तो तर्क हो ? त्यसैले अनौठो लाग्यो । अचम्म लाग्यो । हामीले भन्यौं अनुरोध । गर्‍यौं गल्ती सच्याएर जाऔं । कसले गल्ती गर्‍यो । यहाँ कुरा उठ्यो । गल्ती कसले गर्‍यो ? ०१९ सालमा कसले गल्ती गर्‍यो ? ९ सालमा कसले गल्ती गर्‍यो ? १९ सालमा नागरिकतासम्बन्धी संविधानमा समेटियो २० सालमा नेपालको नागरिकताको कानुनलाई पुनः व्यवस्थापन गर्न भनेर ऐन बन्यो । त्यसमा के गल्ती गरियो ? किन गल्ती गरियो ? कसले गल्ती गर्‍यो ? ३२ सालमा अलिकति सचिएको थियो । ३२ सालमा अङ्गीकृत नागरिकताको विषयमा त्यहाँ समय सीमाको विषयमा उल्लेख गरिएको थियो । जब वैवाहिक अङ्गीकृतको विषयमा विदेशी महिलाले नेपालको नागरिकसँग विवाह गर्ने विदेशी महिलाको हकमा पाँच वर्षको प्रावधान राख्ने गरी त्यो त्यहाँ प्रावधानको व्यवस्था गरिएको थियो । अन्यको हकमा पन्ध्र वर्ष भनिएको थियो । नेपाली उत्पतिका निम्ति दुई वर्ष भनिएको थियो ।

त्यसपछाडिका दिनहरूमा ४७ सालमा कसले गल्ती गर्‍यो ? इतिहास, हामीले धेरैले लेखेका इतिहास इतिहासका जानकारहरूले लेखेका पनि पढेका छौं । हामी मात्रै पढेका हौं ? अरू पढेकै होइन । पढ्नुहुँन्न । बुझ्न कोसिस गर्नुहुन्न । भनेर पटक पटक अपमान गर्ने गरिन्छ । हामीले पनि लेखकहरूका इतिहासको जानकारी राख्ने लेखेकहरूका लेखहरू पनि पढेका छौं । आज विज्ञहरूले कसरी प्रस्तुत गर्नुभएको छ । विज्ञहरूले प्रस्तुत गरेका कुराहरू पनि हामीले सुनेका छौं । इतिहास हामीले पनि पढेका छौं । ३६ सालको जनमत सङ्ग्रहलाई प्रभाव पर्ने गरी निर्दललाई जिताउने गरी कसरी चाहिँ मतदाता नामावलीमा नाम

समावेश गरियो । ४७ सालमा ती नामहरूलाई चाहिँ कसरी नागरकता वितरण गर्ने गरी । नागरिकता दिने गरी ती नामहरूलाई समावेश गर्ने गरी ४७ सालको संविधानमा त्यस्तो गल्ती कसले गर्यो ? कसले नेतृत्व गरेको थियो भन्न पर्छ र ? ५७ सालमा कसले नेतृत्व गरेको थियो भनिराख्न पर्छ र जतिखेर प्रतिनिधि सभाले पास गरेर राष्ट्रियता सभाले ०५७ सालमा फिर्ता पठाइसकेपछि राष्ट्रमुख्यकहाँ प्रमाणीकरणका निम्ति भनेर पठाइसकेपछाडि पनि त्यसपछि अर्थ विधेयकको रूपमा जसरी पनि पारित गर्ने गरी कसले पढाएको थियो ? कसले गर्यो त्यो गल्ती ? कसले गर्यो त्यसको नेतृत्व ? त्योभन्दा यता कसले गर्यो त्यसको नेतृत्व ?

जहाँसम्म ७२ सालपछाडिको कुरा छ । संविधान जारी भैसकेपछाडिको कुरा छ । ७५ साल विधेयक संसदमा दर्ता भैसकेपछाडि संसदमा प्रस्तुत भैसकेपछाडि त्यतिखेर राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भैसकेपछि त्यो समितिको नेतृत्व कसले गरेको थियो ? त्यो नेतृत्व गर्ने त्यो समितिको सभापति हुने आज माननीय मन्त्रीज्यू वाहाँको राय सुन्न हामी चाहन्थ्यौं । वाहाँको आवाज सुन्न वाहाँकै मुखबाट वाहाँकै कुरा सुन्न हामी चाहन्थौं । वाहाँले सार्वजनिक रूपमा व्यक्त गरेको धारणा के थियो ? त्यतिखेर कमजोरी भा'को थिएन र ? भनेर भन्ने माननीयज्यूलाई म भन्न चाहन्छु । राज्य व्यवस्था समितिमा के निर्देशन भएको थियो ? त्यतिखेर नेकपाले, नेकपा केपी ओलीलाई धेरै गल्ती गरेको रूपमा जसरी भनिएको छ । नेकपाको अध्यक्ष केपी ओली हुनुहुन्थ्यो । अर्को अध्यक्ष प्रचण्ड हुनुहुन्थ्यो । नेकपाले गरेको निर्णय के थियो ? त्यतिखेर नेकपाले गरेको निर्णय वैवाहिक अङ्गीकृतको हकमा समय सीमा राखेर जाने निर्णय गरेको थियो । अध्यक्ष नै केपी शर्मा ओली हुनुहुन्थ्यो । हामीले यहाँ बोलेका छौं सम्मानित सदनमा बोल्यौं सम्मानित सदनमा अरू माननीयज्यूहरूले पनि बोल्नुभो' । त्यतिखेर नेकपा हुने माननीयज्यूहरूले निकै चर्को गरी बोल्नुभो' आज पनि भन्नुहुन्छ । हामी त त्यही पक्षमा छौं । हामी त त्यही लाइमा छौं सम्माननीय राष्ट्रपतिज्यूले सम्माननीय राष्ट्रपतिज्यूले जे कुरा उल्लेख गर्नुभएको छ । राष्ट्रपतिज्यूले उल्लेख गरेको विषयमा हाम्रो समान धारणा छ भनेर आज पनि भन्नुहुन्छ । बाहिर त्यसरी प्रस्तुत हुनेले भित्र नागरिकता विधेयक पास गर्ने सन्दर्भमा त्यो प्रावधान राख्न केले छेकेको छ ? सत्ताले कि कसैको इन्ट्रेस्टले पूरा गर्नका निम्ति । त्यसैले म फेरि पनि अनुरोध गर्न चाहन्छु । आज त पदमा हुनुहोला । आज त सरकारमा हुनुहोला । फेरि पनि सरकारमा हुनुहोला । प्रधानमन्त्री बन्नुहोला मन्त्री बन्नुहोला । तर इतिहास कालो इतिहास

रच्नेलाई भोलिका पुस्ताले सराप्ने छन् । त्यो अभिसापपूर्ण इतिहासको रूपमा लिनेछन् । त्यस्तो गल्ती नगरौं विगतमा गल्ती भएको रहेछ भने पनि गल्ती भएको कुरालाई सच्याउनुहुँदैन र ? निरन्तरताको नाममा हामीले व्यवस्था परिवतन गर्न नचाहेको भए यो मुलुकमा राणा शासन रहन्थ्यो होला नि त । निरन्तरताको नाममा व्यवस्था परिवर्तन गर्न नचाहेको भए । यो मुलुकमा पञ्चायत रहन्थ्यो होला नि त । व्यवस्था परिवर्तन हामीले गरौं व्यवस्था त्यही टिकाइराख्न निरन्तरताको नाममा त्यही टिकाइराख्न चाहेको भए । राजतन्त्र रहन्थ्यो होला नि त । गणतन्त्र आउथेनहोला नि त । त्यसैले हामी परिवर्तनको पक्षपाती हौं भनेर दाबी पनि गर्ने अनि सचिन पनि नचाहाने । त्यसैले म फेरि भन्छु । सच्याऔं राष्ट्रिय सभालाई सबैले हेरेर बेसेका छन् ।

म अनुरोध गर्न चाहन्छु । सच्याएर जाऔं । वैवाहिक अङ्गीकृतको सवालमा समय सीमा राखेर जाऔं । सात वर्षको समय सीमा राखेर जाऔं । म अनुरोध गर्न चाहन्छु । त्यसो गर्दाखेरि संविधानले रोक्दैन । संविधानको धारा ११ को उपधारा (६) मा उल्लेख छ । संविधानको धारा ११ को उपधारा (६) बमोजिम सङ्घीय कानुन बनाएर समयसीमा तोकेर जाऔं । नेपाली नागरिकसँग विवाह गर्न चाहने विदेशी महिलाको हकमा भनेर जे कुरा उल्लेख छ । त्यो कुरा सच्याएर जाऔं । सङ्घीय कानुन भनेर जसरी भनिएको छ । संविधानले त्यो कुरा रोक्दैन । त्यसैले म फेरि पनि भन्न चाहन्छु । जोडदार ढङ्गले भन्न चाहन्छु । यो प्रावधान राखेर जाऔं । र अर्को सम्माननीय राष्ट्रपतिज्यूले उठाउनुभएको लैङ्गिक संवेदनशीलताको विषय छ । लैङ्गिक संवेदनशीलताको विषयमा धेरै नै एकदम चासोका साथ चिन्ताका साथ वाहाँले व्यक्त गर्नुभएको छ । म महिला माननीयज्यूहरूलाई भन्न चाहन्छु ।

हामीले पार्टीका झन्डा आफ्ना आफ्ना बोक्यौंहोला हामी अस्था फरक छौं होला । तर महिला आन्दोलन एउटा झन्डा बोक्यौं । साझा झन्डा बोक्यौं महिला अधिकारका निम्ति हामीले साझा झन्डा बोकेर महिला आन्दोलन गरेका हौं । महिला आन्दोलनले उठाएका विषय महिला अधिकारको विषयमा हामी संवेदनशील बनौं । म गर्व गर्छु सम्माननीय राष्ट्रपतिज्यू जतिखेर महिला आन्दोलनको नेतृत्व गर्दै हुनुहुन्थ्यो यो देशमा जसले जुन आन्दोलनले आज वाहाँलाई राष्ट्रपतिको पदसम्म पुराएको छ । हामी महिलाहरू गर्व गर्छौं । सम्माननीय राष्ट्रपतिज्यू, हिजो लोकतान्त्रिक आन्दोलनको एउटा हास्ती हुनुहुन्थ्यो । जति

बेला वाहाँले अन्तरिम संसदमा २०६३ साल जेठ १६ गते ४ बुँदे सङ्कल्प प्रस्ताव राख्नुभो' । माननीयज्यू यही हुनुहुन्छ । राष्ट्रिय सभामा हुनुहुन्छ । म गर्व गर्छु हामी गर्व गर्छौं । हामी खुसी व्यक्त गर्छौं । त्यो सुनौलो इतिहास रच्ने आजको राष्ट्रपतिज्यू जसले महिला अधिकारको बारेमा प्रस्ताव सङ्कल्प प्रस्ताव गर्नुभो' राख्नुभो' अन्तरिम संविधानमा समेत लिपिबद्ध भयो । त्यही प्रस्तावको समर्थकको रूपमा आज राष्ट्रिय सभामा सदस्य हुनुहुन्छ । माननीयज्यू हुनुहुन्छ । गर्व गर्छौं वाहाँप्रति खुसी व्यक्त गर्छौं । र वाहाँ अहिले लैङ्गिक संवेदनशीलताको हिसाबले राष्ट्रपतिज्यूले उठाएको विषय पक्कै पनि वाहाँ पनि संवेदनशील हुनुहुन्छ । वाहाँको मुखबाट पनि हामी केही आवाज सुन्छौं भन्ने लागेको थियो । म अनुरोध गर्न चाहन्छु ।

कतिपय सवालमा फेरि पनि पार्टी भन्दामाथि उठिन्छ । हिजोदेखि कसरी नागरिकता दिने गरिएको थियो । जसले मृत्युलाई चुनौती दिएर जसलाई मृत्युसँग लडेर प्रसव वेदना सहेर सन्तानको जन्म दिन्छ । उसको सन्तानको नागरिकतामा उसको असतित्वलाई स्वीकार नगरीकन । पितृत्वलाई मात्रै केन्द्रित बनाएर नागरिकता दिने चलन त्यो व्यवस्था हामीले नै अन्त्य गरेको हो । वाहाँहरूले गरेको प्रस्तावको प्रावधानले अन्त्य गरेको हो । महिला आन्दोलनले उठाएको मुद्दा र महिला आन्दोलनले अन्त्य गरेको हो । यो विषयमा हामी संवेदनशील हुनुपर्छ । राष्ट्रपतिज्यूको चासो  त्यहीनिर छ । जसरी हिजो पितृत्वलाई मात्रै स्वीकार गरेर पितृत्वको मात्रै असतित्व स्वीकार गरेर नागरिकता दिने व्यवस्था थियो । चलन थियो । त्यसको अन्त्य भएको छ । तर अहिले फेरि महिलाको आत्मसम्मानमा चोट पुग्ने गरी चैं जसरी स्वघोषणाको सन्तानको नागरिकता दिने सन्दर्भमा पितृत्वको पहिचान नभएको, सन्तानलाई नागरिकता दिने सवालमा जसरी स्वघोषणाको प्रावधान राखिएको छ । योप्रति हाम्रो गम्भीर रूपमा असहमति छ । यसो गर्न हुँदैन । यसले संविधानले व्यवस्था गरेको धारा १६ ले व्यवस्था गरेको हरेक नागरिकले सम्मानपूर्वक हरेक व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ भन्ने विपरीत हुने छ । धारा ३८ मा व्यवस्था भएको उपधारा धारा ३८ को उपधारा (१) देखि (६) सम्म व्यवस्था भएको महिला अधिकारको सवालमा जे व्यवस्था भएको छ । त्यो विपरीत हुने छ । त्यसैले हामीले यसलाई ऐनमै व्यवस्था गरेर जाऊँ स्वघोषणा हटाएर जाऊँ । हामीले त्यो भनेका छौं ।

त्यसैले यी विषयमा अर्को एउटा हामीले राखेका छौं । प्रादेशिक पहिचानसहितको नागरिकताको व्यवस्था गरेर जाऊँ भनेर हामीले भनेका छौं । यी तीनटा सवाललाई हामीले गम्भीरतापूर्वक उठाएका छौं । यसलाई हल्का ढङ्गले नबुझौं । जसरी विधायन समितिमा जसरी हल्का रूपमा लिएको थियो । पास गरिहालौं । छिटो, छिटो, छिटो भनेर हामी त बुँदामा छलफल हुन्छ भन्ने ठानेका थियौं । गम्भीर ढङ्गले छलफल हुन्छ भन्ने ठानेका थियौं । त्यहाँ सच्चिन्छ भनेर हामीले ठानेका थियौं । सच्याएर हामीले ल्याउँछौं । जसरी राष्ट्रिय सभाको बैठकले विधायन समितिमा पठाउने निर्णय गर्यो । विधायन समितिमा पठाउने भनेर भनिसकेपछि हामीलाई खुसी लागेको थियो । विधायन समितिमा गम्भीर ढङ्गले छलफल हुन्छ । बहस हुन्छ त्यहा सच्चिन्छ भन्ने हामीलाई लागेको थियो । तर त्यो बुँदा बुँदामा छलफल गरिएन । हामीले विज्ञहरूसमेत बोलाऊँ भनेर हामीले भनेका थियौं संशोधन राख्ने माननीयज्यूहरूलाई समेत बोलाऊँ । एक दिन दुई दिन तीन दिन पछाडि जाला । यतिका समय त त्यो अनागरिकहरूले कुरेर बसे । त्यो दुई चार दिनले गर्दाखेरि अरू धेरै कुराहरू सच्याएर जान सकिन्छ भने सच्याएर जाऊँ भन्ने हाम्रो भनाइ थियो तर त्यो भनाइलाई बेवास्था गरेर त्यहाँ पनि ठेलेर बहुमत छौं भनेर जसरी प्रस्तुत भैयो । म फेरि भन्न चान्छु । आज गणित मिलाएर टाउको गनेर टाउको हिसाब किताब गरेर राष्ट्रप्रति जुन बेइमानी गर्न खोजिदै छ । राष्ट्रियताप्रति जुन बइमानी गर्न खोजिदै छ । हिसाब किताब त त्यो गर्नुस् न । हामी बलिया छौं । हाम्रो बलियो छ भनेर गर्ने हिसाब किताबभन्दा राष्ट्रिय त यसले कति प्रभाव पार्छ । भोलिसम्मको दूरागामी हिसाबले यसले कति प्रभाव पार्छ । यसले कति नोक्सान गर्छ हिसाब किताब त्यहाँ गर्ने होला नि त्यसैले त्यहाँ हिसाब किताब गर्न जरुरी छ ।

वास्तवमा हामीले नागरिकता नदिने भनेका छौं र ? अरू देशमा जे प्रावधान राखिएको छ । भारतमा सात वर्षको प्रावधान राखिएको छ । अमेरिकामा तीन वर्ष राख्ने बेलायतमा तीन वर्ष राख्ने, अरू धेरै देशहरूले चाहिँ समय सीमा तोक्ने हामीले तोक्न नपर्ने ? हाम्रो छोरीहरूको बारेमा पीडा हुँदैन ? हाम्रो छोरीहरूले नेपालका छोरीहरूले विदेशमा नागरिकता प्राप्त गर्दाखेरि माननीयज्यूहरूले भनिसक्नुभएको छ । समय कुरेर बस्नुपर्छ । त्यहा पीडा हुँदैन । अनि कति पीडा हुँदो हो । विदेशी महिलालाई उत्तिखेरै नागरिकता नदिँदाखेरि त्यो पीडा कति हुँदा हो ? भनेर उल्टै प्रश्न गर्ने पीडा कसलाई हुन्छ ? त्यसैले

हामीले नागरिकता नदिने पनि भनेका छैनौं । हामीले मात्रै नेपालको माटोप्रति प्रेम जागोस् । नेपालको माटोप्रति सम्बन्ध गाँसियोस् । नेपालप्रति आत्मीयता होस् । नेपालको भाषा, संस्कृतिप्रति आत्मीयता होस् अनि मात्रै नागरिकताको व्यवस्था गरौं । सबै कुरामा परीक्षण काल हुन्छ । नागरिकतामा परीक्षण काल किन हुँदैन ? यही होइन हामीले भनेको ? समय राखौं परीक्षण गरौं । अनि त्यो परीक्षणको अवधिमा एउटा परिचयपत्र उपलब्ध गराऊँ । त्यो परिचयपत्रमा राजनीतिक र प्रशासनिक अधिकारबाहेक अरू अधिकारहरूको व्यवस्था गर्ने गरी परिचयपत्रको व्यवस्था गरौं भन्दा कहाँनिर गल्ती भयो । अनि यो कुनै एउटा क्षेत्र, कुनै जात, कुनै धर्म विशेषको कुरा गरेका छौं ? कुनै अनुहारको रङ्ग हेरेर बहस गरेका छौं ? अनि हामीलाई के मधेस हाम्रो देश होइन ? हामीले चिन्ता त मधेसकै गरेको हो । हामीले चिन्ता सिङ्गो देशको गरेको हो । हामीले कुनै भारतप्रति भनेर एउटा देशप्रति लक्षित गरेर भनेका छैनौं । चीनप्रति भनेर एउटा देशप्रति लक्षित गरेर भनेका छैनौं । हामीले विदेश विदेशको नागरिकले नेपालको नागरिकसँग विवाह गर्ने विदेशको नागरिकको कुरा गरेका छौं । त्यसैले एउटा देशप्रतिको हाम्रो कुनै लक्षित छैन । अनि माननीयज्यूहरू, हामीले व्यक्त गर्नेबित्तिकै एउटा देशको नाम लिएर बताइहाल्नुपर्ने अनौठो लागिरहेको छ । हो चिन्ता त हामीलाई त्यहाँ पनि छ । हाम्रो देश झन्डै तीन अर्ब जनसङ्ख्या भएका ठुला शक्तिशाली देशहरूले घेरेको देश हो । त्यहाँ हामी भूराजनीतिक हिसाबले हामी संवेदनशील छौं । त्यसकारणले हाम्रो भौगोलिक अखण्डताको विषयमा हामी संवेदनशील छौं । त्यो कुरा पनि संवेदनशील कुरा हो । तर पनि हामीले कुनै एउटा देश कुनै दुइटा देशको बारेमा हामीले यहा सवाल उठाइरहेका पनि छैनौं । त्यसैले हामी भन्न चाहन्छौं । मधेस, हिमाल, पहाड, तराई सबैको विषयमा हामी संवदेनशील छौं । हामीले त्यही मधेस हो । त्यहाँ केही घरानीयहरूले त्यहाँका जनताहरूमाथि संस्कारका नाममा शोषण गरेर राख्दा । त्यहाँका जनताहरूको चेतनालाई फुक्न नदिंदा त्यहाँको जनताहरूको चेतनालाई उठन नदिंदा सांस्कृतिक शोषण हुँदा बोल्ने हामी नै हो । मधेसमाथि मधेसका जनतामाथि अत्याचार भयो भनेर लड्ने हामी नै हौं । त्यो सङ्घर्ष गर्ने हामी नै हौं । अनि हामी मधेसप्रति गैरजिम्मेवार छौं ? संवेदनहीन छौं ? कुनै एउटा क्षेत्रप्रति हामी संवेदनहीन छौं ?

सिङ्गो नेपालको कुरा गर्दैगदा सिङ्गो देशको राष्ट्रियताको कुरा गर्दैगर्दा अनि कहाँनिर तीर पर्यो कहाँनिर बाण हानियो । यस्तो विषय उठाएर एउटा इमोस्नल ब्ल्याकमेलिङ गर्ने ? त्यसैले योप्रति हाम्रो गम्भीर रूपमा असहमति छ यस्ता भनाइप्रति र म फेरि पनि अनुरोध गर्न चाहन्छु । माननीय मन्त्रीज्यू, फेरि अनुरोध गरेर भन्छौं । यो सरकारलाई; गठबन्धनको सरकारलाई जुन दम्भ देखाएको छ; जुन अहङ्कार देखाएको छ । हामीले चाहँदा सबै कुरा गर्न सक्छौं भनेर जे गरेको छ । यो दम्भ यो अहङ्कार वास्तवमा नेपाली जनताप्रति देखाउन आवश्यक छैन । राष्ट्रप्रति देखाउन आवश्यक छैन । राष्ट्रियताप्रति देखाउन आवश्यक छैन । म फेरि भन्छु । फेरि जोड दिएर भन्छु । फेरि पनि यसलाई हामीले सोचौं केही बिग्रिएको छैन । एउटा सन्देश दिँदा हाम्रो प्रतिष्ठा उठ्छ । राष्ट्रिय सभाको गरिमाले अझै धेरै उचाइ प्राप्त गर्छ । प्रतिनिधि सभाले विवेक नपुर्याएको नागरिकता विधेयक राष्ट्रिय सभाले सच्यायो भन्ने त्यो म्यासेज दिन सकौं । त्यहीं भनाइ राखेर म आफ्नो भनाइ अन्त्य गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय बामदेव गौतम ।

**<u>माननीय बामदेव गौतम (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नागरिकता विधेयकका सम्बन्धमा मैले पहिलोपटक राष्ट्रिय सभामा विधेयक आउँदाखेरि मैले एउटा विषयबाहेक समर्थन गरेको थिएँ । खास गरीकन वैवाहिक अङ्गीकृत नागरिकको सम्बन्धमा हाम्रो देशको अवस्था र सारा संसारभरिको अवस्था अलि फरक छ भनेर मैले भनेको थिएँ । आज मलाई फेरि बोल्नको निम्ति आवश्यकता मैले महसुस गरें विधायन समितिमा यहाँ आएको नागरिकता विधेयक प्रतिनिधि सभाबाट आएको नागरिकता विधेयक जब विधायन समितिमा जाने भो' भनेर यहाँ सम्माननीय अध्यक्षज्यूले भन्नुभो' म खुसी भएर त्यस बेला व्यक्त गरें । राष्ट्रिय सभा वास्तवमा राष्ट्रिय सभा जस्तै आज हुँदै छ । किनकि मैले राष्ट्रपति महोदयबाट फिर्ता पठाइएको सन्देशसहित फिर्ता पठाइएको नागरिकतासम्बन्धी विधेयक सम्बन्धमा प्रतिनिधि सभामा जसरी कुराहरू उठे ती सुन्न पनि नसकिने खालका रहे । म कुनै एउटा पार्टीको सदस्य भएर बोलिराख्या छैन । म कतैतिर लगाव राखेर बोलिराख्या छैन । तर राष्ट्रपतिप्रति गरिएको व्यवहार बदलाको भावनाले प्रेरित मैले पाएँ । त्यसो गर्न

हुन्न थियो । र त्यहाँ भनियो । जसरी वाहाँले यत्रो समय लगाएर अनि सन्देशसहित पठाउनुभ'को छ । हामीले जसरी प्रतिनिधि सभाबाट पास गरेर राष्ट्रपतिकहाँ प्रमाणीकरणको निम्ति पठाएका थियौं । त्यस्तै जस्ताको त्यस्तै हामीले पास गर्नुपर्छ । त्यति मात्र होइन । राष्ट्रपतिको सन्देश यो निबन्ध हो । यो कलेजको निबन्ध हो । कलेजका विद्यार्थीहरूले लेख्ने निबन्ध हो । अनि त्यस किसिमका टिप्पणीहरू धेरै भए । र राष्ट्रपति कुन समूहसित कुन पार्टीसँग कुन समुदायसित सम्बन्धित हुनुहुन्छ भनेर भन्ने मुख्य विषय होइन । राष्ट्रपतिको सम्मान गर्न हामीले जान्न पर्दछ । होइन भने राष्ट्रपति प्रणाली हटाइदिन पर्छ ।

मैले विधेयक संसद विघटन गर्ने तत्कालीन प्रधान मन्त्रीको निर्णयलाई त्यो विधेयकलाई तपाईंले दुई घण्टाको निम्ति भए पनि क्याबिनेटमा फिर्ता पठाइदिनुस् । मैले यो बोलेरै वाहाँसित भेट गरेरै भन्न चाहेको थिएँ । मैले भेट गर्न पाइनँ त्यस बेला मैले धेरै कानुनी ब्युरोसित संविधान ब्युरोसित सोध्या थिएँ । राष्ट्रपतिले त्यसो गर्न सक्नुहुन्छ । यसमा लेखिएकै छ विधेयकमा । तर अध्यादेशमा पनि त्यस्तो किसिमको लेख्न सकिन्छ । त्यसरी फर्काउन सकिन्छ । त्यो अन्तरनिहित अधिकार हुन्छ । जब विधेयकलाई कानुनलाई पुनर्विचार गर्नको निम्ति भनेर भन्न सकिन्छ । अध्यादेशलाई पनि त्यसो गर्न सकिन्छ भन्नी मेरो मान्यताले मैले यो भेट गर्न पाइनँ मैले सूचना पठाएँ । र वाहाँले त्यो सूचना पाउनुभो' मैले सूचना पठाएको केही घण्टापछि त संसद विघटन भएर आयो र मैले यो प्रधानमन्त्री र राष्ट्रपतिलाई दुरुपयोग गरेको हो भनेर मैले मेरो टिप्पणी राखेको थिएँ । तर आज म राष्ट्रपतिप्रति प्रतिनिधि सभाले व्यक्त गरेको विचार प्रतिनिधि सभाका ज्ञताहरूले व्यक्त गरेको विचार मलाई राम्रो लागेन । त्यो अपमानजनक मैले ठानें । र जब विधायन समितिमा गयो राष्ट्रिय सभाबाट । त्यहाँ जस्ताको तस्तै फर्काउनुपर्छ । राष्ट्रिय सभामा लैजान पर्छ र पास गराउन पर्छ भन्ने आवाज त्यहींबाट आयो मैले हिजो जब फर्केको सूचना चाहिँ प्राप्त भयो । राष्ट्रपतिले सन्देशमा दिनुभएको हरेक बुँदा बुँदाको जवाफ आउने छ भन्ने ठानेको थिएँ मैले । आज हामी जुन मान्यतामा यो पास गर्दै छौं । त्यस मान्यतामा नै फर्कन पर्ला तर ती सन्देशहरू हामीले सुन्दा पनि नसुनीकन । विश्लेषण पनि नगरीकन त्यसप्रति प्रतिनिधि सभाको विचार के हो ? सन्देशको १ नम्बर बुँदाप्रति प्रतिनिधि सभाको विचार के हो ? २ नम्बरप्रति के हो ? ५ नम्बरप्रति के हो ? भनेर भन्ने त्यसरी विचार विमर्श गरेर त्यसलाई त्यतिकै सम्मान गरेर विचार पठाउन सकिन्न थियो ? अनि राष्ट्रिय

सभाको विधायन समितिले पनि त्यसै गर्न सक्दैन थियो ? जस्ताको त्यस्तै पठाउन मिल्थ्यो ? पर्थ्यो ? त्यो आफ्नो अधिकारको । मेरो विचारमा बौद्धिकतामाथि हमला हो । छलफल गर्न पर्थ्यो हरेक विषय । मैले ती सन्देशहरू पढेको छु । कुनै पनि सन्देश बेठिक छैन । त्यसमा हामीले पुनर्विचार गर्न पर्थ्यो ।

अहिले माननीयहरूले धेरैले बोली पनि सक्नुभा' छ । प्रादेशिक पहिचानसहितको दिन पर्छ भनेर भन्ने त संविधानमै छ नि त्यो त छुट्या रैछ । अनि यत्रो महिला आन्दोलनको एउटा महत्त्वपूर्ण विषय आमाको पहिचान कसरी कायम गर्ने भनेर भन्ने विषय हामी धेरै धेरै उपलब्धिहरू हासिल गरिसकेका छौं । त्यो स्वघोषणा भनेर भन्ने आज एउटाको मात्र विषय होइन । महिलाको मात्रै विषय होइन । हामी सबैको राष्ट्रप्रति हामीले निर्माण गरेको संविधान हामीले निर्माण गरेका कानुनप्रति गौरव गर्न पर्छ । रै'छ नि त केही केही विषय यहा पनि त्यहीं भो' कमा पनि परिवर्तन गर्ने होइन । फुलस्टप पनि परिवर्तन गर्ने गर्नाल एउटा अक्षर पनि परिवर्तन गर्ने होइन भनेर भन्ने मान्यताले यहाँ आयो । यहाँ पनि मेरो विचारमा जसरी प्रतिनिधि सभामा पास भो' त्यसै गरेर पारित हुने छ । र टीका टिप्पणी धेरै होला तर यो राष्ट्रिय सभाले त्यसरी लिनुहुँदैन । म जति खुसी भ'को थिएँ विधायन समितिमा जब यो दफावार छलफलमा गैराख्या छ । र त्यसले साँच्चिकै त्यसमा रहेका कमी कमजोरहरू हटाउने छ । र त्यसले यो विधेयकलाई साँच्चिकै नेपाली जनतालाई मार्ग दर्शन गर्ने कानुनको रूपमा ल्याउने छ भनेर भन्ने मलाई लाग्या थियो । पास त हुन्छ नै यहाँबाट पनि किन बहुमतले पास गर्ने हो । तर कमी कमजोरसहित हुँदै छ र फेरि अर्को बन्ने सरकारमा पनि यो विषयहरू उठ्ने छन् । र जसले गर्दाखेरि आज हामीले पास गरेको यो विधेयकमाथि कानुन बनिसकेपछि पनि संशोधनको निम्ति एउटा चाहिँ ठुलो आन्दोलन ..... सक्छ । मैले देख्दै छु त्यो आन्दोलन कहाँसम्म जान सक्छ भनेर भन्न सकिन्न । तर त्यसले हरेक मान्छेको दिमागमा मुटुमा छोएको छ । हो त्यसो भएर सम्मानजनक व्यवहार गर्न सक्न पर्छ । र हामीले त्यसै गरेर बोल्न पर्छ ।

अब मैले वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा केही भन्न चाहन्छु । मैले अस्ति बोल्दाखेरि पनि भनेको थिएँ । कि जुन देशबाट विवाह गरेर आउने हाम्रो देशको बुहारी हुन् उनले त्यो देशको नागरिकता परित्याग गर्ने प्रक्रिया सुरु भएको छ । कुन ..... त्यो आधिकारिक ठाउँबाट त्यहाँबाट पत्र ल्याएर यो प्रक्रिया सुरु भएको छ भनेर भनेर त्यो

पत्र आइसकेपछि मात्रै हामीले नागरिकता दिने प्रक्रिया यहाँ नेपालमा सुरु गर्न पर्छ । त्यो व्यवस्था गर्न पर्छ भनेर मैले भनेको थिएँ । आज त्यो पनि भएन त्यो त वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्नेले मेरो विवाह भएको हो । त्यो विवाह भएको प्रमाणपत्र पेस गर्ने त्यसपछि मैले त्यो देशको नागरिकता परित्याग गर्न प्रक्रिया सुरु गरेको छु भनेर भनेपछि नागरिकता पाउने ०६३ सालको नागरिकता त्रुटिपूर्ण थियो त्यस बेला हामीले त्यसरी गर्न सकेनौं । त्यो जस्ताको तस्तै आयो । आउने भो' । यो गलत छ । यद्यापि अङ्गीकृत नागरिकताको सम्बन्ध यति धेरै चिन्ता गर्न पर्ने विषय हुन्न । किन हुँदैन भनेर भने अङ्गीकृत नागरिकता प्राप्त गर्ने व्यक्तिहरूका अधिकारका सीमाहरू छन् । कर्तव्यका सीमाहरू छन् । त्यसो भएर यो अधिकार सीमित गरिएको छ र हामीले त्यसलाई अङ्गीकृत नागरिकता प्राप्त गर्ने व्यक्तिले कुनै पनि कार्यकारी निकायमा निर्वाचित हुन नपाउने गरी हामीले निश्चित गर्न सक्छौं । त्यसो गरियो भने नागरिकता अङ्गीकृत नागरिकता यति छुटै दिएर पनि केही फरक पर्दैन ।

मैले यो अङ्गीकृत नागरिकताको सम्बन्धमा सम्बन्धमा वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा किन ध्यानाकर्षण गर्न चाहन्छु भने । १८१६ भन्दा पहिले हाम्रो देश आजको सीमानाभन्दा झन्डै झन्डै सय किलोमिटर तलसम्म थियो । पूर्वदेखि पश्चिमसम्म त्यस बेलादेखिको आवजाई हो यो । फेरि केबल त्यो सय वर्ष भनेर भन्ने मात्रै होइन सय किलोमिटर मात्रै भन्ने होइन त्यो अवधि मात्रै होइन ऐतिहासिक कालदेखि विध्या हुँदाखेरि हो त्यो कालदेखि हाम्रो त्यहाँ र यहाँको सम्बन्ध छ । अमेरिकामा गएर नेपाली नागरिकता पाउने चीनमा गएर अर्को नागरिकता पाउनेभन्दा पनि धेरै फरक छ । त्यसो भएर राष्ट्रिय सभाका हुन कि ? प्रतिनिधि सभाका सदस्य हुन् कि त्यो विज्ञ नेपालीहरू छन् । इतिहासविद् छन् उनीहरूले यसको सम्बन्धमा ज्यादै संवेदनशील भएर सोच्नुपर्दछ । किनकि हाम्रो सम्बन्ध भारत जन्मेको धेरैपछि १९४७ मा नेपाल त यो राज्य बनेकै ४ हजार वर्ष पहिले हो आजभन्दा । त्यस बेलादेखि नेपाल छ । त्यहाँका जनता र यहाँका जनता त्यसभन्दा पहिलेका राज्यहरूसित भएका सम्बन्धहरू यी सबैलाई चाहिँ तपाईंले केलाएर हेर्ने हो भने हाम्रो सम्बन्ध त्यस्तो छ । त्यो सम्बन्धलाई समेत ख्याल गर्दाखेरि हामीले अरू देशको भन्दा फरक किसिमले सोच्नै पर्छ । नेपाली भाषा र त्यहाँ बोल्ने भाषा एउटै भाषा हुन् संस्कृत भाषा हुन । यो हामीले बोल्ने नेपाली भाषा जो मातृ भाषा रूपमा छ । यो संस्कृत

र त्यो संस्कृत बिचमा केही भिन्नता छ ? उत्पत्तिको कारणले त्यसमा प्रभाव परेको कारणले अरू भाषाहरूको प्रभाव परेको कारणले केही फरक छ । तर एउटै हो । एउटै व्याकरण हो । एउटै शब्दहरू हुन् । नाता सम्बन्ध एउटै छ । यी सबै सबैले बताउँछ कि हाम्रो संस्कृतिको जड एउटै हो । र कालान्तरमा गएर एउटै हुन्छ । आज ..... फरक केही केही देखिन्छ । त्यस्तो छैन । हो त्यसो भएर त्यो वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा हामीले ख्याल गर्न पर्छ । र त्यहाँ र यहाँको बिचमा म काठमाडौंमा बसेर बोलिरहेको छु । यो सभाभित्र तर मेरो बोली त्यहाँ पनि पुग्न पर्छ पुग्छ । त्यहाँका जनता ऐतिहासिक कालदेखि कसरी आए भन्ने विषयलाई हामीले ख्याल गर्नुपर्छ ।

जहाँसम्म नेपाल राष्ट्रको स्वतन्त्रताको कुरा हो सारा संसार कब्जा गरेको बेलामा अङ्ग्रेज साम्राज्यवादसित भारतका ६ सय राज्यहरू ध्वस्त भैरहेका थिए । आज डेढ खर्ब जति जनसङ्ख्या भएको भारतका भिन्न भिन्न ६ सय राज्यहरू एक एक गरेर ढलिराखेका थिए । तर नेपाल ढल्न सकेन । होला कि हाम्रो भूभागको दुई तिहाइ हिस्सा गयो । तर पनि हामीले कहिले पनि उपनिवेश हुन परेन उसको अधीनमा रहन परेन र अङ्ग्रेज साम्राज्यवादलाई दुई वर्षसम्म टक्कर दिने नेपाली वीर योद्धहरू यो संसारमा त्यो बेला कुनै देश पनि थिएन कुनै देशका सेनाले साम्राज्य, बेलायती साम्राज्यलाई त्यसरी टक्कर दे'को थिएन । नेपालले दिएको थियो । नेपालसित त्यस बेला बिस हजार सेना मात्रै थियो ऊसित लाखौं सेना । तर पनि त्यो सेनाले बाध्य भएर सम्झौता गर्न पर्यो । सम्झौतामा धेरैको गुमाउनु पर्यो । पछि जाने बेलामा ब्रिटिस सरकारले तिम्रो गुमेको भूमिमाथि दाबी गर । हामी तिमीलाई फर्काइदिन्छौं भन्दाखेरि पदम शमशेर र मोहन शमशेरले त्यो आँट गरेनन् । गरेका भा' के हुन्थ्यो त्यो त भएन परिकल्पना नगरौं । तर कुनै बेला त आउला यस्तो किसिमको हामी पनि त्यहाँका जनता हामी यहाका जनता त्यहाँका जनता भएका थियौं । नेपालै थियो यहाँसम्म भनेर भन्ने ठाउँ पनि दिन पनि आउला । आउँदैन भनेर कसैले भन्न सकिन्छ ।त्यसो भएर यी सबै विषयलाई चाहिँ हामीले ख्याल गरौं ।

अङ्गीकृत वैवाहिक नागरिकताको सम्बन्धमा यत्रो समय राख्न पर्छ त्यसपछि मात्रै दिन पर्छ राष्ट्रियता बच्छ भन्ने सम्बन्धमा अमेरिकाले विचार गर्न सक्ला भारतले त्यसो गर्ला अरू सबैले गर्न सक्ला तर हामीले गर्न हुँदैन । हामी त्यो खालका जनताको निम्ति कुरा गरिरहेको जो एकपटक नेपाल थियो । र त्यहाँ र त्यहाँको बिचमा मैत्रीपूर्ण ..... सम्बन्ध

थियो । त्यहाँबाट त्यही ठाउँबाट यहाँ काठमाडौं आएर बसोबास गरेर आज नेवार भएका छन् तर धेरै धेरै मानिसहरू आ'का छन् । पुस्तौ पुस्ता बसेका छन् । यसरी धुलमिल भा'को समाज हो । त्यसो भएर यो समाजमा त्यो हामीले विचार गर्न पर्छ । त्यो फिजी बन्ने होइन । त्यो अरू कुनै खालको बन्ने होइन । चीनसित त्यो सम्बन्ध छैन हाम्रो । तर त्यो ठाउँको सारा भारतभरि होइन । तर त्यो ठाउँ जहाँबाट अहिले पनि रोटी बेटीको चलन छ । रगतको साइना छ । नाताको साइना छ । त्यो आज हामीले बनाएको होइन । त्यो पुस्तौं पुस्ता नेपाल जन्मँदादेखि लिएर आजसम्म । विनयराज्यको अस्तित्व सम्भवतः ईसा पूर्व ७ सय वर्ष पहिले थियो त्यस बेला पनि नेपालको राजा र त्यहाँको राजाहरूको बिचमा सम्बन्ध थियो । त्यस बेलादेखि आजसम्म हामीले सबै ऐतिहासिक विषयवस्तुहरूलाई केलाउँदाखेरि पनि त्यो संस्कृतिक विरासित हामीसित हुन पर्दैन ? त्यसो भएर हामीले यी सबैलाई विचार गर्न पर्छ र मैले त यसलाई पास गर्न पर्छ । फर्काउन पर्छ र जस्ताको त्यस्तै पठाउन पर्छ भनेर भन्ने विषयलाई मैले मेरो विचार यो छ भनेर भन्दैन । तर म भन्न चाहन्छु कि जस्ताको तस्तै पठाउने काम अहिलेको राष्ट्रपतिको अपमान हो र त्यो राष्ट्रपति पदको अपमान हो राष्ट्रिय सभाले कम से कम ती हरेक बुँदाहरूमा आज तपाईं जे गर्दै हुनुहुन्छ त्यही निष्कर्ष निकाल्नुहुन्थ्यो । हामी थियौं नि त बहस गर्ने त्यो विधेयक समितिमा किन बोलाइएन हामीलाई ? ती अत्यन्त ग्रहणीय छन् कतिपय विषयहरू शिक्षा लिने किसिमका छन् । हो त्यसो भएर जस्ताको त्यस्तै पठायौं भनेर गौरव गर्ने विषय होइन । यसमा ख्याल गर्नुपर्छ पुनर्विचार गर्नुपर्छ । ध्यानाकर्षण गर्दै । यो सभाको ध्यानाकर्षण गर्दै मेरो भनाइ यहीं अन्त्य गर्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सुमित्रा वि. सी. ।

<u>**माननीय श्री सुमित्रा वि. सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आज हिजोदेखि हामी यो एउटा हाम्रो राष्ट्रको गम्भीर विषयमा विभिन्न माननीयज्यूहरूले आफ्ना धारणाहरू राखिराखुभा' छ र हिजोदेखि व्यापक हामी छलफल गरिरहेका छौं । र यो जुन नेपालीको पहिचान नागरिकताको बारेमा हामी छलफल गयौं । योभन्दा पहिला पनि हाम्रो सभामा आइसकेको कुरा हो । र अहिले राष्ट्रपति सम्माननीय

राष्ट्रपतिज्यूले पुनर्विचार गरेर गहन छलफल गरेर र सुधार्नुपर्ने कुराहरूमा अझै सुधार्नुपर्ने छ भन्दै जुन सन्देशसहित पठाउनुभएको छ । यसको बारेमा हामी थुप्रैले धेरै चर्चा गर्यौं तर मलाई यो नागरिकता जस्तो विधेयकमा । यो एउटा नेपालीहरूको आफ्नो राष्ट्रियताको पहिचानको सवाल विषयमा यस्तो खालको कानुन बनाउँदाखेरि हामी हतार पतार गरेर जसरी बहुमतको आधारमा पास गर्न लागिरहेका छौं । मलाई लाग्छ यो जस्ताको त्यस्तै गरौं भने जस्ताको तस्तै पास गर्यौं भने यो गठबन्धनको सरकारले त जित्ला र राष्ट्रपतिको अपमान मात्रै नभएर यो राष्ट्रले पनि हार्ने छ भन्ने मलाई महसुस भैरहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, यो नागरिकतामा नेकपा एमालेको धारणाहरूको बारेमा हाम्रा संसदीय दलका नेता प्रमुख सचेतक र थुप्रै माननीयहरूले आफ्ना धारणाहरू राखिराख्नुभ'को छ । र यसको बारेमा यो राष्ट्रिय सभामा भएका माननीयज्यूहरू पनि सबै जानकार हुनुहुन्छ । र कतिपय सत्तापक्षका माननीयज्यूहरूलाई पनि व्यक्तिगत रूपले यो कुरो प्यार अप्ठ्यारो लागिरहेको छ । लाग्दा लाग्दै पनि वाहाँहरू विवस हुनुहुन्छ । र एउटा दलीय व्यवस्थामा पार्टीको ह्विप पनि मान्नुपर्ने होला र यसले गर्दाखेरि हामी यस्तो कुरोमा कहिलेकाहीँ पार्टी भन्दामाथि पनि उठ्नुपर्ने हुन्छहोला । पार्टी भन्दामाथि राष्ट्रियताका सवालमा माथि उठ्दाङ्क सम्बन्धित माननीयको साख नै रहन्छ भन्ने मलाई लाग्छ र नेकपा एमालेले धेरै कुरो उठाएको छैन । हामी वर्षौंदेखि महिला आन्दोलनका निम्ति महिला आन्दोलन गर्दै नेतृत्व गर्दै आएका र महिला अधिकारका निम्ति बहस गर्दै आएका महिला माननीयज्यूहरू आज हामी यो नीति बनाउने ठाउँमा छौं कानुन बनाउने ठाउँमा छौं । आफू कानुन बनाउने ठाउँमा पुग्दाखेरि पनि नेपाली महिलाहरूमाथि असमानता भएको कुरो हामी हेर्न सक्दैनौं । जुन कुरो यहाँ अङ्गीकृत नागरिकताको कुरा आएको छ । बुहारीलाई आउँदा आउँदै भोलिपल्ट दिनुपर्ने र जुवाइँका बारेमा केही नबोलिएको कुराहरू छ । यो नेपाली महिलाहरूमाथिको असमानता हो । र यो असमानता हुन हुँदैन भनेर हिजो हामी सडकमा बोल्ने गर्थ्यौं भने आज बहुमतका आधारमा यसलाई पास गरे पनि हामी हाम्रो आफ्नो मत जाहेर गर्न चाहन्छौं । यो असमानता हुनुहुँदैन ।

र यो अङ्गीकृत नागरिकताको बारेमा कुरा उठिरहँदा हामी राष्ट्रिय सभाका सदस्यहरू राष्ट्रिय सभाका सदस्यहरू राष्ट्रको नेतृत्व गर्नुपर्ने हो । र हाम्रो सङ्घीयताले म कर्णाली प्रदेशको प्रतिनिधित्व गर्दै पनि म राष्ट्रका निम्ति राष्ट्रका विभिन्न भूभागको बारेमा मैले चिन्ता

जाहेर गर्नुपर्छ । र त्यो राष्ट्रियताका कुराहरू गर्दा नेपालको कानुन बनाउँदा नेपालको तर्फबाट तराईको भूभागबाट प्रतिनिधित्व गर्ने माननीयज्यूहरूले किन चित्त दुखाउनुपर्ने हो । हामी कसको लागि यो कानुन बनाउँदै छौं । हामी नेपाली भएर नेपालको कानुन बनाउँदा कसलाई खुसी पार्नुपर्ने भएर हामी चिन्ता जाहेर गरिरहेका छौं । र यो वैदेशिक नागरिक भन्दाखेरि मलाई लाग्छ के भारत मात्रै विदेश हो त ? विश्वमा अरू देश छैनन् ? अरू देशका नागरिकहरू यहा आउन सक्दैनन् ? र अरू देशका नागरिकसँग यहाका चेलीहरूले विवाहवारी गर्न सक्दैनन् ? त्यसकारणले यो छिमेकी मुलुकले मात्रै मुलुकका निम्ति मात्रै धेरै चिन्ता जाहेर गर्नुपर्छ भन्ने मलाई लाग्दैन । त्यसकारणले हामीले यो जुन स्वघोषणा गर्ने कुराहरू जुन छ । त्यो स्वघोषणाले पनि यहाँ साथीहरूले भनिसक्नुभ'को फरक मत पनि दर्ज गरिसक्नुभ'को छ । र यसको बारेमा मेरो पनि धारणा यो जसरी पनि नेपाली महिलाहरूलाई सिर निहुऱ्याउने अपमान हुने यस्ता कुराहरू सह्य हुने छैनन् । यस्ता कुराहरूलाई हटाएर संशोधन गरेर यो राष्ट्रियताको सवालको बारेमा राष्ट्रियता सहमति जनाउँदा उपयुक्त हुन्छ । र यसलाई हतार गर्न हुँदैन । र जुन नेपालीहरू आज अनागरिक भएर बसिरहेका छन् । वाहाँहरूको निम्ति नेकपा एमालेको धारणा प्रष्ट छ । चाहें साढे छ लाख हुन् चाहें त्योभन्दा धेरै हुन् यी सबै नेपालीहरूले आफ्नो अधिकारअनुसारको नागरिकता प्रमाणपत्र पाउनुपर्छ र उनीहरूले सबै गरी खाने बाटो खोलाउनुपर्छ भन्ने मेरो पनि धारणा छ । त्यसकारणले यो नेकपा एमालेको धारणा नेपालीहरूलाई नागरिकता दिन हुँदैन भन्ने होइन । र यो राष्ट्रियतालाई खतरा हुने गरी सहज ढङ्गले यसलाई सस्तो बनाएर हतार हतार गर्नुपर्ने जरुरी छैन भन्ने मलाई लाग्छ । र यहा कतिपय माननीयहरूले कुरो उठाउनुभो' । के आउँदाबित्तिकै नागरिकता दियो भने कुन चाहिँ बुहारीले के अवरोध गरिन् ? हामी सबैलाई थाहा छ । हामीले चुच्चे नक्सा पास गर्दाखेरि एक जना बुहारीले अवरोध गरेर वाहाँ आफै कारबाहीमा सम्म पर्नुभ'को कुरोहरू हामी सबैलाई हेक्का छ । त्यसकारणले यो राष्ट्रियताका सवालमा खेलवाट नगरेर गम्भीरतापूर्वक हामी सोचौं र यसलाई हिजोका दिनमा पनि यस्तै आएको थियो यस्तै भ'को थियो । अहिले गर्दा के फरक पर्छ ? भन्ने भनाइ भन्दा पनि हिजो गल्ती भएको छ भने पनि आज हामी सच्याउनुपर्ने हुन्छ सच्याउन आएकाहरूले यो फेरि फेरिका निम्ति यसलाई विवाद नहुने गरी सबैको सहमतिमा हामीले यो नागरिकता विधेयकलाई पास गर्नुपर्छ र यहाँ थुप्रै माननीयहरूले केही केही कुरा भन्नुभ'को छ ।

संस्कृति, संस्कार र आगो र पानीसँग खेल्न हुँदैन अगि नै हाम्रो माननीय दलको नेताज्यूले भनिसक्नुभ'को छ । र हामी धेरै खेल्दैनौं । हामी धेरै के थोरै पनि खेल्दैनौं । त्यसकारणले संस्कृति जोगाउनैकै निम्ति नेपालको नेपालको राष्ट्रियता जोगाउनैकै निम्ति हामी ज्यानको आहुति दिएर पनि खेल्न तयार छौं ।नेपालको राष्ट्रियतालाई खतार पर्ने गरी हामी आफैले नियम बनाएर हाम्रो हतियारहरू नागरिकता जस्तो नेपालीको पहिचान हामी जुन ठाउँमा जाँदाखेरि पनि हामी नेपाली हौं भनेर सिर ठाडो गर्ने पहिचानलाई खतार पर्न थाल्यो भनेदेखि हामी हाम्रो ज्यानको आहुति दिन पनि तयार छौं । हिजोदेखि राष्ट्रियताका निम्ति आन्दोलन गर्दै आयौं । नेपाली जनताहरूलाई शिक्षित बनाउँदै आयौं । मलाई लाग्छ नेपाली जनताहरूले बुझिरहेका छन् ।

र नेकपा एमालेका माननीयहरू नागरिकता नदिने पक्षमा छैनन् । नागरिकता नपाउनेहरूलाई छिटो भन्दाछिटो नागरिकता दिने पक्षमा छन् । तर गल्ती गरेर यो नागरिकतालाई सस्तो बनाउने पक्षमा छैनन् र यो राष्ट्रपतिले जुन पठाउनुभएको यो सन्देशलाई विधायन समितिमा गयो । हामीले अरू अरू विधेयकमा संशोधन हाल्दाखेरि जस्तै अस्ति भर्खरै हामीले कारागार विधेयकमा लामो समय छलफल गयौं र यो नागरिकतामा पनि हामीले संशोधन हालेका थियौं पहिला । र यसमा पनि संशोधनकर्तालाई बोलाउनुपर्छ भन्दाभन्दै त्यो समितिमा भएका नेकपा एमालेका माननीयज्यूहरूले भन्दाभन्दै जुन संशोधनकर्ताहरूलाई नबोलाएर बहुमतको आडमा जसरी हतार हतार त्यसलाई पास गरेर त्यहाँ ल्याइयो । हिजो भन्दै हुनुहुन्थ्यो माननीयज्यूहरूले हामीले राष्ट्रपतिले पठाएको कुरा त के राष्ट्रपतिको अधिकार के हाम्रो संसद हामी नै बलियो भनेर जुन भन्नुभ'को थियो । अब यहाँ माननीयज्यूहरू कति बलियो हुनुहुन्छ भन्ने कुरो त हामीले अस्ति भर्खरै एउटा महिला हिंसासम्बन्धी सङ्कल्प प्रस्ताव पास गरेका थियौं । राष्ट्रिय सभामा मलाई लाग्छ । कुनै पनि माननीयले त्यसको विपक्षमा बोल्नुभएको थिएन । र त्यो लगभग पास भए जस्तो स्थिति थियो । त्यो पनि त्यो पनि के भयो भन्ने कुरो यहाँहरू सबैलाई थाहा छ र यहा माननीयहरूको हैसियत कति छ भन्ने कुरो चाहिँ देखाइसकेको छ । यो राष्ट्रिय सभाको गरिमा बढाउनका निम्ति राष्ट्र प्रमुखको पनि सम्मान गर्नका निम्ति र हिजो भएका गल्तीहरूलाई सच्याउनका निम्ति यो आज यो राष्ट्रिय सभा फेरि त्यस्ता गल्तीहरू नदोहोराईकिन राष्ट्रपतिले पठाउनुभएको यो जुन सन्देश छ । यसलाई पनि सम्मान गर्दै यो

सभाले कम से कम आफ्नो हैसियत कायम राख्ने छ भन्ने भनाइहरू राख्दै आफ्ना भनाइ टुङ्ग्याउँछु । हस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सुरेश कुमार आलेमगर ।

**<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आजको विषयवस्तुमा प्रवेश गर्नुभन्दा अगाडि म दुइटा कुरा राख्न चाहन्छु । पहिलो कुरा अगि अगि लाग्ने गरेको समयको पाबन्दी यो छलफलमा घट्यो यो किन भएछ । म अलिकति उत्सुक्ता र अलिक नै लाग्यो नै र खुसी पनि लाग्यो । प्रतिपक्ष माननीयज्यूहरूलाई सजिलो बनाउनको लागि लागेको हो कि । भन्ने शङ्का पनि लाग्यो । तर म यतातिर जान चाहिनँ । यो अध्ययन अनुसन्धानतिर म जान चाहिनँ मैले छोड्दिएँ । किनकि यो अवस्थाबाट म पनि लाभान्वित भएको छु । म पनि एडभान्टेज भएको छु ।

दोस्रो कुरा चाहिँ के छ भने मैले पनि कुनै नयाँ कुराहरू बोलिरहने छैन । म घोषणा गर्न चाहन्छु मसँग धेरै नयाँ कुराहरू छैन् । तिनै पुरानो कुराहरू मसँग छन् । अथवा म थोत्रो पुरानो टेप रिकर्ड नै फेरि बझाउने छु । त्यो किन त भन्दाखेरि विषयवस्तु नै पुरानो छ । एक त विषयवस्तु नै पुरानो छ । त्यसमा मेरो के नयाँ कुरा हुने भयो र । अर्को सबै माननीयज्यूले तिनै कुरा भट्याइरहनुभएको छ । जो वाहाँले पटक पटक बोलिसक्नुभो' त्यसैले मैले पनि कुनै ठुलो अपराध गरे छैन जस्तो मलाई लाग्छ । यसपछि म आजको विषयवस्तुमा प्रवेश गर्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय ।

सबभन्दा पहिले म यी तीनटा विषयमा सायद मेरो छोटो छोटोमा कुराहरू हुने छ आफ्नो धारणाहरू हुने छ । विधेयक नागरिकताको विधेयक राष्ट्रपतिको सन्देश त्यसपछि विविध । सबभन्दा पहिले विधेयक यो नागरिकताको विधेयकको बारेमा प्रष्ट छ । जस्तो कि हाम्रो माननीय गृह मन्त्रीज्यूले बारम्बार भन्नुभएको छ । यो विधेयकमा आमाको नाममा नागरिकता दिने । एउटा सहराहनीय प्रावधान छ । त्यसै गरी गैरआवासीय नागरिकहरूलाई नागरिकता दिने कुरा पनि छ । तेस्रो लिङ्गीलाई पनि नागरिकता दिने पनि यो विधेयकमा छ । जुन धेरै महत्त्वपूर्ण छन् । ऐतिहासिक दूरगामी महत्त्वका छन् । त्यसको साथसाथै सबभन्दा महत्त्वपूर्ण कुरा जसरी लक्षित गरिएको छ । त्यो नेपाली बाउ आमाको सन्तानले

नागरिकता पाउनबाट वञ्चित रहेको अवस्था र जुन कारणले उनीहरूले धेरै पीडा धेरै समस्या भोग्नुपरेको अवस्था हो त्यसलाई लक्षित गरेर यो विधेयक आएको छ । यिनै कुराहरू छन् । कुरो प्रष्ट छ ।

अब वैवाहिक नागरिकताको बारेमा के गर्ने भनेर यसमा चाहिँ छैन् । यो विधेयकले त्यहाँ लक्षित पनि गरेको छैन । निश्चित रूपाम त्यो गर्नुपर्दछ । वैवाहिक अङ्गीकृत नागरिकताको बारेमा के गर्ने; कसो गर्ने भन्ने बारेमा स्पष्ट हुनुपर्दछ । त्यो संविधानमा छैन । दशकौंदेखि त्यो चल्दै आएको छ । त्यो बारेमा केही न केही प्रावधान हुनुपर्दछ भन्ने हाम्रो पनि अडान छ । त्यो अडानमा हामी कायमै छौं । विदेशी महिलाले तुरुन्तै नागरिकता पाउनुहुँदैन भन्ने जुन कुरा छ । सैद्धान्तिक हिसाबले त्यसमा सहमत छौं । त्यसमा अडिक छौं । तर यो विधेयकको त्यो लक्ष्य छैन । यो विधेयकले त्यता सोच्याएको छैन । त्यो गर्नुपर्दछ । तर त्यो गर्नको लागि संविधानको संशोधन हुनुपर्ने हुन्छ । तर मलाई आश्चर्य केमा लाग्छ भने राष्ट्रिताको ..... दिनुहुन्छ माननीयज्यूहरूले धेरै धेरै तर जुन कुरा यो विधेयकले छोएको छैन । जुन छुनुपर्दछ । जुन छुनको लागि संविधानको सांशोधन आवश्यक हुन्छ । त्यता कसैले पनि भन्नुहुँदैन फेरि । वाहाँले जुन कुरा गरिराख्नुभ'को छ । त्यसको लागि संविधानमा संशोधन हुनुपर्दछ । त्यता त कसैले भन्नुभा'को छैन । संविधानको संशोधन गर्नपर्दछ भनेर त कसैले भन्नुभा'को फेरि यो के हो ? त्यसैले यो जुन यो विधेयकमा हुँदै नभएको कुराको बारेमा धेरै भट्याएर हामीले किन धेरै समय नष्ट गरिरहेको होउँला । किन ऊर्जा, किन हाम्रो परिश्रम खर्च गरिरहेको होउँला भन्ने मलाई के त भन्दाखेरि बडा आश्चर्य लाग्दछ । त्यतातिर हामीले जाऊँ बरू त्यता हामीले..... यो देशका आदवासी जनजातिहरू दलित मधेसीहरूले पनि संविधानमा संशोधन खोजेका छन् । उनीहरूले आफ्नो प्रकारको संशोधन खोजेका होलान् । यो वैवाहिक अङ्गीकृत नागरिकता दिने सम्बन्धमा एकपटक संशोधन होला तर संशोधनको आवश्यक चाहिँ छ । त्यहाँ कसैले केही भनेका छैनन् ।

यसपछि म सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रपतिको सन्देशको बारेमा आउन चाहन्छु । सम्माननीय राष्ट्रपतिज्यूले जुन सन्देश पठाउनुभएको छ । जुन सन्देशसहित यो विधेयकलाई फेरि पठाउनुभएको त्यो सश्चित रूपमा संवैधानिक छ । जस्तै हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूले पनि स्वीकार गरिसक्नुभएको छ । गठबन्धनका आदरणीय नेताहरूले सबैले

स्वीकार गरिसक्नुभएको छ । त्यो संवैधानिक छ हाम्रो त्यहाँ कुनै पनि आपत्ति छैन । हाम्रो त्यहाँ कुनै आपत्ति छैन । विरोध गरेका छैनौं । यो सम्बन्धलाई लिएर केही गतिविधि वाहाँबाट भयो । त्यहाँ मात्रै हाम्रो केही उत्सुक्ता हो । हो वाहाँहरूले विभिन्न व्यक्तिहरूसँग भेटघाट गर्न सक्नुहुन्छ । तर यति नै बेला यो नागरिकताको विधेयक आइरहेकै बेला सैनिकहरूसँग भूतपर्व बाहालवालासँग किन गर्नुपर्यो भन्ने कुरा मात्रै हो । त्यहाँनिर र एउटा यसबारेमा त्यो भने मैले त्यसैले राष्ट्रपतिको जुन कदम छ । जुन वाहाँले फर्काउनुभयो । सन्देशसहित त्यो बिल्कुल संवैधानिक छ । कानुनसम्मत छ । हाम्रो त्यहाँ कुनै केही छैन । यसको साथसाथै के पनि भन्न चाहन्छु त भन्दाखेरि प्रतिनिधि सभाले जुन प्रकार पारित गर्यो । त्यो पनि त कानुनसम्मत छ त फेरि त्यो पनि संविधानसम्मत छ त फेरि संविधानमा त्यो व्यवस्था छैन ? राष्ट्रपतिलाई पठाएको विधेयक अथवा त्यस्तै केही डकुमेन्डहरूलाई प्रतिनिधि सभाले फर्काउन सक्दैन ? त्यो असंवैधानिक छ ? त्यो गैरकानुनी छ र ? त्यो संविधानमै व्यवस्था छ त्यो त । यसमा धेरै टाउको दुखाइरहनुपर्ने हो हल्ला गर्ने कुरा जस्तो मलाई त लाग्दैन । जहाँसम्म अहङ्कार दम्भको कुरा छ । राष्ट्रपतिको त्यो सन्देशसहितको विधेयक फिर्ता जुन भयो । त्यसबारेमा गठबन्धनका आदरणीय नेताहरू बसेर एउटा निर्णय गर्नुभयो त्यसलाई प्रतिपक्षका माननीयज्यूहरूले अहङ्कारको रूपमा लिनुभयो । दम्भको रूपमा लिनुभयो । यो बारेमा मेरो दुइटा कुरा । एउटा त के भन्दाखेरि कुनै पनि किसिमको कदम चालिएपछि यसका प्रतिउत्तरमा केही कदम हुन सक्दछ । जस्तो राष्ट्रपतिजीलाई एउटा कदम चाल्नुभयो । गठबन्धनका नेताहरूले अर्को कदम चाल्नुभयो । म माओवादीको मान्छे हो त्यसैले राष्ट्रपतिज्यूले एउटा फायर खोल्नुभयो । गठबन्धनले अर्को फायर खोल्यो । त्यो प्रतिउत्तरको फायर थियो । दुइटै संवैधानिक छन् । त्यसैले यहाँनिर यो दम्भ र अहङ्कारको कुरा होइन । यो दम्भ र अहङ्कारको कुरा यसलाई दम्भ अहङ्कारको रूपमा लिन हुँदैन भन्ने मलाई लाग्दछ । यदि त्यसो हो भने पनि; यदि त्यसो हो भने पनि एकल अहङ्कार होइन । एउटा व्यक्तिले देखाएको अहङ्कार होइन । पाँच दलले पाँच दलका कम्तीमा पनि छ सात जना आदरणीय नेताहरूले सामूहिक रूपमा बसेर गर्नुभएको एउटा निर्णय हो । त्यो दम्भ होइन । अहङ्कार होइन । त्यो सामूहिक एउटा निर्णय हो । अहङ्कार हो भने पनि त्यो सामूहिक अहङ्कार होला हुनत अहङ्कार भन्दिनँ म त्यसलाई । अहङ्कार हो भने पनि त्यो सामूहिक अहङ्कार हो । यो अहङ्कार एकल व्यक्तिको अहङ्कारका विरुद्धमा सृजना भएको सामूहिक अहङ्कार होला । म त्यो रूपामा लिन्छु यसलाई । यसभन्दा पहिला भा'को

थिएन ? एउटा पार्टीभित्र पनि आफ्नो नेतासँग छलफल गरिएको थिएन । अचानक आएको अहङ्कार थियो त्यो । दम्भ थियो । त्यसले कहाँ के के हान्यो । कता कता असर पार्यो । म त्यतातिर जान चाहन्नँ । को कहाँबाट झर्यो । कुन बादशाह कुन घोडाबाट खसालियो आदि इत्यादि म त्यता जान चाहिनँ । तर यो अहङ्कार हो भने पनि त्यस्तो प्रकारको अहङ्कार हो । त्यसैले त्यो रूपमा लिनुहुँदैन । यो अहङ्कार जसलाई तथाकथित अहङ्कार भनिएको छ । यो अहङ्कारमा सिङ्गो देश बोलेको छ । सिङ्गो नेपाली जनताको भावना हो यो कसरी अहङ्कार भयो ? कसरी दम्भ भयो ? एउटा पार्टीको नेताले भनेको कुरा चाहिँ अहङ्कार हुने त्यसबारेमा धेरै टीका टिप्पणी नहुने धेरै टाउको नदुखाउने वाहाँहरूले तर सिङ्गो नेपाली जनताको पाँचओटा पार्टीहरूको नेतृत्व गर्दै जानुभएको आदरणीय नेताहरूले गर्नुभएको सर्वसम्मत निर्णय सामूहिक निर्णयलाई त्यसो भन्दा चाहिँ उचित हुन्छ जस्तो मलाई लाग्दैन । र राष्ट्रपतिज्यूको बारेमा जुन कदम हामीले चाल्यौं । अथवा चाल्दै छौं । त्यसै गरी प्रतिनिधि सभा जुन गर्यो । त्यो चाहिँ राष्ट्रपतिज्यूको अपमान हो जस्तो मलाई लाग्दैन । संविधानतः कदम संवैधानिक कदम कसरी अपमान हुन सक्छ ? संविधानमै व्यवस्था छ त्यो । त्यसैले त्यो अपमान पनि होइन । अपमानको रूपमा पनि लिन हुँदैन । यदि त्यसलाई अपमान मान्ने हो भने त राष्ट्रपतिज्यूले पनि संसदको अपमान गर्नुभयो । दुइटा सदन प्रतिनिधि सभा र राष्ट्रिय सभाले जे होस् पार्टी गरेर लगेको थियो नि त त्यो एउटा विधेयक त्यसलाई वाहाँले त मान्नुभएन फिर्ता गरेर दिनुभो' । अपमान हो त यो ? होइन । यो पनि अपमान होइन । राष्ट्रपतिज्यूले फर्काउनुभएको कुरा पनि अपमान होइन । संवैधानिक निर्णय नै हो । संवैधानिक कदम नै हो । राष्ट्रपतिज्यूले जुन गर्नुभयो त्यो पनि संवैधानिक हो । यो दुइटा सदनको अपमान होइन । राष्ट्रपतिज्यूले सन्देशसहित जुन पठाउनुभयो र प्रतिनिधि सभाले जुन गर्यो । त्यो पनि अपमान होइन । अपमानको रूपमा लिनुहुँदैन भन्ने मलाई लाग्दछ ।

सम्माननीय अध्यक्ष महोदय, यो बारेमा यिनै कुरा राखेपछि म चाहिँ केही छुटपुट कुराहरू जो यहाँ उठे त्योबारेमा विधेयकमा जुन कुराहरू यहाँ राखिएको छ । त्योबारेमा पनि यहाँ केही कुराहरू राख्न चाहन्छु । सबभन्दा पहिले यो राष्ट्रियताको बारेमा राष्ट्रियताको बारेमा धेरै कुराहरू यहाँ राखियो । राष्ट्रियताको सवाल; राष्ट्रिय स्वाधीनताको सवाल देशको सवाल निश्चित रूपमा धेरै महत्त्वपूर्ण धेरै गम्भीर संवेदनशील सवाल हो । यसलाई हल्का

रूपले लिनुहुँदैन । कसैले पनि लिनु हुँदैन । कसैले पनि लिनु हुँदैन । सत्तापक्षले पनि प्रतिपक्षले पनि कसैले पनि अथवा यो सदनमा रहेदेखि बाहिर रहेका कुनै आम नागरिकले पनि यसलाई हल्का फुल्का रूपमा लिन हुँदैन । तर यो जुन..... हामीले त्यो सवालले राष्ट्रियताको सवालसँग जोडिन्छ भने निश्चित रूपले हामीले चाहिँ त्यसमा चिन्तन मनन् गर्नुपर्दछ । हाम्रा धारणाहरू सोहिअनुसार गम्भीर रूपमाले के चाहिँ भन्दाखेरि हामीले व्यक्ति गर्नुपर्दछ । त्यो राष्ट्रियताको सवाल तर के चाहिँ नगरियोस् भने आफू मात्रै बढो राष्ट्रवादी हामी राष्ट्रघाती । आफू चाहिँ बढो देशभक्त हामी देशद्रोही त्यस्तो चाहिँ नगरियोस् । यसरी जुन प्रस्तुत भैरा' छ । यसले चाहिँ हामीलाई त्यति मिठो लागिरहेको छैन । अब उदाहरण दिने हो भनेदेखिन् त कुनै देशको एउटा इन्टेलिजेन्स प्रमुख प्लेन चार्टर गरेर प्रधानमन्त्रीको मा जाने महाकाली सन्धिका कुरालगायतका थुप्रो थुप्रो कुराहरू छन् ।

त्यसैले त्यो राष्ट्रियताको सवालमा हामी पनि अत्यन्त संवेदनशील छौं । गम्भीर छौं राष्ट्रियतामाथि आक्रमण हुन्छ भने हस्तक्षेप हुन्छ भने हस्तक्षेप हुन्छ भने त्यसको लागि हामी पनि आफ्नो जीवनको बलिदान दिन तयार छौं किनकि पार्टीहरूभन्दा सत्ता प्रतिपक्षभन्दा निश्चित रूपमा देश ठुलो राष्ट्रिय स्वाधीनता ठुलो हो । राष्ट्रिय सार्वभौमिकता ठुलो हो यसलाई हामीले यसरी लिएका छौं । र तर यति बेला भने चाहिँ यो विधेयकमा यो विधेयकमा यो नागरिकताको विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकतको सम्बन्धमा नआएको हुनाले हामीले त्यता त्यति धेरै आफना धारणाहरू व्यक्त गरिरहेका छैनौं । त्यो मात्र कुरा हो । समग्र राष्ट्रियताको सवालमा म चुनौतिका साथ भन्छु । प्रतिपक्षका माननीयज्यूहरूभन्दा हामी कम छैनौं । र यो जुन राष्ट्रियताको सवाल पनि जुन छ । यो निश्चित समुदायलाई लक्षित गरेर भनिन्छ । त्यो होइन । निश्चित समुदायको मान्छेलाई लक्षित गरेर जुन भन्ने गर्या छ । त्यो गलत छ किनकि राष्ट्रघाती जुन समुदायको भए पनि राष्ट्रघाती हो । महिला भए पनि पुरुष भए पनि राष्ट्रघाती राष्ट्रघाती नै हो । पूर्वको होस् कि पश्चिमको होस् । हिमाल, पहाड, तराई, मधेसी, आदिवासी जनजाति, बाहुन, क्षेत्री, दलित जो सुकै होस् राष्ट्रघाती राष्ट्रघाती नै हो । तर कुनै मधेसीले राष्ट्रघात गरेको मैले अहिलेसम्म पाएको छैन । बरु मैले त के पाएको छु भने मधेसमा मधेसका जुन सीमानाहरू छन् । त्यो सीमानाका देशभक्त पहरेदारहरू यिनै मधेसी मुलका छन् । सप्तरी जिल्लाको तेलाठिमा भारतीय प्रहरीसँग क'ले लड्यो ? ( के यादव रे जितेन्द्र कम्रेड) देवनारायण यादव गण्डक नहरमा हामीलाई पानी

थोरै दिइयो । त्यो नहरमा सुन्ने को थियो । प्रमोद शाह जस्तो मलाई लाग्छ । यस्तोहरू छन् । त्यसैले यो सिङ्गो एउटा कुनै सिङ्गो समुदायलाई लक्षित गर्ने कुरा जुन छ । सिङ्गो समुदायलाई राष्ट्रघाती भनिदिने । अरूलाई चाहिँ नभन्ने भन्ने कुरा त्यो गलत छ । अगि मैले भनें फेरि दोहोर्याउन चाहें राष्ट्रघाती राष्ट्रघाती नै हो । बरु व्यवहारले के देखाउँछ भन्दाखेरि राष्ट्रघातको जति पनि आरोप लागेको छ । कोही पनि मधेसी छैन । कुनै पनि मधेसीमाथि त्यस्तो आरोप लागेको छैन । सत्तामा पुगेपछि कुर्सीमा पुगेपछि के होला त्यो । त्यति बेलै कुरा होला त्यो अहिलेसम्मको इतिहासमा चाहिँ त्यस्तो छैन । त्यसैले यो कुरा गलत छ र योबारेमा यसरी नै हेरियोस् भन्ने लाग्छ ।

र एक हातले नागरिकता एक हातले सिन्दुर । एक हातले सिन्दुर एक हातले नागरिकता दिने भन्ने जुन कुरा छ । योबारेमा मलाई चाहिँ के लाग्छ भने यस्तो गर्ने कुरा चाहिँ ठिक त होइन । यो गर्ने कुरा जुन छ । यो ठिक होइन । कहीं पनि संसारमा यस्तो छैन । परम्पराको सम्बन्धमा परम्परासँग अन्त छ भनेर हामीले गर्न जरुरी छैन । अन्त छँदै छैन भनेर हामीले नगर्ने भन्ने कुरा पनि होइन । अन्त छैन भने पनि हामीलाई ठिक लाग्छ भने त्यो परम्परा सुरु गर्न सक्छौं । अन्त छ भने पनि हाम्रो यसमा छैन भने हामीले यसमा नगर्न सक्छौं । यसरी हेर्नुपर्ने चाहिँ हुन्छ । जहाँसम्म यो परम्परा छ । यो परम्परा हरेक कोणबाट बेठिक चाहिँ छ चल्दै आएको हुनाले योबारेमा योबारेमा हाम्रो जुन रोटी बेटीको साइनो जुन छ । त्यो कायमै छ त्यो कायमै रहोस् । अनन्त कालसम्म कायम नै रहोस् । यसलाई मैले सहराहनीय रूपमै लिन्छु स्वागतै गर्छु । तर यो चाहिँ जुन एक हातले सिन्दुर एक हातले भन्ने कुरा जुन छ । त्योबारेमा मेरा प्रिय मित्र र गठबन्धनका सहयोद्धा पूर्व कम्रेड अहिलेका नकम्रेड जितेन्द्र देवसँग थोरै मैले असहमति जनाउन चाहें । योबारेमा चाहिँ त्यस्तो कहीं पनि छैन । संसारमा कतै पनि छैन । हो योबारेमा एउटा एउटा विशेष व्यवस्था गरियोस् भन्ने जुन कुरा छ । हामी त्यता लागिरहेका छौं । त्यो हुनु चाहिँ पर्दछ । यो नागरिकताको सम्बन्धमा जुन एउटा प्रावधान छ । त्यसमा पनि बढी अङ्गीकृत नागरिकताको बारेमा विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम भन्ने व्यवस्था छ । त्यस्तो कानुन बनाउनुपर्ने आवश्यकता त्यहाँतिर मैले देख्दछु ।

अब यो बालुवाटारले डिक्टेट गर्यो ऐसा गर्यो तैसा गर्यो भन्ने कुराहरू पनि यहाँ आए । अब बालुवाटार सानेपा पेरिस डाँडा हामी त्यही पार्टीका कार्यकर्ता भएपछि त्यस्तो

हुने भयो नि त माननीयज्यूहरू । तपाईंहरूलाई पनि त बालकोटले बालकोट च्यासलले डिक्टेट गरेको होला । बालकोट च्यासलले डिक्टेसन आदेश तपाईंले मान्नुपर्ने हुन्छहोला नि त । किन योबारेमा बेकारमा कोट्याइरहने । आफैले त्यही गर्ने अनि हामीलाई त्यस्तो भन्ने अब तपाईंहरूले पनि बालकोट च्यासललेको आदेशलाई अनादर गर्न सक्नुहुन्छ । त्यस्तो हुँदैन । यो एउटा त्यसमाथि पनि जो हो त्यो जसरी तपाईंहरूलाई बालकोटको आदेश च्यासलको आदेशलाई सही भनेर मान्नुहुन्छ । गलत हो भनेदेखिन् त सायद अनआदर गर्नु पनि हुन्छहोला । सहीलाई त मान्नुहुन्छ नि त च्यासलको आदेश बलकोटको आदेश भन्दैमा त्यसलाई..... गर्नुहुन्छ र ? गर्नुहुन्न नि त । हो त्यस्तै हाम्रो पनि बालुवाटारको आदेश बालुवाटारको गठबन्धन अथवा पेरिस डाँडाको आदेश । त्यसै गरी के भन्छ । गठबन्धनको आदेश बालुवाटारको आदेश, सानेपाको आदेश हामीले मान्नुपर्नेहोला । त्यस्तै एउटा अनुशासनको कुरा पनि होला नैतिकताको कुरा पनि त होला नि त त्यो त त्यसैले यो क्यारे बालुवाटारको आदेश यसो गर्ने भनेर छ्यासे कुरा त्यति ठिक होइन कि भन्ने मलाई लाग्दछ ।

त्यसै गरी राष्ट्रपतिले यो राष्ट्रपतिले जुन अनादर भन्ने कुरा त हामीले त अनादर गरेका छैनम् । अपमान पनि गरेका छैनम् । बरु अपमान त प्रधानमन्त्री हुँदाखेरि प्रतिज्ञा गर्दछु भनेर राष्ट्रपतिज्यूले शपथ खुवाउँदा । "त्यो भन्न पर्दैन" भन्दा पो भाएको थियो कि भन्ने लाग्छ हामीहरूलाई त हामीले त गर्या छैनम् त्यस्तो त । यो पर्दैन पर्दैन भनेर त हामीले भन्या छैनम् नि । त्यस्ता खालका कुराहरू चाहिँ हुन्छ ।

र यो गठबन्धनलाई संविधान कानुनले नचिनेको कुरा हो सही हो यो संविधानमा ऐन कानुनमा गठबन्धन भनेको कुरा चाहिँ छैन । तर समय परिस्थितिले ल्याउँछ त्यो कुरा । समय परिस्थितिले ल्याउँछ । यति बेला यो गठबन्धन आयो । यो गठबन्धन पनि किन आयो भन्दाखेरि त मैले भनिराखु पर्दैन । यो देशमा एउटा प्रतिगमन भएको थियो । संसदलाई दुई दुईपटक विघटन गरिएको थियो । संविधानमा नभएको कुराहरूको आधारमा टेकी टेकीकन त्यसै गरी लोकतन्त्र संविधानमाथि पनि खतरा पैदा भएको थियो । त्यसका विरुद्ध यो गठबन्धन भएको थियो । त्यसरी संविधान ऐन कानुनमा त छैन । र हामीले यो गठबन्धन गर्दा कतिपय माननीयज्यूले के भन्नुभयो भन्दाखेरि यो देशमा दुइटा पार्टी हुने भयो अब धेरै पार्टी छैन भन्ने कुरा पनि गर्नुभयो । योबारेमा म स्पष्ट रूपमा के भन्न चाहन्छु भने

यो देशमा दुइटा पार्टी हुने छैन । धेरै पार्टीहरू हुने छन् । मल्टी पार्टी हुने छ । काँग्रेस र माओवादी एकताका साथ कुरा गर्नुभएको होला । त्यस्तो हुनेवाल छैन । गठबन्धन भयो । तालमेल भयो अझै विभिन्न । विषयमा होला तर पार्टी एकता हुँदैन् । किनकि काँग्रेसभन्दा माओवादीको पोलिटिकल फिलोसोफी त्यसको रणनीति त्यसका थुप्रै विचार सिद्धान्तहरू फरक फरक छन् । जहाँसम्म गठबन्धनको कुरा छ । एउटा निश्चित एउटा इस्युको कारणले गठबन्धन भएको थियो । यो गठबन्धनको बारेमा त्यस्तो तालमेलको बारेमा म के भन्छु भने आवश्यक पर्दा, आवश्यक पर्दा आवश्यक पर्दा, अलिक अरू बाहिरका शक्तिहरूसँग पनि हुन सक्दछ । जस्तै नेपालमाथि कुनै विदे अशी शक्तिले आक्रमण गर्यो भने म दाबीका साथ भन्छु । राजासँग पनि हामीले गठबन्धन गर्न पर्ने हुन सक्छ । काँग्रेस त छोड्दिनुस् । राजतन्त्रसँग पनि हामी गठबन्धन गर्नुपर्ने हुन सक्छ । नेपालमाथि आक्रमण भयो भने विदेशी शक्ति आक्रमण भयो भने यो कम्रेड माओले देखाउनुभएको थियो । जापानी साम्राज्यवादले आक्रमण गर्यो । वाहाँले च्याङ काई सकेसँग कोलङताङसँग संयुक्त मोर्चा बनाऊँ भनेर वाहाँले आह्वान गर्नुभएको थियो । यो बेग्लै कुरा हो त्यो फटाह चयाङ काई सेक मानेन उसलाई जनरलले घोक्राएर ल्याएर बल्ल एउटा मोर्चा बनाइयो । तर विदेशी शक्तिको आक्रमणमा त्यस्तो पनि हुन सक्दछ । यहाँ त्यस्तो होइन त्यसैले काँग्रेससँग गठबन्धन भएकोमा हाम्रो प्रतिपक्षको माननीयज्यूहरूले धेरै चिन्ता गर्नुपर्दैन । बरु चिन्ता केमा गरे हुन्थ्यो भने के कारण पर्यो होला माओवादी जस्तो महान जनयुद्ध लडेको शक्ति पनि काँग्रेससँग गठबन्धन गर्न पुग्यो । यता पो चिन्ता गरे राम्रो हुन्थ्यो । यता चिन्ता गर्नुभएन काँग्रेससँग गठबन्धन गर्ने भन्नेतिर पो जानुभयो तपाईहरू त उल्टो भयो के यो त । तर जहाँसम्म लाग्छ एकता त गरेकै थियौं हामीले त । तपाईहरूसँग एकता गरेकै थियौं त । नेकपा एमाले र माओवादीको एकता भएकै थियो त । भएकै थियो त किनकि यो त टिकेन नि फेरि अब त्यो भन्यो भने त्यो उखान दियो भने पच्दैनहोला फेरि । त्यता उखान दिनतिर म लागिनँ । कुन्नि के के पचेन भन्ने उखान पनि त्यतातिर म लागिनँ । तर त्यो त टिकेन नि त एकता हामीले गरेकै थियौं । अहिले पनि हामी चाहन्छौं । हो त्यसैले काँग्रेससँग गठबन्धनको आश्चर्य मान्नुभन्दा के त्यस्तो ठुलो कारण परेछ । हामीसँग भा'को उताति कसरी गयो । भन्नेतिर बढी चिन्ता गरिदिनुभयो भने राम्रो हुन्थ्योहोला ।

अब यो स्वघोषणाको बारेमा निश्चित रूपमा यो विधेयकमा स्वघोषणा आएको छ । यसले महिला अश्मिता महिलाको गोपनीयता महिलाको इज्जतमाथि अलिकति प्रश्न चाहिँ यसले उठाउँछ । त्योबारेमा निश्चित रूपमा हामी सबै संवेदनशील हुनुपर्ने चाहिँ हुन्छ । यदि कुनै कारणले महिलाले त्यस्तो ठान्नुहुन्छ भने कुनै पनि महिला त्यस्तो ठान्नुहुन्छ भने । त्योबारेमा चाहिँ हामीले बडो सावधानीपूर्वक त्यसप्रति हामी संवेदनशील गम्भीर बन्नै पर्छ । त्यस्तो ऐन कानुन बनाउनुपर्ने हो भने पनि त्यसमा हामीले त्यहीअनुसारले गर्नुपर्ने हुन्छ । यदि होइन भने त्यसले जसरी पनि महिला अस्मितालाई त्यसले चाहिँ छुन्छ । त्यसले असर पर्छ भने हामीले त्यतातिर नजाँदा पनि राम्रो हुन्छ भन्ने कुरा राख्दै । अन्त्यमा फेरि पनि सम्माननीय अध्यक्ष महोदयलाई समयको पाबन्दीलाई हटाएर हामी सबैलाई दोहोर्याइ तेहेराइ आफ्नो मन लागेसम्म बोल्ने मौका दिनुभएकोमा हार्दिक धन्यवाद दिँदै मेरो भनाइ यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद । अविभादन ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय उर्मिला अर्याल ।

के भयो माननीयज्यू ।

**<u>माननीय खिम लाल भट्टाराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- एउटा विषय चाहिँ मलाई अलि गमभीर लाग्यो । माननीयज्यूहरूलाई के लाग्या छ अध्यक्ष महोदय । अहिले भर्खरै ।

माननीयज्यूले बोल्ने क्रममा चाहिँ यो राजा र राजतन्त्रसँग पनि मिलेर जान सकिन्छ भन्ने वाक्यांश प्रयोग गर्नुभो' अब यो वाहाँको tongue sleep भो' वा के भो' । आज नेपालमा राजतन्त्र छैन । राजा पनि छैन । हामी गणतान्त्रात्मक व्यवस्थामा छौं । र वाहाँले जे व्यख्या गर्नुभा' छ त्यो परिस्थिति पनि छैन । र वाहाँले जे वाक्यांश प्रयोग गर्नुभो' यो चाहिँ रेकर्डबाट घटाउनयोग्य छ भन्ने म ठान्छु । र हटाइयोस् भन्ने म माग गर्छु । यो आज त्यो परिस्थिति पनि छैन । मैले बुझ्दा वाहाँको tongue sleep भा' छ । वाहाँको analysis मा म बुझ्छु । यो चाहिँ धेरै गम्भीर विषय हो । त्यसकारणले हाम्रो राष्ट्रिय सभाको रेकर्डमा यो राखु वाञ्छनीय छैन । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीयज्यू, वाहाँले भनेको कुरा भावनाहरू लोकतन्त्रमा आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता हुन्छ । त्यसैले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावनालाई वाहाँले ठेस पुर्याउनु वाहाँको अभिप्रया होइन । त्यसैले यिनी कुराहरूलाई हामी बोल्ने बेलमा मर्यादित हौं । भन्ने कुराहरू सचेत बनाउँदै वाहाँको भावना त्यसो छैन भन्ने कुरा म भन्न चाहन्छु । र माननीय उर्मिला अर्याललाई आफ्ना भावना राख्न चाहन्छु । माननीयज्यू अबअगाडि बढौं ।

माननीय उर्मिला अर्याल ।

**माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, यो बहुप्रतिक्षित नागरिकता विधेयक जुन आएको छ । यो धेरै ढिलो भैसकेको र नागरिकले पीडा भोगिरहनुपर्ने अवस्था भैरहेको अनागरिक भएर बसिरहेको देशको चाहिँ एउटा नागरिकताको अधिकार प्राप्त भएर पनि बेनागरिक भएर बसिरहेको अवस्थामा यो नागरिकता ऐन जुन किसिमले आयो । र धेरै ढिलो आएको छ । वास्तवमा धेरै चाँडै चाहेका थियौं यसलाई यसको म धेरै स्वागत गर्न चाहन्छु पहिलो कुरो त सरकारलाई धन्यवाद दिन चाहन्छु र अहिलेको यो नागरिकता विधेयकले लाखौं । सन्ततिहरू जो नागरिकताबाट वञ्चित भएर आज एउटा रोजै हामीलाई फोन गर्छन् भन्छन् हामी अहिलेसम्म अनागरिक भएर बसिरह्यौ यो देशमा भन्ने कुरोलाई यसले सम्बोधन गरेको छ र चरम निरासाबाट वाहाँहरूलाई यो ऐनको रूपमा परिणात भउस् र त्यो चरम निरासाबाट उनीहरू मुक्त हुने अवसर आइराखेको कुरा मैले बोध गरेको छु र मैले बुझेको छु । त्यसकारण पहिले यो त नागरिकता जुन विधेयक छ यसलाई म चाहिँ हार्दिकतासाथ स्वीकार गरेर मुलुकअगाडि बढ्नुपर्छ भन्ने कुरोमा र यसमा गृह मन्त्रीज्यूलाई म धन्यवाद पनि दिन चाहन्छु । यसको पहल गर्दिनुभएकोमा ।

दोस्रोः अहिले यसले चाहिँ विशेष एउटा हातबाट सिन्दुर अर्को हातबाट नागरिकता भन्ने जुन धेरै आइराख्या छ । यो विषयमा हामीले अझ यो वैवाहिक अङ्गीकृत नागरिकताको एउटा इतिहास हेर्ने हो भने २००९ सालदेखिन् लगातार अहिलेसम्मको चाहिँ यो नागरिकता ऐनमा अहिले जुन विध्यमान २०६३ को छ त्योसम्मन पनि वैवाहिक नागरिकताको प्रावधान छ । संविधान आफैले पनि आफ्नो भाग- २ मा वैवाहिक अङ्गीकृत नागरिकताको चाहिँ

प्रावधान राखेको छ । अङ्गीकृत नागरिकतालाई हामी सहज रूपमा स्वीकारदै आएको अवस्था हो र जुन practice छ । अहिलेसम्मन सम्भवतः त्यो हिसाबले त्यो यहाँ आयोहोला र मलाई एउटा अलिक दुःखद लाग्छ कि हामी छोरी र बुहारीको तुलना गरेर झगडा नगरौं हामी निश्चित रूपले चाहन्छौं । छोरीहरूले पनि हाम्रो बुहारीहरूले पाउने अधिकारभन्दा राम्रोसँग अधिकारहरू पाउन जहाँ विवाह गरेर भए पनि भन्ने कुरा त्यो अलग कुरा हो । तर हाम्रो राष्ट्रले चाहिँ हाम्रो बुहारीहरूलाई कस्तो व्यवहार गर्ने कुरा चाहिँ प्रमुख कुरा हो जस्तो लाग्छ मलाई । जब यो देशको नागरिकसँग उनीहरू विवाह गरेर आइसक्छन् । र त्यसपछि पनि उनीहरूलाई अपमान गरिरहने उनका सन्तान उनका वशंजका नागरिक हुने श्रीमान् यहाँ वशंजको हुने उसले आफ्नो थर, गोत्र, नाम र सबै चिजमा परिवर्तन गरेर यहाँ आउनुपर्ने हुन्छ र कुलसमेत फेरेर उठाउँछन् छोरीहरूलाई त्यस्तो छोरीहरूलाई त्यो बुहारीलाई चाहिँ अपमानित गर्ने तरिकाले बोल्नु चाहिँ जायज होइन मलाई त्यो लाग्छ । बरु छोरीहरूको अधिकार कहाँ कहाँ कुन्ठित भएको छ । कुन कुन देशमा विवाह गरेर हामीले चाहिँ कूटनीतिक पहल गरेर उनीहरूको अधिकारको लागि राज्यले चाहिँ पहल गरोस् । यतापट्टि हामीले ध्यान पुर्याउनुपर्छ जस्तो लाग्छ मलाई ।

अर्को कुरो म के भन्न चाहन्छु भने योभन्दा अगाडि पनि सरकार थियो । प्रधानमन्त्री शेरबहादुर देउवाज्यू हुनुभन्दा पनि अगाडि ३ महिना ५ वर्षसम्म सरकार चलाएको प्रधानमन्त्री हुनुहुन्थ्यो तत्कालीन केपी ओली र त्यो बेलामा यसलाई यो संवेदनशीलतासाथ नागरिकता ऐनलाई लेरआएर यथेस्ट समय थियो नागरिकता बनाउने अवसर थियो । त्यो अवसर चाहिँ गुम्यो । गुम्यो पछि हतार हतार विधेयकको रूपमा गयो र राष्ट्रपति कहाँ राष्ट्रपतिले जानेबित्तिकै त्यहाँ अङ्गीकृत नागरिकताका जे जे practice हरू थियो । त्योसमेत ग'को थियो त्यसमा कुनै टीका टिप्पणी नगरीकन खुरुक्क त्यो अध्यादेश पास भएको थियो । यो राष्ट्रपतिको भूमिकामा पनि प्रश्नहरू उठ्छन् र प्रश्नहरू उठिराखेका छन् । जतिचोटि संसद विघटनको प्रस्ताव गयो ठ्याक कसले गरेकोलाई चाहिँ त्यसलाई तुरुन्त तुरुन्त । मान्ने नागरिकता विधेयकको अध्यादेशको तुरुन्त मान्ने अनि कसले गर्दा चाहिँ नमान्ने । राष्ट्रपति भनेको राष्ट्रको अभिभावक हो र राष्ट्रको एउटा अभिभावकले भेदभावपूर्ण तरिकाले पार्टीगत हिसाबले हिँडेर कसको सरकार छ । कुन पार्टीको सरकार छ । कसको नेतृत्वमा सरकार छ भनेर हेर्ने जुन तौर तरिका छ । त्यो भेदभावपूर्ण रहेको छ । यसले

राष्ट्रपतिको गरिमा आउने दिनमा पनि आगामी दिनहरूमा पनि राष्ट्रपतिको भूमिका र गरिमालाई अलिकत चोट पुर्याउला भन्ने लाग्छ मलाई । अहिले जुन वाहाँले सुझाव पठाउनुभ'को छ । त्यसलाई मैले फेरि अन्यथा रूपमा लिएको छैन । किनभने संसदले आफ्नो अधिकारअनुसार यसको यसको छलफल गरी राष्ट्रिय सभाको उत्पति भएको एउटा नागरिकता विधेयक फेरि प्रतिनिधि सभा गएर छलफल भई फेरि राष्ट्रिय सभामा सन्देशसहित आएर छलफल गरेर हामीले पास गरेर पठायौं । हामीले आफ्नो दायित्व निभायौं यहाँ पनि विभिन्न राजनीतिक प्रिष्ठभूमि भएको लामो लामो इतिहास भएको सांसदहरू हुनुहुन्छ । यहाँका राष्ट्रिय सभामा भनौं । अब प्रतिनिधि सभामा भनौं सांसदज्यूहरू हुनुहुन्छ । र विभिन्न बौद्धिक समुदायसँग पनि यसमा छलफल भएको होला अवश्य पनि त्यसकारणले पनि यहाँबाट पनि सुझ बुझसहितै यो नागरिकता विधेयक चाहिने त्यहाँ ग'को छ । र वाहाँलाई पनि लागेको कुरो वाहाँको संवैधानिक अधिकार हो । वाहाँहरूले देखाउन पर्ने ठाउँमा आफ्ना बुँदाहरूसमेत फर्काउनुभ'को छ । र संविधानले हामीलाई अधिकार दिएको छ । वाहाँहरूले जुन राष्ट्रपतिले हामीले सुझावसमेत पठाएको बुँदाहरू छ । त्यो बुँदाहरूलाई हामीले चाहिँ हेरेर एउटा छलफल गरेर त्यसलाई फेरि हामीले विधायन समितिमा पनि पठायौं राष्ट्रिय सभामा त । भनेपछि त विधायन समितिमा छलफल गरेर यदि यो यहाँ पास गरेर जान्छ भने । राष्ट्रपतिले यसलाई फेर प्रमाणीकरण गर्नुपर्ने स्थिति छ । त्यसकारणले यसमा यो धेरै हामीले यहाँ कचिङ्गल गरिखुपर्ने धेरै बकवात गरिराखुपर्ने कुरा होइन सबै चिजहरू संविधानको प्रावधानअनुसार नै भैराखेको छ । र त्यो संवैधानिक प्रावधानअनुसार नै सदनले यसलाई पारित गरेर जान्छ । र निश्चित रूपमा पारित गरेर जान्छ र यो कानुन बन्छ ।

अब मूल कुरा रह्यो छलफल गर्ने दौरानमा जुन किसिमले कुराहरू राख्छौं कि राष्ट्रियको सवाल भनेर जहिले पनि मलाई थाहा छ ०४८ सालमा चुनाव लड्न जाँदाखेरि पर्सा जिल्लामा थुप्रै भारतीय नागरिकहरूको जग्गा थियो त्यहाँ त्यो जग्गाहरू मैले चाहिँ हाम्रो नेपाली किसानहरूले जोत खान गरेर उनीहरू मोहीको रूपमा काम गरिरहेका थिए । विस्तारै विस्तारै ती त्यहाँका जति जमिन्दारहरू थिए पहिलेका भारतीय जमिन्दार नेपालमा जग्गा भएका तिनका जमिन त्यही किसानले सस्तो भाऊ किन बालि जाँदैन । छोड्दै छोड्दै अहिले करिब करिब वाहाँहरूको सबै यहाँ भ'को सम्पत्ति छोडिसक्नुभ'को छ र त्यो अवस्था छ । नेपालमा अहिले राष्ट्रिय हिसाबले भन्ने हो भने त्यहाँका आम स्थानीयबासी चाहिँ बढी

उनीहरू चाहिने बलियो हो भएर आइसकेका छन् र त्यहाँ सम्पूर्ण अधिकार उनीहरू ..... अवस्था छ मधेसको ।

त्यसको अलाव पनि भन्न चाहन्छु । कि राष्ट्रयताको सवालमा अगि पनि मलाई लाग्छ । हाम्रो पूर्ववक्ता माननीयज्यूले भनिसक्नुभो' कि सीमानाको कुरामा इतिहासहरू लेखिएका छैनन् । पर्सांकै इतिहासमा हामीले एक जना ममल बाबाको मैले त्यहाँ गएर चुनाव लडेपछि सुनें । वाहाँ चाहिँ साथीहरू देखाउनुभयो । यो सीमानामा हो हामीले बन्दुक चलाएर लडेको भारतबाट हामीमाथि अतिक्रमण हुने बेलामा हामी यसरी लडेर हाम्रो जमिनहरू जोगाका छौं । र त्यो दौरानमा ममल बाबाको टाउको काटियो । मलाई अहिले भन्दा जिउ सिरिङ्ग हुन्छ । वाहाँ त्यो काटिएको शरीरसहित आफ्नो गाउँमा गएर लाड्नुभयो । वाहाँको त्यसरी देहावसान भयो भनेर कथाहरू सुनाउनुहुन्छ । अनि हामी त्यतापट्टिको संवेदनशीलतालाई किन बुझ्दैनौं ? के हामी यो देशमा अझै खण्डीकरण चाहन्छौं । ती देशका नागरिक होइनन् ? यस्ता इतिहास मधेसको हरेक गाउँमा छ । पुलिस र सेनाले कति संरक्षण गर्न सक्छ । सिचाइँको समस्या हुने बेलामा वाहाँहरूले नहर काटेर पानी बगाएर आफ्नो यहाँ जोगाउनुभएको छ । सरकार पुग्नु भन्दाअगाडि धेरै कामहरू जनताले आफै गरिरहेको अवस्था छ ।

हामी अलि राष्ट्रिय रूपमा एकताबद्ध गर्ने किसिमले संवेदनशील हुने विषयमा जहिले पनि धोच पेच धोच पेच र झगडाको इतिहास गर्दा गर्दा हामीले सधैं विखण्डीकरणलाई प्रसय दिने किसिमले गैराखेका छौं । हामी शासन सत्तामा बस्दा हिजो सत्तामा बसेकाहरूले राष्ट्रियताको सवालमा कसरी व्यवहार गर्नुभा' छ । आफ्नो हिम चिम र सम्बन्धहरू कहाँ राखुभएको छ । यी तमाम् चिजहरूलाई हामीले मूल्याङ्कन गर्न जरुरी देखिन्छ । त्यसकारण म भन्न चाहन्छु । म धेरै लामो पनि बोल्न चाहन्नँ कि यो नागरिकता विधेयक जुन छ । अलि धेरै छलफल प्रतिनिधि सभा राष्ट्रिय सभा फेरि राष्ट्रपतिकहाँ गएर फेरि प्रतिनिधि सभामा आएर फेरि यहा छलफल भैरहेको छ । यसलाई धेरै हामी अब यसलाई चाहिँ अब धेरै नाटक नगरौं । यसलाई धेरै गिजोल्ने र खोलाउने काम नगरीकन यो नागरिकता विधेयकलाई हामीले पारित गर्नुपर्छ र तुरुन्तै यसलाई कानुनको रूपमा परिणत गर्ने दायित्व अहिले हाम्रो छ । दुई तीनटा कुराहरू उठेका छन् । महिलाहरूको सवालमा स्वघोषणा गर्नुपर्ने महिलाको जुन कुरो छ त्यो स्वघोषणा कुरो त अब मेरो बच्चा यस्तो छ भनेर त

महिलाले त भन्न पर्यो । एकल आमाको बच्चा हो भन्ने भन्नुपर्यो तर । नागरिकता दिने बेलामा यी कुनै पनि प्रिष्ठभूमिहरू नलेखिएको; नियमावली र ऐनलाई अलिकति हामीले व्यवस्थित गरेर जानुपर्ने कुरो चाहिँ देखिन्छ । त्यो मामलामा ता कि हुनै महिलाको अस्मितामा प्रश्न उठाउने गरी भोलिसम्म उसको सन्तानले पनि अपमनित हुने गर्ने किसिमको कुनै चिज त्यहाँ उल्लेख हुने पर्ने अवस्था त्यहाँ नरहोस् । र नागरिकता प्रदान गर्दाखेरि त्यो खालको फल्नामा आमाको बच्चा भनेर लोख्न पाइयो तर त्योभन्दा बढी चाहिने बाबुको ठेगान नभा'को यस्तो उस्तो लेखिएको नहोस् । त्यो प्रिष्ठभूमिहरूलाई कसरी मिलाउने हो । नियमावली संशोधन गर्नुपर्छ भन्ने म सुझाव दिन चाहन्छु ।

जहाँसम्म एनआरएनएको कुरा छ । मलाई याद छ । एनआरएनएको सम्बन्धमा एकदमै हामीले सम्बोधन गर्न नसकेर टाइममा धेरै समस्या भएको छ । जब बेलायती सरकारले चाहिँ ब्रिटिस सेनामा रहेका नेपाली नागरिकहरू जुन थिए । यो बेलामा मैले सभामुख त्यो बेलामा सुबास नेम्वाङ गएर कुरा पनि गरेको थिएँ । ती थुप्रै चाहिने ब्रिटिस आर्मीमा भएको मान्छेहरू यहाँ धमाधम सम्पत्तिहरू बेचेर वाहाँको नागरिकता पाउने भनेपछि जानुभो' हामीले त्यो बेलामा एनआरएनएको हिसाबले चाहिँ ननरेजिडेन्ट नेपाली अथवा गैरआवासीय नेपाली नागरिकता दिने प्रावधान चाहिने वाहाँ नागरिक भए पनि यहाँ पनि भैदिएको भए । ती सम्पत्तिहरू यहाँबाट जाने थिएन् । ती पैसा पनि उतै गए स्रोत पनि उतै गए यहाँ पनि रहन्थ्यो । र त्यो हिसाबले फेरि नेपालमा ओरिजिन भएका नेपालमा मूल रहेको जुन यो भन्नौं न अब गैरआवासीय नागरिकहरूलाई हामीले राजनीतिक र विशेष खालको सुविधाबाहेक अरू जुन किसिमको सुविधाहरू दिलाउने हिसाबले यो जुन एनआरएनए गैरआवासीय नागरिकको पनि यो जुन प्रावधान ल्याए आएका छौं संवैधानिक प्रावाधनअनुसार नै छ । यसलाई चाहिँ हामीले लिएर जाँदाखेरि वाहाँहरूको यसप्रतिको माया यसप्रतिको लगानी मुलुकमा धेरै लगानीहरू भित्रिने त्यसले हामीलाई सहयोग पुग्ने वातावरण छ । त्यसकारण यी चिजहरूलाई हामीले अलि संवेदनशील भई हामीले एकदमै त्यो न्वारानको बल झिकेर विरोधै गर्ने मात्र होइन । यो विधेयक कानुन बनिसके पनि हामीले practice मा जाँदा कति कामहरू गर्दै जाँदा हुन सक्छ फेरि रिभ्यु गर्ने स्थितिहरू आउन सक्छ । यी रिजिडै नै हुन्छ यही नै भैरहन्छ भन्ने कुरो होइन सकेसम्मन यसलाई हामीले अहिले । सकेसम्मन यसलाई बढी चाहिँ सम्पन्न गराएर पठाउने रहेक जोड कोणबाट यसलाई हेर्नी यसलाई पूर्णता

दिने अभिभार हाम्रो सांसदहरूको हो । तर यसलाई कानुन बनिसकेपछि पनि कतिपय ऐनहरू हामीले पछि रिम्भु गर्नुपरेको छ । practice मा जाँदाखेरि केही समस्याहरू रहेछ भने त्यसमा केही सम्बोधनहरू पछि पनि लिएर आउन सकिन्छ । त्यसकारण अहिले यसलाई पूरै ब्लक गरेर लाखौं नागरिकहरूलाई देशका नागरिकहरू बेनागरिक भएर बस्नुपर्ने अवस्था यो तमाम् चिजहरूलाई यसलाई गिजुलिएर ती सबैलाई चाहिने हामीलाई एउटा समस्याग्रस्त पारेर राखेर अनागरिक बनाएर राख्ने अपराध चाहिँ नगरौं । यो नागरिक विधेयकलाई पास गरौं । म यही अनुरोध गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूबाट प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भई प्रमाणीकरणको लागि पेस भएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकउपर सन्देशसहित प्रतिनिधि सभामा फिर्ता भई आएपछि सो सभाले आवश्य छलफल गरी यथावत रूपमा पारित गरेर राष्ट्रिय सभामा पठाइएको छ । राष्ट्रिय सभाको सम्माननीय अध्यक्षज्यूले यस नागरिकता विधेयकउपर राष्ट्रपतिज्यूको सन्देशसहित छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाउनुभयो सो समितिमा आवश्यक छलफल भई यथावत रूपमा बहुमतले पास भयो । र केही साथीहरूले असहमति पनि दर्ज गर्नुभयो । तत्पश्चात् सो विधेयकसम्बन्धी प्रतिवेदन राष्ट्रिय सभाबाट पारित हुने क्रममा हिजोदेखि नै छलफलमा हामीले भाग लिएका छौं । सदनमा बृहत छलफलमा भएको छ । किनकि हामीसँग अनलिमिटेड समय छ । जसको सदुपयोग भ'को छ । वैवाहिक अङ्गीकृत नागरिकको सम्बन्धमा माननीय महोमम्द खालिद र माननीय जितेन्द्र नारायण देवले हिजो धेरै नै तर्कसङ्गत कुराहरू राखिसक्नुभ'को छ । जसलाई म हार्दिक समर्थन गर्न चाहन्छु ।

२००९ सालमा जारी भएको नेपाल नागरिकता ऐनमा नेपाल राज्यको कानुन र रिति रिवाजबमोजिम नेपाली नागरिकको साथै कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नी मानिस नेपाली नागरिक ठाहर्ने छ भन्ने व्यवस्था छ । जसले हाल सदनमा प्रस्तुत नागरिकता ऐनको कार्यान्वयनमा बल पुर्याएको छ । नेपालको अन्तरिम संविधान, २०६३ मा नेपालको

नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलाले चाहेमा कानुनबमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेकोले यो कानुन हालसम्म बाहल रहेको छ । २०७२ सालमा जारी भएको नेपालको संविधानले नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने छ भन्ने व्यवस्था रहेको छ । यतिखेर सङ्घीयता स्थापना भैसकेको हुँदा मात्र सङ्घीय शब्द थपेको हो बाँकी २०६३ सालकै संविधानअनुसार राखिएको छ ।

राज्य व्यवस्था सुशासन समितिले सो समितिको केही सदस्यहरूका तर्कहीन विचारसहित तयार गरेको प्रतिवेदनमाथि छलफल हुँदा मेरो दल जनता समाजवादी पार्टी, नेपाललगायत अन्य दलहरूले पनि त्यस प्रतिवेदनमाथि घोर आपत्ति प्रकट गरे । जुन प्रतिवेदनमा वैवाहिक अङ्गीकृत नागरिक प्राप्त गर्न सात वर्षको प्रावधान राखिएको थियो । यसको विरुद्ध मधेसलगायत नेपालको राजधानीसहित हरेक जिल्लामा जनविद्रोह भएको थियो । त्यसैले त्यो प्रतिवेदन प्रतिनिधि सभाबाट पारित हुन सकेन । विदेशी महिला हुनेबित्तिकै सात वर्षसम्म अनागरिक बनाएर राख्ने र भोटिङ राइट्सबाट पनि वञ्चित गर्ने अधिकार हामीलाई कसैले पनि दिएको छैन । यही संविधानले पनि दिएको छैन । अहिलेको ग्लोबलाइजेसनमा नेपाली छोराहरू पनि हाइयर एजुकेसन प्राप्त गर्न विभिन्न देश पढ्न जान्छन् । डाक्टर, इन्जिनियर, साइन्टिस्ट बनेर आउने बेला आफ्नै क्लास्मेटसँग बिहे गरेर आउँछन् । जुन महिला पनि डाक्टर, इन्जिनियर, साइन्टिस्टलगायतका स्किलफुल ओर्मन पावर नै हुन्छ । त्यस्तो विदेशी बुहारीलाई हालको कानुनबमोजिम नागरिकता दिँदा परिवार समाज र राज्यकै उन्नति प्रगति हुन्छ । त्यसैले यसलाई सकारात्मक रूपले लिनु जरुरी छ । भन्छन् "Be positive think positive and do positive" ।

नेपाल नागरिकता ऐन, २०२० को दफा ३ ले वंशजको नाताले नागरिकता प्राप्ति हुने अवस्था उल्लेख गरिएको छ । जसअनुसार उक्त ऐन प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिकता रहेछ भने त्यस्तो व्यक्ति वंशजको नेपालको नागरिक हुने छ भन्ने व्यवस्था रहेको छ । हालको संविधान २०७२ मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशज आधारमा नेपालको नागरिक ठहर्ने छ भन्ने व्यवस्थाबमोजिम नै यो विधेयक पेस भ'को छ । जन्मसिद्ध नेपाली नागरिक आमा बुबाको सन्तानले वंशजको आधारमा

नागरिकता प्राप्त गर्न सक्ने संवैधानिक व्यवस्था भए तापनि सङ्घीय संसदबाट कानुन बन्न नसकेर वर्षौंदेखि अनागरिक बनेर बस्ने अवस्था सृजना भएको छ । त्यस्ता नेपाली नागरिकको ठुलो सङ्ख्या छ । छ सात लाखभन्दा बढी नागरिकलाई न्याय दिलाउने दृष्टिकोणले पनि यो नागरिक विधेयक यथाशीघ्र पास हुनुपर्छ । नेपाली बुबा जस्तै नेपाली आमाको नामबाट पनि नागरिकता प्राप्त गर्न सकिने संवैधानिक व्यवस्था भए तापनि कानुनको अभावमा समानताको सिद्धान्तबमोजिम महिलाहरूले आफ्ना छोरा छोरीलाई आफ्नो नामको आधारमा नागरिकता दिलाउनबाट वञ्चित भएका छन् । कति दिनसम्म हामीले महिलाहरूलाई अधिकारविहीन बनाएर राख्ने ? विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेका देशमा बसोबास गरेको साविकमा वंशजको वा जन्म आधारमा निज वा निजको बुबा वा आमा बाजे वा बजैको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई सङ्घीय कानुनबमोजिम आर्थिक, सामाजिक र संस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने संवैधानिक व्यवस्था रहेको हुँदा सोबमोजिम नै नेपाल सरकारले विधेयक सदनमा प्रस्तुत गरेको हुँदा यसलाई नैतिकतापूर्वक पास गर्नुपर्छ । प्रादेशिक पहिचानसहित नागरिकता प्रदान गर्ने कुरा नियमावलीमै राख्ने कुरा माननीय गृह मन्त्रीज्यू गर्नुभएको छ । त्यसलाई म स्वागत गर्दछु ।

रक्तीय सम्बन्ध, वैवाहिक सम्बन्ध, वंशीय आधार वा जन्मको आधारमा नागरिकता दिने सम्बन्ध नेपालले पनि अन्तर्राष्ट्रिय रूपमा स्वीकृत नागरिकतासम्बन्धी नीति र अभिसन्धिहरूको अनुसरण गरेको छ । नेपाल सरकार पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको अनुपालन, जात, धर्म, लिङ्ग लैङ्गिकता आदिको आधारमा विभेद गर्न नपाइने संवैधानिक व्यवस्था कुनै पनि बालबालिकाहरू राज्यविहीन हुन नहुने भनी नेपालले स्वीकार गरेको ..... घोषणापत्र २०२१ बमोजिम getting everyone in the picture को मान्यताको कार्यान्वयन वास्तविक नेपाली नागरिक भएर लामो समयसम्म अनागरिक जीवन जिउन विवस व्यक्तिहरूको अधिकार र भावनालाई समेटेर गठबन्धन सरकारले माननीय गृह मन्त्रीज्यूमार्फत यस "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि राष्ट्रिय सभामा बृहत छलफल गराई पारित हुन लागेको हुँदा सम्माननीय अध्यक्षज्यूलगायत सम्पूर्ण पक्षलाई हार्दिक धन्यवाद दिँदै म आफ्नो भनाइ यहीं समाप्त गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय बेदुराम भुसाल ।

**माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, हामी जुन विषयमा छलफल गरिरहेका छौं । खास गरीकन राष्ट्रपति महोदयले पठाउनुभएको सन्देश विषयको केन्द्रीय वस्तु हो भन्ने ठान्दछु । यस्तो धेरै लामो कुरा राख्नुपर्छ भन्ने मलाई लागेको छैन । सङ्क्षिप्तमा केही कुरा राख्न कोसिस गर्ने छु । पहिलो कुरा त गठबन्धनका नेताहरूले बालुवाटारमा बसेर अहङ्कार, दम्भ देखाए भन्ने जुन विषय छ । यसलाई म के प्रष्ट पार्न चाहन्छु भने यो अहङ्कार र दम्भ होइन राष्ट्रपतिज्यूले सन्देश पठाइसकेपछि राष्ट्रपतिज्यूको सन्देशप्रति गम्भीर भएर । गम्भीरताका पूर्वक बसेर छलफल गरिएको हो । र त्यसमा सरकारको तर्फबाट के गर्ने भन्ने निर्णय गरिएको हो सत्तापक्षमा रहेका दलहरू सरकार सञ्चालन गरिरहेका दलहरूले साझा रूपमा धारणा बनाउन पाउँदैनन् ? हिजो कुनै बेला बनाइएको थिएन ? म प्रश्न गर्न चाहन्छु यद्यापि यस्ता प्रश्नहरूलाई कतिपय माननीय साथीहरूले बडो अमर्यादित ढङ्गले टिप्पणी गर्नुभा'को छ । यसमा म दुःख व्यक्त गर्न चाहन्छु । आफूले जति पनि प्रश्न गर्न सकिने । आफू जस्तै अन्य साथीहरूले गरेका प्रश्नप्रति अमर्यादित ढङ्गका शब्दहरू प्रयोग गरेर टिप्पणी गर्ने शैलीले आफ्नै कद घटाएको छ कि भन्नेतर्फ आफै म म गर्नुहुन अनुरोध गर्न चाहन्छु ।

म केही प्रश्न गर्न चाहन्छु कि यो मुलुकमा दलहरू आपसमा बसेर छलफल गर्न पाउँदैन ? यो दलीय व्यवस्थामा दलहरूले सरकार र संसद सञ्चालन गर्न पाउँदैन ? त्यही व्यवस्था हामीले स्थापना गरेका हौं र ? हामीले त्यसो गरेका हइनौं भन्ने मलाई लाग्छ । हामीले दलीय व्यवस्था कायम गरेका छौं र दलीय व्यवस्थामा दलहरू निर्णयक हुन्छन् । नेतृत्वकारी स्थानमा हुन्छन् भन्ने कुरालाई चाहिँ किन बिर्सिरहेका छौं हामीले । जब कि आफ्नो दलको तर्फबाट हामी बोल्छौं यहाँ । आफ्नो दलको नीतिको व्यख्या गर्छौं यहाँ पनि हामीले । दलहरू बसेर छलफल गर्दाखेरि किन आपत्ति गर्छौं ? र किन दम्भ र अहङ्कार भन्छौं ? म त देख्छु । अन्य दलहरू बसेर गरेको छलफलप्रति जुन खालको दृष्टिकोण राखिन्छ । यहाँ दम्भ छ । त्यहाँ अहङ्कार छ । ती दलहरूप्रति छैन । ती दलहरूले कुनै अहङ्कारको व्यवहार व्यक्त गरेका छैनन् । राष्ट्रपतिज्यूले पठाउनुभएको सन्देशलाई गम्भीरता

पूर्वक लिएका छन् । र त्यो सन्देशपछि हामीले के गर्ने भन्ने निर्णय गरेका छौं । निर्णय गर्ने उनीहरूको अधिकार हो वैधानिक अधिकार हो । दलहरूलाई नेपालको संविधानलाई चिन्दैन ? दलहरूलाई नेपालको कानुनले चिन्दैन ? कसले चिन्छ त्यसो भए ? के संविधानले अनुमति नदिईकन बनेका दलहरू हुन ? कि कानुनले अनुमति नदिईकन बनेका दलहरू हुन ? संविधान र कानुनले नचिन्ने ती दलहरूको साझा समूहलाई ? यस्ता खालका जुन प्रश्न गरिँदै छ । त्यो आजको राजनीति वास्तविकतालाई उपेक्षा गरेर गरिएको हो भन्ने म ठान्दछु ।

जहाँसम्म राष्ट्रपति महोदयले उठाउनुभएका विषयका कुराहरू छ । वाहाँले तीनओटा विषयहरू उठाउनुभ' छ । सन्देश मेरो हातमा छ । मैले धेरैचोटि दोहोराएर पढेको छु र यहाँ जम्मा जम्मी तीनओटा विषयहरू छ । वाहाँले उठाउनुभ'को इतिहासको प्रसङ्ग सम्झाउनुभ'को छ । त्यो सन्दर्भ बस । सन्दर्भ सामग्रीको रूपमा र वाहाँले उठाउनुभएका विषय जम्मा जम्मी तीनओटा छन् । त्यसमा एउटा स्वघोषणाको विषय छ । अर्को प्रादेशिक पहिचानको प्रमाणपत्रको कुरा छ । नागरिकताको कुरा छ । र तेस्रोः वैवाहिक अङ्गीकृत नागरिकताको विषय छ । यसमा दुइटा विषय स्वघोषणा र प्रादेशिक पहिचानको नागरिकता प्रदान गर्ने सन्दर्भमा यो सदनबाट जुन विधायन व्यवस्थापन समितिमा छलफलका निम्ति पठाइएको थियो त्यहाँ छलफल हुँदाखेरि सरकारको तर्फबाट माननीय गृह मन्त्रीज्यूले त्यहाँ प्रष्टसँग राखिसक्नुभएको छ । र विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा हामीले प्रष्ट उल्लेख गरिसकेका छौं कि यी दुई व्यवस्थालाई स्वघोषणाको व्यवस्थालाई र प्रादेशिक पहिचानको व्यवस्थालाई नियमावलीमा व्यवस्थित रूपले राखिने छ । स्वघोषणाको व्यवस्थालाई महिलाको अस्मितामाथि आँच नपर्ने गरी; नहुने गरी महिलाको अस्मितामाथि सम्मानमाथि आँच नपुग्ने गरी व्यवस्थित गरिने छ भनेर यहाँ भनिसकिएको छ । र तदअनुरूप नै विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा राखेर आइसकेको छ । त्यसो भएर यसमा अरू थप छलफल गर्नुपर्ने आवश्यकता म ठान्दिन ।

जहाँसम्म वैवाहिक अङ्गीकृत नागरिकताको सवाल हो । यो हाम्रो मुलुकमा धेरै पहिलेदेखि कायम गरेको विवादित सवाल हो यसमा चाहिँ हामीले यहाँ जतिसुकै बङ्ग्याउन खोजे पनि यो विषय बङ्गिन्न । र विगतदेखि नै यस सम्बन्धमा कमजोरी गर्दै आइएको छ । अहिले  हामी सत्तामा छौं कि विपक्षमा छौं भनेर हेर्ने विषय नै होइन यो । यो विगत

कालदेखि नै हामीले के गयौं भनेर हेर्ने विषय हो । खास गरीकन नयाँ संविधान बनिसकेपछि ०७५ सालमा विधेयक ल्याउँदाखेरि सबभन्दा ठुलो गल्ती त्यै सरकारले गरेको छ । जुन सरकारले त्यो विधेयक प्रतिनिधि सभा प्रस्तुत गरेको थियो । प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा केही माननीय सदस्य साथीहरूले संशोधन हालेर त्यसमा केही प्रावधान थाप्ने कोसिस गर्नुभो' त्यो सकारात्मक नै थियो मैले त्यसलाई स्वागतै गरेको थिएँ । तर अहिले पनि अहिले पनि म स्वागत गर्छु । तर त्यो सरकार जो त्यति बेला सरकार थियो । त्यो सरकारले त्यो विधेयकलाई अगाडि बढाएन ? यो प्रश्न फेरि पनि त्यही नै रहन्छ । जहाँ तेति बेला थियो । जुन सरकारले त्यो काम गर्न सकेन । त्यो सरकारको अयोग्यता हो यो काम गर्न नसक्ने भन्ने प्रश्न फेरि पनि जीवित रहन्छ । र यो प्रश्न फेरि पनि उठिरहन्छ । पहिलो कुरो त त्यहाँ गल्ती गरियो ।

दोस्रो कुराः संसदमा विधेयक छँदाछँदै अध्यादेश जारी गर्नका निम्ति राष्ट्रपति कहाँ पठाएको छ सरकारले यहाँ राष्ट्रपति महोदयलाई कुनै आरोप आक्षेप लगाइएको होइन । त्यति बेलाको सरकारप्रति आक्षेप हो; आरोप हो । त्यो सरकारले त्यति बेला त्यो समितिको प्रतिवेदनमा आएको प्रावधानलाई किन राख्न सकेन । उसको कर्तव्य थिएन । त्यो राख्ने आज आएर त्योसम्बन्धी चासो छ भने त्यति बेला त्यसको सम्बोधन गर्न पर्ने थिएन । अध्यादेश नै सजिलो कानुन बनाउने सबभन्दा सजिलो माध्यम हो । जहाँबाट सरकारले ल्याइसकेपछि राष्ट्रपतिले त्यसमा हेरफेर गर्न सक्नुहुन्न । हामीलाई पनि थाहा छ । हामीले पनि त्यही भनिराखेका छौं । राष्ट्रपतिले परामर्श लिन सक्नुहुन्छ लिनुभयो कि लिनुभएन । त्यो छुट्टै विषय हो तर सरकारले पठाइसकेपछि राष्ट्रपतिले जारी गर्नुपर्छ सरकारले त्यति बेलै प्रावधान राखेर पठाएको हुन्थ्यो भने त्यो जारी भइसक्थ्यो । र कार्यान्वयनमा गैसकेको हुन्थ्यो । जति दिन त्योसँग अध्यादेश कार्यान्वयन भ'को थियो । त्यति दिन कार्यान्वयन हुन्थ्यो र त्यसपछि आउँदाका विधेयकहरूमा त्यसलाई हटाउन सकिँदैन थियो । त्यो काम चाहिँ किन नगरेको भन्ने कुराको जवाफ दिनुपर्दैन । आज अर्कोमाथि प्रश्न गर्दाखेरि त्यति बेलाको यो प्रश्न अर्कोले उठाउँछ भन्ने कुराको हेक्का राख्नुपर्छ कि पर्दैन ? त्यसकारणले जो आजको मात्रै कुरा हैन विगतदेखि नै कमजोरी गर्दै आइएको छ । र अहिले पनि विवादित विषय भएको हुनाले यसलाई टुङ्ग्याउन सकिएको छैन । यसलाई सबैले महसुस गर्न जरुरी छ । र यो महसुस स्वयम् सम्माननीय राष्ट्रपति महोदयले समेत गर्नुभएको आभास मैले प्राप्त

गरेको छु । विगतदेखि नै कमजोरी गर्दै आएको छ भन्ने कुरा हो त्यसकारणले हामी सबैले यो महसुस गर्न जरुरी छ । कि हाम्रा कतिपय समस्याहरू अहिले पनि हामीले समाधान गर्न सकेका छैनौं भनेर र कसैले कसैमाथि दोष थोपारेर यो समस्याको समाधान हुने यो प्रश्नको समाधान हुने देखिँदैन । त्यसलाई सबैले यसमा गम्भीर हुन जरुरी छ । यस हिसाबले कि विगतदेखि नै यो विषयलाई; यो प्रावधानलाई अगाडि बढाउन सकेनौं अथवा अगाडि बढाउन चाहेनौं । त्यहाँनिर कमजोरी गर्दै आयौं । भनेर यसलाई महसुस गर्न जरुरी छ ।

अहिलेको जुन खालको यो मतभेदका कुराहरू छन् । यो मतभेदको बिचबाट हामी जान सक्दैनौं मात्रै अहिलेको सरकारले भनेको कुरा हो । अहिलेको सरकारले र सरकारमा रहेका दलहरूले भनेको कुरा यति मात्रै हो । कि जुन विषयमा सहमति छ त्यो सहमति भएका विषयहरू लिएर जाऊँ । र जुन विषयमा असहमति छ । ती विषयलाई आउने दिनमा फेरि छलफल गरेर सहमतिको वातावरण गराएर यसलाई अगाडि बढाउँला भन्ने कुरा मात्रै न हो । त्यसाम विमतिको कुरा कहाँ छ ? यो गर्ने कुरामा विमतिको कुरा कहाँ छ ? विगतमा पनि यस्ता कामहरू हामीले धेरैचोटि गरेका छौं । छोरीलाई पैतृक सम्पत्तिको अधिकार हुनुपर्छ भन्दाखेरि हाम्रा बिचमा कति धेरै विवादहरू थिए । कति धेरै मतान्तरहरू थिए । तर पछिल्लो कालमा आएर हामी ठाउँमा आयौं नि त्यसै गरीकन आमाको नामबाट पनि नागरिकता प्रदान गर्न पाउनुपर्छ भन्ने विषय हामी हामी बिच मतान्तर थिएन । हामीहरू बिच विवादहरू थिएनन् ? भन्दा प्रशस्त मतान्तर प्रशस्त विवादहरू थिए । तर आज आएर हामी एक ठाउँमा आएका छौं र त्यो प्रावधानलाई यो विधेयकले अहिलेको नागरिकता विधेयकले चाहिँ अगाडि सारेको छ । त्यसो भएर फेरि आउने दिनमा त्यो परिस्थिति सृजना गर्न सकिने छ । र यो प्रावधानलाई पनि राखेर जान सकिने छ भन्ने कुरा महसुस गर्न जरुरी छ भन्ने मलाई लाग्छ । विगतमा गर्न नसकिएका कामहरू आउने दिनमा गर्न सकिन्छ भन्ने विश्वास पनि राख्न जरुरी छ भन्ने म ठान्छु ।

जहाँसम्म राष्ट्रियताको मामलालाई उछाल्न खोजिएको छ । सबैले सबैका अनुहार देखिएको छ चिनिएको छ । त्यसकारणले यो राष्ट्रियताको मामलालाई पनि यस ढङ्गले यो नागरिकताको विषयसँग जोडेर लाने र विवादित गराउने काम जे हामी गर्दै छौं । त्यसले वास्तवमा हाम्रो राष्ट्रको हित होइन अहित हुनेतर्फ लान खोज्दै छ भन्ने त्यो खतरा मलाई त महसुस भैरहेको छ । त्यसकारण यो राष्ट्रियताको मामलामा यस खालले विवादित भएर जाने

कुरा चाहिँ नगरौं । र यो अहिले आएको जुन नागरिकता ऐनलाई संशोधन गर्न आएको यो विधेयक छ । यो राष्ट्रपति महोदयले फिर्ता गर्नुभएको वाहाँको पनि फिर्ता गर्ने अधिकार हो त्यसै गरीकन त्यही संविधानको धारा ११३ को (३) ले राष्ट्रपति महोदयलाई विधेयक फिर्ता गर्ने अधिकार दिएको छ भने त्यही धारा ११३ को उपधारा (४) ले राष्ट्रपति महोदयबाट फिर्ता भएको विधेयकलाई विचार गरी जस्ताको तस्तै फिर्ता गर्ने वा संशोधनसहिति फिर्ता गर्ने अधिकार संसदलाई दिएको छ भने संसदले प्रतिनिधि सभाले जस्ताको तस्तै पठाउँछु भन्दा के अपराध गर्यो ? के अपराध गर्यो ? मैले त यस्तो अपराध देखिनँ । संविधानअनुसार नै काम गर्यो भन्ने देख्छु र यो राष्ट्रिय सभाले सक्छ संशोधन गरेर पठाउन सक्छ ? यसको अधिकारको कुरा हो । होइन जस्ताको तस्तै पठाउने यथा रूपमा पठाउने पनि त यसको अधिकारको कुरा हो नि । त्यसकारणले जसरी राष्ट्रपति महोदयले संविधानले दिएको अधिकार गरेर फिर्ता पठाउनु भ'को छ । त्यसै गरीकन संसदले पनि संविधानले दिएको अधिकार प्रयोग गरेर संशोधन गरेर पठाउन पनि सक्छ । यथा अवस्थामा पठाउन पनि सक्छ । या जस्ताको तस्तै पठाउन पनि सक्छ भने यसमा चाहिँ जस्ताको तस्तै पठाउन खोजियो अपराधै गरियो भन्ने ढङ्गले विषय उठान गर्नुपर्ने कुनै पनि जरुरी छैन । यो सभाले संशोधन गरेर पठाऊँ भन्ने सहमत हुन्छ । संशोधन गरेर पठाऊ । होइन यथा रूपमा जस्ताको त्यस्तै पठाऊँ भन्ने कुरा गर्छ । त्यही रूपाम पठाऊँ । हाम्रो निर्णय प्रक्रिया जुन छ यो संसदीय प्रक्रियाबाट हामीले जुन ढङ्गले निर्णय गर्छौं । यो प्रक्रियामा गएर निर्णय गरेर सभाले जे भन्छ त्यही भनेर पठाउने हो । त्यसमा हामीले धेरै विवाद गर्नुपर्ने कुनै आवश्यकता छैन । त्यसो भएर म चाहिँ यसमा यसलाई विवादित गरेर जानेभन्दा पनि अहिले आएको प्रावधानको बारेमा कसैको पनि विमति छैन । ती विमति नभएका विषयहरूलाई अगाडि बढाऊँ । विमति रहेका विषयहरूलाई आगामी दिनमा सहमति खोज्दै अगाडि बढौंला भन्ने अनुरोधका साथ आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**<u>पुनः पीठासीन</u>**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन)

विधेयक, २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रास्तावमाथिको छलफलमा माननीय सदस्यहरूले  बोल्ने समय क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>**माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण**</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभाका सम्माननीय सभामुखद्वारा प्रमाणित गरी सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरणका लागि प्रेषित गरिएको हो । सम्माननीय राष्ट्रपतिसम्मुख प्रस्तुत विधेयकलाई संविधानको धारा ११३ (३) को व्यवस्थाअनुसार सम्माननीय राष्ट्रपतिज्यूले सन्देशसहित नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ लाई संसदमा फिर्ता पठाइदिनुभएको छ र यो संवैधानिक व्यवस्थाअनुसार नै सम्माननीय राष्ट्रपतिज्यूले फिर्ता पठाउनुभएको हो । यसलाई सरकारले सहजतापूर्वक लिएको छ । र यसले विधेयक पारित गर्ने क्रममा संसदले विधेयक पारित गर्दैन । ऐन निर्माण गर्ने क्रममा सकारात्मक भूमिका निर्वाह गर्दछ भन्नेमा विश्वास व्यक्त गर्न चाहन्छु । र सम्माननीय राष्ट्रपतिज्यूलाई धन्यवाद पनि दिन चाहन्छु सरकारको तर्फबाट ।

यसै सन्दर्भमा प्रतिनिधि सभाले यो सन्देशसहितको विधेयकलाई व्यापक छलफल गरेर प्रतिनिधि सभाका ८२ जना माननीय सदस्यहरूले आफ्ना धारणा र विचारहरू प्रस्तुत गरेर व्यापक छलफलपश्चात् यसलाई पारित गर्ने सन्दर्भमा प्रस्तुत गरेको प्रस्तावलाई पारित गरेको छ र प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा यो विधेयक आइपुग्दा राष्ट्रिय सभाले विधायन व्यवस्थापन समितिमा पठाएको थियो । प्रतिनिधि सभामा पठाएको छलफल र भएको निर्णयलाई पनि हामी सकारात्मकै लिनुपर्छ । राष्ट्रिय सभामा भएको यो छलफललाई पनि हामीले सकारात्मक रूपमा लिनुपर्दछ भन्ने म आग्रह गर्न चाहन्छु । विधायन व्यवस्थापन समितिमा यसका उपर सन्देशसहित फिर्ता आएका विधेयकउपर विसत छलफल भएको छ । छलफल गर्ने क्रममा यसका बहुआयामिकताका बारेमा पनि प्रकाश पारिएको छ । म विधायन व्यवस्थापन समितिका माननीय सभापतिज्यूलाई र माननीय सदस्यहरूलाई पनि

सरकारको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु । र हाम्रो इच्छा थियो विधायन व्यवस्थापन समितिले यसलाई सर्वसम्मतिबाटै पठाओस् । तथापि सर्वसम्मति जुट्न सकेन । एउटा विषयमा एउटा विधेयकमा केही मतान्तर भएर सहमति जुटेन भने भोलि आउने दिनमा फेरि अरू विषयमा पनि सहमति जुट्दैन भन्ने पनि हामी नसोचौं । यसलाई हामीले एउटा आफ्नो अनुभाव र बोलेका विचारहरूलाई पनि हाम्रो सदनको एउटा सम्पत्ति प्रस्तुत विचार र दस्तावेजहरू पनि एउटा सम्पत्तिको रूपमै रहने छ । र भविष्यमा फेरि अरू विषयहरूमा सहमति जुट्न सक्छ भन्ने विश्वास म व्यक्त गर्न चाहन्छु । र विधायन व्यवस्थापन समितिमा छलफलहरू लम्बिन्थ्योहोला । त्यहाँ छलफलमा कुनै हतारो पनि थिएन । सबै माननीयहरूले बढो सहजतापूर्वक आफैले निर्धारण गरेको समय आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको थियो । र सबै माननीयज्यूहरूले त्यसलाई सहजतापूर्वक लिनुभएकै थियो । र सरकारको तर्फबाट पनि मैले त्यसलाई सहजतापूर्वक लिएको थिएँ । गम्भीरता पूर्वक लिएको थिएँ । किन यो नागरिकता ज्यादै नै महत्त्वपूर्ण विषय हो । संवेदनशील विषय हो । यो मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, भूगोलिक अखण्डता राष्ट्रियता एकताको भावनासँग अन्तरनिहित छ । त्यस्तै नागरिकको पनि जीवन र मरणसँग अन्तरनिहित छ । जुन मान्छे जन्मिन्छ, हुर्किन्छ उसले आफ्नो पहिचान प्राप्ति गर्ने कि नगर्ने ? उसले नेपालमा नेपाली नागरिक भएर बाँच्न पाउने कि नपाउने ? त्यो ज्यादै नै संवेदनशील विषय छ । र यी संवेदनशील विषयमा विसत छलफल भएको छ ।

र यसमा केही माननीय साथीहरूले फेरि एउटा लिखतहरू दस्तखत गरेर बाँडनुभो' त्यसलाई हामी सबैले गम्भीरतापूर्वक पढ्यौं। र हामीलाई लाग्यो कि जति सुकै छलफल गरे पनि निष्कर्षमा पुग्नुपर्ने बेला आइसक्यो । त्यसकारणले समितिको तर्फबाट माननीय सभापतिज्यूले प्रस्ताव राख्नुभयो । र यो प्रस्तावलाई बहुमतले पारित गर्यो । माननीय सभापतिज्यूले पनि यहाँ यो प्रस्तावको बारेमा यो प्रतिवेदनको बारेमा प्रतिवेदन पेस गर्ने क्रममा केही शब्द छुटे तापनि समितिमा पास गर्ने बेलामा प्रस्ताव प्रस्तुत गरिसकेपछि त्यसमा सहमति नजुटेको अवस्थामा केही विमति रहेको बेलामा; मतान्तर भएको बेलामा यो प्रस्ताव बहुमतले पारित भएको छ भनेर भन्नुभएकै हो । त्यसलाई हामी सबैले स्वीकार गरेकै हो । समितिका राष्ट्रसेवक कर्मचारीहरूलाई त्यहीअनुसार प्रस्ताव तयार गर्ने प्रतिवेदन तयार गर्ने राष्ट्रिय सभामा त्यसलाई प्रेसित गर्ने निर्णय भएको हो । त्यसकारणले माननीय सभापतिज्यूले

त्यहाँ कुनै पक्ष र विपक्षभन्दा पनि समितिको जे यथार्थ थियो । त्यही यथार्थ आधार वाहाँले निर्णय गराउनुभएको हो । त्यसको प्रमाणीकरण गर्नुभएको हो र प्रतिवेदन बुझाउनुभएको हो । त्यसकारण माननीय सभापतिज्यूलाई पनि फेरि धन्यवाद । र सदस्यहरूलाई पनि फेरि म धन्यवाद दिन चाहन्छु ।

अब यो नागरिकताको ऐतिहासिकताका बारेमा अगि माननीयज्यूहरूले भनिसक्नुभो' २००४ सालमा नेपालमा विधान बन्यो; नेपालको विधान र यो विधानमा नागरिकतासम्बन्धी कुनै प्रावधान राखिएको थिएन । र २००७ सालको जनक्रान्तिपछि प्रजातन्त्रको प्रादुर्भाव भएपछि २००९ सालमा नागरिकता ऐन बन्यो र त्यो नागरिकता ऐनले नागरिकतालाई व्यवस्थित गर्ने क्रममा नेपालमा एउटा ऐतिहासिक आधारशिला निर्माण गरेको हो । नेपालको सरहदभित्र रहेका नेपालीहरू, नागरिकहरू, नेपाली नागरिकसँग बिहे गरेका विदेशी महिलाहरू नेपालको नागरिक ठहर्ने छन् भनेर त्यहाँ उल्लेख गरिएको थियो । त्यसकारण नागरिकताको प्रारम्भदेखि नै नेपाली नागरिकसँग बिहे गर्ने महिलाहरूको नागरिकताको अधिकारलाई ऐनले सुनिश्चित गरेको हाम्रो ऐतिहासिक अवस्थाहरू छ । र अहिले पछिल्लोपटक १९ साल २० साल ३२ साल यो नागरिकता ऐनको निर्माण संशोधन संविधान निर्माण गर्ने ऐतिहासिक पृष्ठभूमिमा नागरिकताले ज्यादै ठुलो महत्त्व पाएको छ यो स्वाभाविकै छ ।

र २०४७ सालको संविधान धेरै ठुलो जनआन्दोलनको सफलतापछि पुरानो एक दलीय शासन व्यवस्थापनको अन्तरबहुदलीय शासन व्यवस्थापनको स्थापनापछि बनेको संविधानले पनि नागरिकतासम्बन्धी केही व्यवस्थापनहरू गरेको थियो । त्यसको प्रभाव नागरिकता ऐनमा पनि परेको छ । र २०४६ सालको आन्दोलनमा पनि तपाईं हामी सबै नै थियौं । तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टाराई हुनुहुन्थ्यो । उक्त अन्तरिम सरकारमा सबै पार्टीका शीर्ष नेताहरू हुनुहुन्थ्यो । ०४६ सालको आन्दोलन नेपालको प्रजातान्त्रिक र वाम शक्तिको संयोजनबाटै भएको हो । तर सरकार पनि संयुक्त सरकारको निर्माण गरियो हो । ठुल्ठुला नेताहरू त्यो सरकारमा रहनुभएको थियो । काँग्रेसका कार्यवाहक सभापति अन्य पार्टीका पनि महासचिव भैसकेका ठुला नेताहरू आन्दोलनमा वाममोर्चाको नेतृत्व हाँक्नुभएको आदरणीय महिला नेतृ साहना प्रधान नै हुनुहुन्थ्यो । माननीय झलनाथ खनाल पनि त्यो सरकारमा हुनुहुन्थ्यो । वाहाँहरू सबैलाई सम्मान गर्न चाहन्छु । त्यो सरकारसँग एउटा अधिकार थियो । व्यवस्थापिक संसदको रूपमा भएको राष्ट्रिय पञ्चायत विघटन

गरियो । राष्ट्रिय पञ्चायत विघटन गरेपछि कार्यपालिका र व्यवस्थापिकको अधिकार सरकारसँग थियो कार्यापालिकासँग थियो । सरकारले नै संविधान निर्माण गर्ने समिति बनायो । त्यो समितिमा पनि त्यतिखेरको समयमा ज्यादै नै लब्ध प्रतिष्ठित बहुचर्चित आन्दोलनबाट खारिएर आएका नेताहरू हुनुहुन्थ्यो धेरै ठुला नेताहरू हुनुहुन्थ्यो त्यसमा । तर वाहाँहरूको साझा प्रयत्नबाट ०४७ को संविधान जारी भयो । त्यसले पनि नागरिकताबाट केही कुराहरूलाई सम्बोधन गरेको थियो । त्यसलाई हामीले फेरि स्मरण गरौं । र त्यसपछि अहिले पछिल्लोपटक खास गरेर नेपाल कम्युनिष्ट पार्टी माओवादीले पछिल्लो समय चक्रमा जुन खालको सशस्त्र आन्दोलन गर्यो । हजारौं मान्छेहरूले सहादत प्राप्त गरे ।

र शान्ति व्यवस्था मुलुकमा ल्याउनका लागि नेपाल कम्युनिष्ट पार्टी माओवादी र सात दलको बिचमा सहमति भएर बाह्र बुँदे सहमति बनेको हो । त्यो बाह्र बुँदे सहमतिको आधारमै नेपालले एउटा नयाँ उदाहरण पनि स्थापित गर्यो । विघटित भैसकेको प्रतिनिधि सभालाई पुनर्स्थापित गरियो । पुनर्स्थापित संसदले सरकरको निर्माण गर्यो । र त्यो सरकारमा नेपाल कम्युनिष्ट पार्टी माओवादी सरकारमा आइसक्या थिएन । बृहत शान्ति सम्झौताको प्रक्रियामै थियो । पछि बृहत शान्ति सम्झौता पनि यही ठुलो अडिटरियम हलमा तत्कालीन प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला र विद्रोही पक्षका नेता नेपाल कम्युनिष्ट पार्टी माओवादीका कामे्रड पुष्पकमल दाहालजीको बिचमा दस्तखत भएको हो । त्यो दस्तखत समारोह अहिले चर्चा रहेका सबै ठुला नेताहरू त्यसमा उपस्थित हुनुहुन्थ्यो । कति जना उतापट्टि फ्लोरमा थियौं कति जना यहाँ मञ्चमै हुनुहुन्थ्यो त्यसैले सरकार बन्यो । र त्यो सरकारले २०६३ को नागरिकतासम्बन्धी ऐन ल्यायो । यो नागरिकतासम्बन्धी ऐनमा नेपाली नागरिकसँग बिहे गरेकी विदेशी महिलाले चाहेमा अङ्गीकृत नागरिकता प्राप्त गर्ने छ भनेर व्यवस्था गरियो । यो ०६३ को ऐनको दफा ५ मा लेखिएको छ अङ्गीकृत नागरिकता प्राप्ति नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपाली नागरिकता प्राप्त चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्ने छ । त्यसरी निवेदन दिंदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथे पेस गर्नुपर्ने छ । यो २०६३ मा ल्याउँदाखेरि कुनै अमुख एउटा मात्रै पार्टी ल्याएको होइन । कुनै पार्टीको सदनमा बहुमत भएर एकल बहुमतमा बनेको सरकार थिएन । आन्दोलनबाट स्थापित भएको साझा सरकार थियो । यो साझा सबैको

कमिट्मेन्ट हो । त्यसकारणले यो ०६३ को नागरिकता ऐनलाई बदल्नका लागि जुन सहमतिका साथ यो नागरिकता ऐन बनेको छ । त्यही सहमतिका यसलाई इनकर्पोरेट गरम् भन्ने मात्रै हाम्रो प्रयास हो । त्यतिखेर यो सरकारमा को को हुनुहुन्थ्यो । यो राजपत्रमा छ । सरकारले मात्रै पास गर्या होइन । फेरि सदनले पनि पास गरेको हो सम्माननीय अध्यक्षज्यू । अनि त्यतिखेर को को त्यतिखेर संसदमा हुनुहुन्थ्यो । यो संसदको विवरण पुस्तिकामा छ । सबै माननीयज्यू, सबै ठुला नेताहरू सबै सम्माननीय अध्यक्षज्यहरूको नाम चाहिँ यसमा छ । त्यसकारणले यो ०६३ को व्यवस्था हो वैवाहिक अङ्गीकृतको जुन व्यवस्था हो । त्यसबाट आफूउन्मुख भएर अहिले विधेयक ल्याउनेले मात्रै यो ल्याउन थाल्यो भनेर भन्नु न्याय हुँदैन भन्ने म आग्रह गर्न चाहन्छु । यो सबैको साझा स्वमित्व हो । यो सबैको साझा responsibility हो । सबैको साझा दायित्व हो । सहमतिबाटै ल्याएको हो । बदल्न सकिन्छ त्यसलाई यो । ०६३ को ऐनको आधारमा ०६३ को अन्तरिम संविधान निर्माण गर्दाखेरि नागरिकताको व्यवस्थापन यही ऐनको आधारमै ०६३ को अन्तरिम संविधानमा गरियो । संविधान सभाको दोस्रो संविधान सभाले २०७२ को यो संविधान जारी गर्दा पनि यही ०६३ को आधारमै नागरिकताको प्रावधान राखियो । अब सरकार पनि यसमा पानीमाथि ओबानो बन्न चाहन्न । होइन अहिलको सरकारको मात्रै जिम्मेवारी हो । ठिक छ हाम्रो जिम्मेवारी हो । जे गयौं हामीले राम्रै गयौं । नेपालमा रहेका सबै नेपाली नागरिकलाई अनगरिकबाट नागरिक बनाउनको लागि गयौं ।

त्यसकारण हाम्रो सदासयता नेपालको राष्ट्रियतालाई बलियो पर्ने नै सदासयता हो । हाम्रो संविधानप्रतिको हाम्रो कमिटमेन्ट छ । संविधानप्रति चाहिँ हाम्रो विश्वास छ । हामीले घोषणा गरेको संविधान २०७२ असोज ३ गते असोज आइरा' छ  अहिले । यो संविधान मुलुकको मूल कानुन हो । संविधानसँग बाझिने कानुन  बाझिएको हतसम्म अमाननीय हुन्छ भन्या छन् । यो संविधानसँग बाझ्ने गरी ऐन बनाउन सकिन्छ ? कानुन बनाउन सकिन्छ ? विधेयक बनाउन सकिन्छ र ? ल्याउन सकिन्छ र ? फेरि नागरिकतासम्बन्धीको प्रबन्धमा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्या छ । र यसै संविधानमा फेरि संविधान प्रारम्भ हुनुभन्दा अगि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने । निज बालिक भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ । मैले यो नागरिकता

ऐन पढ्या होइन । मैले संविधान पढेको हो । यो व्यवस्थाअनुसार लाखौं नेपाली नागरिक आमा र बुबाका सन्तानहरूले छोरा र छोरीहरूले लिङ्गको पहिचान पनि नभएकाहरूले नागरिकता प्राप्त गर्ने संवैधानिक हक राख्दछन् । संवैधानिक अधिकार राख्दछन् । ०७२ सालमा यो संविधान जारी भयो । ०७२ देखि आज ०५९ सालसम्म सात वर्षसम्मन तिनीहरूलाई नागरिकता दिन सकिएको छैन । यो हाम्रो पनि जवाफदेही र जिम्मेवारी हो ।

त्यसकारण नागरिकता जसलाई दिन सकिएन । जुन संविधानको व्यवस्था छ । तिनीहरूलाई नागरकिता दिने प्रयत्न गर्नु यो सार्थम प्रयत्न नै हो । यसका पछाडि जस्तै भनिन्छ नि । चुनाव आएको कारणले यसले भोटलाई के प्रभाव गर्ला अब त्यो हाम्रो प्रस्तुति र सोच मात्रै हो । गठबन्धन सरकारको प्रयत्न सप्रयत्न ती नागरिकता प्रमाणपत्रबाट वञ्चित नेपाली नागरिकहरू जसलाई हाम्रो संविधानले नागरिकता देऊ भनिराख्या छ । उनीहरूलाई नागरिकता दिने सुप्रबन्ध गर्न खोजेको हो । जुन कुरा मैले यो सम्माननीय अध्यक्षज्यू, फोटोकपी गरेरपछि चाहिँ पिजनहोलमा राखौंला ।

अब यसमा चाहिँ ०७५ को विधेयक आयो । यो ०७५ को विधेयकमा पनि यही विषयलाई सम्बोधन गर्या थियो । तर राज्य व्यवस्था सुशासन समितिमा पठाइयो प्रतिनिधि सभाबाट २२ महिनासम्मन छलफल भयो । तर २२ महिनासम्मन त्यहाँ सहमति हुन सकेन । २२ महिनासम्मन पनि सहमति नभइसकेपछि त्यहाँ फरक मतका साथै अगाडि बढ्यो । तर फरक मतका साथ अगाडि बढेको भए तापनि राज्य व्यवस्था सुशासन समितिका सभापतिज्यूलाई माननीयहरूलाई म सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु । यो प्रतिवेदनलाई प्रतिनिधि सभामा प्रवेश गराएर निर्णयार्थ अगाडि बढाइदिएको भए हुन्थ्यो नि । अहिले जस्तैः माननीयज्यूहरूको फरक फरक मत आउँथ्योहोला । तर एउटा प्रक्रियामा अगाडि बढेर त्यो कुनै निर्णय हुन्थ्योहोला त्यहाँ प्रतिनिधि सभाबाट निर्णय भएको भए राष्ट्रिय सभामा आउँथ्योहोला । राष्ट्रिय सभाबाट पारित भएको भए । यो ऐन बन्थ्योहोला । तर राज्य व्यवस्था सुशासन समितिबाट प्रतिवेदनका साथ अगाडि बढेको विधेयक किन सरकारले प्रतिनिधि सभामा पेस गरेन ? प्रतिनिधि सभामा पेस गर्नुपर्थ्यो । निर्णयार्थ त्यो चाहिँ अगाडि बढ्थ्यो । त्यसमा बहस हुन्थ्यो त्यसमा छलफल हुन्थ्यो । तर सरकारले त्यसलाई प्रस्तुतै गरेन ।

उतापट्टि नागरिकताविहीन नेपाली नागरिक युवा, युवतीहरू अब नागरिकता संशोधन आउला विधेयक पास होला । नागरिकता ऐन संशोधन होला । हामीले नागरिकता पाउने प्रावधानको व्यवस्थापन होला र हामीले नागरिक बनौंला उनीहरूको प्रतीक्षा । अहिलेसम्म प्रतीक्षामै छन् । पछि यसै बिचमा प्रतिनिधि सभा विघटन भयो । यतापट्टि म प्रवेश गर्न चाहन्नँ । विघटनको बारेमा हामीले बोलिसकेका छौं । सम्बन्धित निकायहरूले बेलैमा बोलिसक्या छन् । यतापट्टि म प्रवेश गर्न चाहन्नँ । तर विघटन भैसकेपछि पनि नागरिकता ऐन त चाहियो । नागरिकता प्राप्त नभएका नेपाली नागरिकहरूलाई अनागरिकको रूपमा राख्न सकिदैन । अध्यादेश आयो । तर अध्यादेश आउँदाखेरि के आयो भन्दाखेरि राज्य व्यवस्था सुशासन समितिको प्रतिवेदनको आधारमा आएन के । एक हिसाबले त्यो प्रतिवेदनलाई राजनीतिक रूपमा त्यसलाई अब थाति रख्दिएर फिर्ता लिएको जस्तो भयो त्यो । आफूले सुरुमा पेस गरेको नागरिकता विधेयकै अध्यादेशको रूपमा आयो । त्यसपछि सरकार परिवर्तन भएपछि हामीले कोसिस गर्यौं । पुरानो प्रतिवेदनलाई त्यसलाई सहमतिमा लैजाऊँ । सहमतिमा जुटौं । र सहमति जुटाउन सकिएन । फेरि त्यो विषयमा भोलि सहमति बन्ला । यसमा फेरि राजनीतिक पार्टीहरूको बिचमा सदन छलफल होला । कुनै निकास निसकेला भन्ने नै सरकारलाई आशा र भरोसा छ ।

र पछिल्लोपटक यो विधेयक ल्याउने क्रममा हामीले सबै राजनीतिक पार्टीहरूसँग छलफल गर्यौं । भेटघाट गर्यौं वार्ता गर्यौं । संवाद गर्यौं । र जुन ०७५ को विधेयक छ । ७८ को अध्यादेश छ जुन अध्यादेश १८ दिनसम्मन क्रियाशीला पनि भयो । २०७८ जेठ ९ गते जारी भएको अध्यादेश सर्वोच्च अदालतको फैसलाबाट त्यो फैसलामा पनि लेखिएको छ । नागरिकता जस्तो संवेदनशील विषयमा सदनबाटै विधेयकअगाडि बढ्नुपर्छ । सदनले नै पास गर्नुपर्छ । संसदले नै त्यसलाई टुङ्गो लाउनुपर्छ भनेर त्यसरी फेरि आएपछि २०७८ साल जेठ २७ गते त्यो कोर्टले त्यसलाई रद्द गरेपछि त्योभन्दा अगाडि १८ दिनसम्मन त यही अध्यादेशकै आधारमा नागरिकता बाँडियो । त्यहाँदेखि यो प्राक्टिसमा पनि आइसकेको सर्वोच्चले पनि सदनबाटै यसलाई अगाडि बढाउनुस् भनेको र पूर्ववार्ती सरकारले पनि यसैलाई नै आधारशिला बनाएरअगाडि बढ्या कारणले यही कुरा मात्रै हामीले इनकर्पोरेट गर्यौं राख्यौं भने यो अगाडि बढ्छ । सहमतिका साथ जुट्छ । भन्ने चाहिने मनसुबा साथ यो सरकारले अगाडि लयाएको हो त्यसमा केही माननीय साथीहरूले केही पार्टीका नेताहरूले

वाहाँहरूसँग हामीले छलफल गर्ने क्रममा यो संविधानको नागरिकसम्बन्धी जुन व्यवस्था छ । त्यो व्यवस्थाको धारा १४ अनुसार गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने भन्ने जुन प्रबन्ध छ । यो प्रबन्धलाई पनि यसलाई थप्दिनुस् । सार्क मुलुकबाहेक दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेका नेपालीहरूले यदि गैरआवासीय नेपाली नागरिकता लिन चाहन्छन् भने उनीहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग  गर्नपउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने छ भन्ने संविधानमा जुन प्रबन्ध हो । यसैअन्तर्गत यो व्यवस्था गरेको हो ।

त्यसकारणले यो अध्यादेशको आधारशिलामा यो सहमतिबाट थाप्दाखेरि त एक हिसाबले सहमतिबाटै पास हुनुपर्ने थियो । प्रतिनिधि सभमा पनि छलफल भयो । यसमा थुप्रै संशोधन प्रस्ताव पनि आएका थिए । तर ती संशोधन प्रस्तावउपर सरकारको तर्फबाट मैले यतिपय कुरामा जवाफ दिएपछि ती संशोधन प्रस्तावहरू फिर्ता पनि भए । कतिपय प्रक्रियाबाट अस्वीकृत पनि भए । तर विधेयक पास गर्ने बेलामा सत्ता गठबन्धनका माननीयहरूले पनि "हुन्छ" भन्नुभएकै हो । र प्रमुख प्रतिपक्षका माननीयहरूले पनि "हुन्न" पनि भन्नुभएन के । त्यसकारण सबैले मिलेरै पास गर्या हो । यो राष्ट्रिय सभामा पनि सबैले मिलेरै पास गर्या हो । केही स्वतन्त्र माननीयज्यूहरूले केही माननीयहरूले "हुन्न" भा' थियो वाहाँहरूले । "हुन्न" भन्नेहरूलाई पनि म हार्दिक सम्मान गर्न चाहन्छु । किनकि पार्लियामेन्ट्री डेमोक्रेसीमा "हुन्छ" र "हुन्न" हुन्छ नै । सहमति र विमतिकै बिचमा सहमति खोजिन्छ । विमति राख्नेहरूलाई पनि म सरकारको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यसकारण अहिले सम्माननीय राष्ट्रपतिज्यूबाट जुन सन्देश आएको छ । त्यो सन्देश पनि हाम्रो संसदको प्रोपर्टी नै हो । नागरिकताको इतिहास मुलुकका लागि एउटा सम्पत्ति नै हो । यसलाई सम्पत्तिकै रूपमा सरकारले सम्मान गर्छ । तर अहिले एकतिर निर्वाचनको पनि घोषणा गरिसक्या मङ्सिर ४ गते अब सदन पनि लामो समयसम्मन नियमित सञ्चालनमा पनि कठिनाइहरू आउन सक्ने हिसाबले पनि अब यसलाई जे जे कुरामा सहमति जुट्या छ । यसलाई अगाडि बढाऊँ । जे कुरामा सहमति जुटाउन बाँकी छ । त्यसलाई बाँकी नै जुटाउँला भन्ने हाम्रो सदासयता हो ।

यसै क्रममा प्रादेशिक पहिचानका सन्दर्भमा जुन सम्माननीय राष्ट्रपतिज्यूको सन्देशमा आएको छ । त्यसलाई म हार्दिक सम्मान गर्न चाहन्छु । र यो नेपाली नागरिकताको जुन प्रमाणपत्र बन्छ । त्यसमा प्रादेशिक पहिचान त्यसमा अङ्कित गरिन्छ । नेपाल सरकार त्यसमा अब एक नम्बर प्रदेश भन्ने कि के भन्ने प्रदेशको नाम जुटेर आउनुपर्यो । बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका । नागरिकता प्राप्न गर्ने नागरिकको नाम आमाको नाम अनि बाबुको नाम र ठेगाना दस्तखत र अङ्कित ल्याप्चे  अङ्कित  ल्याप्चे त्यसमा रहन्छ त्यो हामीले बनाई पनि सक्या छौं । यसलाई अझै नियमावलीमा सुनिश्चित गरिने छ । त्यसकारण यसलाई नियमावलीमा सुनिश्चित गरिसकेपछि यो पहिलै हामीले यो नियमावली गराउने प्रबन्धमा गरिसक्या थियौं । तथापि सम्माननीय राष्ट्रपतिले पनि यसलाई आफ्नो सन्देशमा पठाउनुभएको छ यो सन्देशको पनि म हार्दिक स्वागत गर्छु । र यो नियमावलीमा अङ्कित भएर प्रादेशिक पहिचान छुटिन्छ भन्ने नै म । विश्वास दिलाउन चाहन्छु ।

त्यसरी स्वघोषणाको बारेमा पनि हामी सबै दिदी बहिनीहरूलाई हार्दिक सम्मान गर्छौं । तर जसरी नेपाली नागरिकसँग बिहे गरेको विदेश महिलाले नेपालको नागरिकता प्राप्त गर्ने छिन् । चाहेमा अङ्गीकृत नागरिकता प्राप्त गर्ने छिन् भन्ने छ । म विनम्रतापूर्वक के आग्रह गर्न चाहन्छु भने आउँदाखेरि त वाहाँहरू बुहारी भएर आउनुहुन्छ । समय क्रममा वाहाँहरू सबै आमा बन्नुहुन्छ के । त्यसकारणले सबै आमाहरूलाई म सम्मान गर्न चाहन्छु । त्यसकारण आमालाई हामीले कसरी सम्मान गर्ने आमाको स्वाभिमान कसरी जोगाउने । प्रतिष्ठा कसरी बचाउने । त्यसमा हामी सबैलाई चिन्ता छ । यो स्वघोषणाभन्दा पहिलो प्रबन्ध के थियो भने निस्सा प्रमाणित गर्नुपर्ने । अब प्रमाणित निस्सा पेस गर्नु सहज हुन्छ कि स्वघोषणा सहज हुन्छत ? आमाले बाबुको पहिचान नखुलेको बच्चाको नागरिकताका लागि फेरि प्रमाण खोज्न कहाँ जाने ? सर्जमिनमुचुल्का गर्न कहाँ जाने ? त्यसकारणले मुचुल्का गर्न नपरोस् । प्रमाण खोज्न नपरोस् । निस्सा बनाउन नपरोस् । त्यसकारणले आमाको प्रतिष्ठामा आँच नआओस् । प्रश्न नउठोस् । त्यसकारणले आमा स्वयम् आफैले यसको बाबुको पहिचान म दिन्छु । यहाँ यसको पहिचान छैन । जस्तैः कतिपय दृष्टान्तहरू कतिपय घटनाहरू हुन्छन् । ती म दोहोर्‍याउन चाहन्नँ यहाँ । कोही दिदी बहिनी अहिले चाहिने वैदेशिक रोजगारको लागि वर्क पर्मिट लिएर जानुभा' छ । कोही

भिजिट भिसामा जानुभा' छ । उतैतिर काम गर्न थाल्नुहुन्छ । कुनै घटना दुर्घटनामा पर्नुभो' फर्केर आउँदासँगै बच्चा पनि आइपुग्यो । फर्केर आउने क्रममा नेपालमा आएपछि वाहाँहरूले बच्चा जन्माउनुभयो भने अब कहाँ बाबु खोज्न जाने ? सात समुद्रपारि कहाँ बाउ खोज्न जाने । त्यसकारणले आमाले जे भन्नुहुन्छ त्यही कुरा प्रमाणित गरेर त्यहाँ राख्दिने नागरिकता दिने बेलामा बाउको नाम खाली राख्दिने । यसले त झनै आमाहरूको सम्मानमा कुनै आँचै आएको छैन नि । आमाहरूको प्रतिष्ठामा कुनै आँचै आउँदैन । यदि निस्सा ल्याऊ । अब निस्सा खोज्न कहाँ जाने अब ओमनतिर जाने कि साउदीतिर जाने दुबैतरि जाने कि कता जाने अब निस्सा खोज्न ? नेपालभित्रै पनि कोही सामूहिक बलात्कारमा पर्यो । कहाँ निस्सा खोज्न जाने । पहिचान छुट्याउन सकिएन । त्यसैलाई बाबुको पहिचान नहुने बालबालिकाहरूले पनि नागरिकता पाऊ । आमाको आधारशिलामा त्यसको लागि पहिला निस्सा भन्ने थियो । त्यो निस्साको ठाउँमा स्वघोषणा राख्दिया हो । यो स्वघोषणा लागि पनि हामीले नागरिकताको प्रमाणपत्रको कपीमा उल्लेख गर्या हुँदैन ।

म माननीयज्यूहरूलाई आग्रह गर्न चाहन्छु विश्वास दिलाउन चाहन्छु । कुनै पनि महिला दिदी बहिनीको, कुनै पनि आमाहरूको, नागरिकता प्रदान गर्ने क्रममा बच्चाले नागरिकता प्राप्त गर्ने क्रममा कुनै स्वाभिमानमाथि आँच आउने छैन । त्यस्तो प्रबन्धन गरिने छैन । यसलाई नियमावलीमा हामीले सुस्पष्ट पार्छौं । आमाले जुन फाराम हुन्छ त्यो फाराम भर्नुहुन्छ । त्यो फाराममा केही कुरा नोटिसमा राख्दिनुहुन्छ वाहाँले । त्यो पनि किन राख्नुपर्यो भने यदि घोषणा तपाईलाई त्यो झुटो रहेछ भने कानुनी कारबाही हुन्छ त्यहाँ । यदि घोषणा झुटो हुँदै होइन भने त्यो कुरा हाम्रो रेकर्डमा रहन्छ । नेपाल सरकारको दस्तावेजमा रहन्छ । तर त्यो दस्तावेजलाई कसैले कपीको रूपमा पनि लिन पाउँदैन र मुल नागरिकताको प्रमाणपत्रमा बाबुको नाम खाली हुन्छ । अनि बच्चाले पनि स्वघोषणा गर्यो भने बाबुको नाम खाली हुन्छ । त्यसरी नै बाबु र आमा दुवैको पहिचान नभएको बेवारिसे अवस्थामा बसेका युवाहरूलाई पनि यदि बाल आश्रमले हुर्काएको छ । अनाथ आश्रमले हुर्काएको छ । बालमन्दिरले पालेको छ । कुनै कानुनी संरक्षणको आधारमा हुर्किएको छ भने त्यही आधारशिला मै नागरिकता प्रदान गर्ने पनि यो व्यवस्थापन गरिएको छ । नागरिकता प्राप्त गर्ने उमेर भएका युवा, युवतीहरू यदि घर परिवारले सर्जमिन गर्दिएन भने । अनिवार्य रूपमा सर्जमिन गर्ने व्यवस्था पनि गरिएको छ । परिवारले सर्जमिन गर्दिने । यदि

परिवारले सर्जमिन गर्दिएन भने परिवारलाई त्यसलाई कानुनको दोष लाग्छ । तर स्थानीय पालिकाको वडा सिफारिस गरेपछि त्यस्तो अवस्थामा रहेका नेपाली नागरिकलाई पनि नागरिकता प्रदान गर्ने ।

यो नागरिकता संशोधनको विधेयक पारित भएर ऐन बनेपछि नेपालभित्र कुनै पनि नेपाली नागरिक । एउटा पनि नेपाली नागरिक नागरिकताबाट वञ्चित नहोस् भन्ने हाम्रो सदासयता हो । तर कुनै पनि गैरनेपालीले नागरिकता पनि प्राप्त नगरोस् । नेपाली नागरिकले नागरिकताबाट वञ्चित नहोस् । सरकारको सदासयता र प्रयत्न त्यही नै हो । र सम्माननीय राष्ट्रपतिले पनि भन्नुभा' छ । नेपालको संविधानले कुनै नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित गरिने छैन । र तत्काले यो नागरिकताको समस्यालाई सम्बोधन गरियोस् भन्ने उहाँको सन्देशमा पनि छ । त्यो सन्देशलाई पनि म सम्मान गर्न चाहन्छु । त्यसकारणले यसलाई विल्मब गर्न सकिँदैन ।

अब सम्माननीय अध्यक्ष महोदय, अहिले यो नागरिकता ऐन पारित हुन्छ भन्ने मलाई विश्वास छ । यहाँहरू सबैको सद्भाव र सहयोगले पारित भएन भने के हुन्छ ? जुन नेपाली नागरिकहरू नागरिकता नपाएर नागरिकताबाट वञ्चित छन् । जसका कारणले उनीहरूले पढ्न पाइराखेका छैनन् । रोजगारीको लागि आवेदन दिन पाइराख्या छैनन् । जसले प्यान कार्ड नभएर उद्योगधन्दा खोल्न पाइराख्या छैनन् । जसले बाबु आमाको पैतृक सम्पत्ति आफ्नो नाममा नाम सारी गर्न पाएका छैनन् । जसले उच्च शिक्षाका लागि र विदेशमा रोजगारीका अवसरको लागि पासपोर्ट बनाउन पा' छैनन् । घुम्न जान पनि पासपोर्ट बनाउन पा' छैनन् । जसले सवारी चलाउनका लागि सीप भए पनि उमेर भए पनि सवारीचालक प्रमाणपत्र बनाउने दरखास्त पेस गर्न पा' छैनन् । थुप्रै सामान्य नागरिकहरूले प्राप्त गर्ने सेवा र सुविधा अपरिहार्य सेवा र सुविधाका लागि पनि वञ्चित भएर अनागरिकको जीवन बिताउन परिराख्या छ तिनीलाई नागरिकता दिनु छ । यदि यो विधेयक पास भएन भने तिनले नागरिकता पाउँदैनन् । सात वर्ष नपाए जस्तै तिनले पाउँदैनन् । यसका बारेमा चर्चा गरेर रोक्न खोजिएको छ । तिनको नागरिकता फेरि प्राप्त भैरहन्छ । नेपाली नागरिकसँग बिहे गरेको विदेशी महिलाको हक जुन चर्चा छ । उसले त पाइराहेकै छ । अहिले यो पास गर्ने प्रक्रिया पनि तिनले पाएकै छन् । सन्देशसहित फिर्ता आउँदा पनि तिनले पाएकै छन् । अब सङ्घीय संसदले राष्ट्रिय सभाले पास नगर्दा पनि तिनले पाएकै छन् । त्यसकारण त्यसो बारेमा

सहमति नजुट्या कारणले त्यसमा सहमति जुटाऊँ । छलछल गरौं तर त्यो सहमति जुटाउने नाममा जो नागरिकता नपाएर प्रताडित भएका छन् । जो अपहेलित भएका छन् । जो नेपाली बाबु आमाका सन्तान जो नेपालका अनागरिक जस्ता जीवन बिताउन बध्य छन् । तिनीहरूलाई नागरिकता दिऊँ । त्यसको प्रबन्धन गरौं भन्ने नै हाम्रो आश्य छ । त्यसमा त सबैको साथ र सहयोग हुनुपर्ने । ती नागरिकता नपाउनेहरू लाखौंको सङ्ख्यामा छन् । उसलाई हाम्रो परिवार, हाम्रो समाज, हाम्रो व्यवस्था, हाम्रो कानुन र हाम्रो राज्य प्रणालीका प्रति उनको मनमा विद्रोह आयो भने के होला ? अशान्ति हुँदैन ? तिनले नागरिकता पायो भने राष्ट्र बलियो होला नि त ।

राष्ट्रियताको पनि सवाल उठेको छ । हरेक नेपाली नागरिकले राष्ट्रियताको बारेमा संवेदनशील हुनु । राष्ट्र बलियो होस् नेपाल र नेपाली सबै बलियो हुन सकियोस् भन्ने हामीले कामना गर्नु धारणा राख्नु त्यसलाई मैले सकारात्मकै लिएको छु माननीयज्यूहरू । तर ती नागरिकता नपाउने नेपाली नागरिकहरूको प्रताउनाले राष्ट्रलाई कमजोर बनाउँदैन ? लाखौंको सङ्ख्यामा छन् । राष्ट्रियता र राष्ट्र बलियो बनाउन पनि तिनीलाई नागरिकता दिनुपर्यो । तिनीले नागरिकता पायो भने नागरिकले जस्तो सहज जीवन बिताउला । उत्पादन वृद्धि गर्ला । गैरआवासीय नेपाली नागरिकताको सुप्रबन्ध गरेपछि संसारभरि छिरिएर रहेका नेपालीहरूले आफ्नो क्षमता, आफ्नो सिप, आफ्नो सम्पत्ति नेपालमा लगानी गर्ला । अब यो पनि माननीयज्यूले भनिसक्नुभो' नेपाली नागरिक विदेशमा बसे । एउटा परिस्थितिमा विदेशी नागरिक भए । अब नेपालमा भएको सम्पत्ति उनको अब बेदखल हुने भयो । सम्पत्ति तपाईंलाई हक भोग गर्न पाइएन । त्यसकारणले सम्पत्ति बेच्नुपर्यो । परिवारबाट आफ्नो नाममा नामसारी गर्न पाइएन । बाहिरैबाट बेच्नुपर्यो । त्यस्ता धेरै घटनाहरू सुनिएको छ । त्यसकारण कुनै पनि नेपालीले एकपटकको नेपाली सधैंको नेपाली भन्ने जुन एनआरएनको स्लोगन छ नारा छ । त्यसकारण एकपटकको नेपाली सधैंको नेपाली भैरहनुहोस् । जहाँ भए पनि जतिसुकै क्षमताशाली भए पनि जतिसुकै वाहाँहरूले उत्पादनशील भए तापनि नेपालमा पनि केही न केही उत्पादन गर्नुहोस् । रेमिट्यान्सको रूपमा मात्रै होइन । विदेशी लगानीको रूपमा पनि नेपालीमा ल्याउनुहोस् । नेपालमा खाता खोल्नुहोस् । विदेशी डलर नेपालको आफ्नो खाता राख्नुहोस् । उद्योग खोल्नुहोस् । प्यान कार्ड लिनुस् । कलकारखाना चलाउनुहोस् । अत्याधुनिक खेती गर्नुहोस् । अन्ग्यानिक खेती गर्नुहोस् । यसका लागि

गैरआवासीय नेपाली नागरिकहरूलाई नागरिकता दिने सुप्रबन्ध गरिएको हो । यसले त नेपालको राष्ट्रियता बलियै भएको छ । संसारभरि छरिएर रहनुभएका हाम्रा युवा नेपाली, नेपालीहरू नेपालसँग अझै प्रघाट रूपमा जोडिनुहुन्छ वाहाँहरू वाहाँहरूका सन्तति पनि नेपालसँग जोडिने छन् ।

त्यसकारणले नेपालको राष्ट्रियतालाई पनि बलियो पार्ने जनतालाई पनि बलियो पार्ने नागरिकता प्राप्त गर्ने नागरिकलाई पनि बलियो पार्ने उद्देश्यका साथै यो आएको छ । त्यसमा थप अरू केही कुराहरू सन्देशमा उठेको छ । त्यो विचारहरू पनि स्वागतयोग्य छन् । तर अतिपय विषयहरूलाई सम्बोधन गर्नका लागि संविधानै संशोधन गर्नुपर्यो । त्यसकारण नेपाल जस्तो सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारशिलामा उभिएको । लोकतान्त्रिक शासन व्यवस्थामा संविधान हामी सबैले मान्नुपर्ने हुन्छ । त्यो संविधानको आधारशिलामै ऐन बन्छ । ऐनको आधारशिलामा नियमावली बन्छ त्यसलाई हामीहरूले सरकारले लागु गर्ने हो जनताले पालना गर्ने हो । तर संविधान संशोधनको हकमा पनि हामीले सहमति ल्याएरै गर्ने हो । मैले योभन्दा अगाडि पनि भनेको छु । संविधान कुनै एउटा धार्मिक ग्रहन्थ होइन । गीता जस्तो, बाइबल जस्तो, कुरान जस्तो, यो बदल्दै बदलिन्नँ यो अकाट्या छ भन्ने होइन । यो संविधान त एउटा गतिशिल संविधान हो । अहिले सङ्घीय संसदमा दलहरूको बिचमा सांसदहरूको बिचमा सहमति जुट्यो भने संविधान संशोधनको प्रक्रियाअगाडि बढ्छ । विभिन्न विषयमा बढ्ला नागरिकताको विषयमा पनि होला । यही संविधानमा लेखिएको छ । २०७९ मा पदाधिकारीको नागरिकतासम्बन्धी विशेष व्यवस्था १. राष्ट्रपति २. उपराष्ट्रपति ३. प्रधानमन्त्री ४. प्रधानन्यायाधीश ५. प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, प्रदेश प्रमुख, मुख्य मन्त्री, प्रदेश सभाका सभामुख, सुरक्षा निकायका प्रमुखहरू, निर्वाचित, मानोनीत वा नियुक्त हुनुपर्यो भने वा वंशजको आधारमा भएका नागरिकताको आधारमै वाहाँहरूको नियुक्ति हुन्छ मनोनीत हुन्छ । अब यसमा अरू लिस्ट थप्नु छ भने पनि संशोधन गरिदिऊँ । सङ्घीय संसदका माननीयहरू पनि यसमा राख्नु छ भने यसमा संशोधन गयौं । राख्न सकिहालिन्छ नि अब यो संविधान संशोधनको कुरा छ कति । त्यस्तै संविधानको धारा ११ को उपधारा (६) नेपाली नागरिकसँग बिहे गरेको विदेशी महिलाले चाहेँमा नेपालको अङ्गीकृत लिन सक्ने छ भन्या ठाउँमा राख्नु के पर्यो भन्दाखेरि नेपाली नागरिकसँग बिहे गरेको विदेशी नागरिकले लिन चाहेमा नेपालको

नागरिकता लिने सक्ने छ भनेर राख्नुपर्यो । संविधान बदल्नुपर्यो हामीले त्यसका लागि आरोप प्रत्यारोप गरेर संविधान संशोधन हुँदैन नि त । खुल्ला रूपमा छलफल गर्नुपर्यो । यसको औचित्यको बारेमा छलफल गर्नुपर्यो । पार्टीभन्दा माथि नै उठ्नुपर्यो त्यसका लागि आरोप प्रत्यारोपले मात्रै सहमतिमा पुग्न सक्दैनौं । त्यसकारण म यही विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु । र अगि माननीयज्यूहरूले भन्नुभा'को कुरालाई म सम्मान गर्छु । सबै माननीयज्यूहरूले राख्नुभएको कुरालाई; खुल्ला रूपमा राख्नुभएको छ । वाहाँहरू सबैलाई अध्यक्षज्यू म सम्मान गर्न चाहन्छु ।

अब विधेयकको प्रमाणीकरणको सम्बन्धीमा संविधानमै व्यवस्था गर्या रैछ के । राष्ट्रिय सभामा प्रतिनिधि सभामा माननीयहरूको रूपमा हामीहरू आउछौं । यसमा मतान्तर हुन्छ । कतिपय कुराहरू सहमति होला । कतिपय नहोला भन्ने कुरा यो संविधान बनाउँदाका बखतै संविधान सभाका सदस्यहरू त्यतिखेरका सम्माननीय अध्यक्षज्यूलाई त्यो हक्का रहेछ क्यारे । यही लेख्दिनुभा' छ के । विधेयक प्रमाणीकरण ११३ अब सबै मैले पढिनँ (३) मा प्रमाणीकारणका लागि पेस भएको अर्थ विधेयकबाहेक अन्य विधेयकमा पुनर्विचार हुन आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा त्यस्तो विधेयक पेस भएको पन्ध्र दिनभित्र निजले सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउने छ । ११३ को (३) अन्तर्गत यो आयो । यो सकारात्मक छ । स्वागतयोग्य छ । सम्मान गर्नुपर्छ । त्यही (४) मा लेखदियो । ११३ को (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा; प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेस गरेमा त्यसरी पेसा भएको पन्ध्र दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने छ । अब अहिले हामीले गरियो के भन्दाखेरि त्यस्तो विधेयक प्रस्तुत रूपमा पास गर्ने प्रस्तावको रूपमा ल्यायौं । अब यो प्रस्ताव फेल भयो भने सम्माननीय राष्ट्रपतिजीकहाँ फेरि प्रमाणीकरणका जानुपरेन फेरि यो सदनभित्रकै सम्पत्ति भयो । फेरि प्रक्रिया जाने भयो । प्रस्तुत रूपमा गयो भने त सम्माननीय राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने भयो । यो संविधानकै व्यवस्था हो यो । त्यसले गर्दाखेरि त्यसकारण जुन प्रस्ताव आयो । जस्ताको त्यस्तै पास भयो भनेर चाहिने आरोप लगाउन पनि संवैधानिक हिसाबले उचित भएन । राजनीतिक हिसाबले चैं ठिक हो । तर यो संवैधानिक हिसाबले त उचित भएन नि । र फेरि यो हामीले संशोधन नै गर्दैनौं भनेर भन्नु पनि त्यो पनि उचित

होइन । तर अहिले, सम्माननीय अध्यक्षज्यू, अहिले के भयो भनेदेखि यो विधेयक पास नभएको कारणले ०६३ को नागरिकता ऐन संशोधित नभएको कारणले लाखौं नागरिकहरूले अनागरिकको जीवन बिताउनुपर्या छ । कम्तीमा उनीहरूलाई त मुक्त गरिदिऊँ । उनीहरूलाई त नागरिकता प्रमाणपत्र दिऊँ । जो नागरिकता प्राप्त गर्ने हक राख्छन् । जुन संविधानको प्रतिबद्धता छ । कुनै पनि नेपाली नागरिकलाई नागरिकताको हकबाट वञ्चित गरिने छैन भनेर सबभन्दामाथि लेखिएको छ । त्यसकारणले यो प्रतिबद्धतालाई पूरा गर्नका लागि सरकारले यो विधेयक ल्याएको हो । त्यसकारणले म राष्ट्रिय सभाका सबै माननीय सदस्यहरूलाई एकदम सहजतापूर्वक लिइदिनका लागि सम्माननीय राष्ट्रिय सभा अध्यक्षज्यूमार्फत सबै माननीयज्यूहरूलाई आग्रह गर्न चाहन्छु । र माननीयज्यूहरूले राखुभएको मत महत्त्वपूर्ण छ; विचारणीय छ । त्यसकारणले म वाहाँहरू सबैलाई सम्मान गर्छु । तथापि यसलाई धेरै विलम्ब गर्ने सक्ने अवस्था रहेन । त्यसकारणले यसलाई सहजतापूर्वकै अगाडि बढाऊँ भन्ने म आग्रह गर्दछु । धन्यवाद । जय नेपाल ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्ध विधायन व्यवस्थापन समितिको प्रतिवेदनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन बहुमतले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यरहरू, अब म विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू बहुमतले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>**प्रस्तावना**</u>ः नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१.	**सङ्क्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक प्रस्तुत रूपमा पुनः पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता पहिलो संशोधन विधेयक प्रस्तुत रूपमा विधेयक,

२०७९ प्रस्तुत रूपमा पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिता पहिलो संशोधन विधेयक, २०७९ प्रस्तुत रूपमा पुनः पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

-"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ प्रस्तुत रूपमा पुनः पारित गरियोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ९ मिनेटपछि पुनः बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै ९ मिनेटपछि पुनः बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १८:५४ बजे ।**